सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

• वर्ष १३ • अंक ९ • काठमाडौं, शुक्रबार, असार २९, २०६४ • SAPTAHIK • Nepali National Weekly • F ly 13, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-

मध्यपृष्ठमा **निरुता**

साइबर गर्ल
सुनिता

ध्यान एसएलसीपछिको शिक्षामा

• विदुर खतिवडा

काठमाडौं– एसएलसीको इतिहासमै सबैभन्दा धेरै विद्यार्थी उत्तीर्ण भएकाले एकातर्फ उत्तीर्ण विद्यार्थीहरूको ठूलो संख्या यतिखेर उच्च शिक्षा हासिल गर्न आफ्नो योजनामा जुटिसकेको छ भने अर्कातर्फ विद्यार्थीहरूलाई आकर्षित गर्न कलेजहरूले विभिन्न माध्यममार्फत आफ्नो प्रचार-प्रसार गरिरहेका छन् ।

लगभग सबै विद्यार्थीले एसएलसीसम्मको अध्ययन एकै प्रकारको पाठ्यक्रममा गरे पनि एसएलसीपछि आफ्नो रोजाइको संकायअन्तर्गत अध्ययन गर्न पाउँछन् । यसबेलामा विद्यार्थीले जुन संकायमा रोज्छ, उसको क्यारियर पनि लगभग त्यही क्षेत्रसँग जोडिन्छ । एसएलसी उत्तीर्ण भएपछि विज्ञान संकाय रोज्ने विद्यार्थीले प्लस टु वा प्रमाणपत्र तह उत्तीर्णपछि अन्य संकायमा गएर अध्ययन गर्ने अवसर पाए पनि व्यवस्थापन, मानविकी तथा शिक्षा संकाय अध्ययन गर्नेले विज्ञान संकाय जान पाउँदैनन् । त्यस्तै व्यवस्थापन संकाय अध्ययन गर्ने विद्यार्थीले स्नातक तहमा मानविकी संकायमा जान पाउने भए पनि मानविकी संकायको विद्यार्थीले व्यवस्थापनमा जान गाह्रो हुन्छ । यो दृष्टान्तले पनि विद्यार्थीले कुन विषय रोज्ने भन्ने निर्णय अहिले नै गर्नुपर्ने हुन्छ ।

एसएलसी परिणाम नआउँदै राजधानीका केही कलेजले कतिपय विद्यार्थीलाई एड्भान्स कोर्सको नाममा भर्ना लिइसकेका छन् । विद्यार्थीले यो समयमा कुनै एक कलेजमा मात्र सीमित भएर जानकारी लिनुभन्दा उच्च शिक्षाका लागि आफ्ना लागि उपयुक्त विषय छनौटमा विविधता अपनाउन सक्नुपर्छ । त्यस्तै कलेजकै प्रश्नमा पनि यो समय जतिसक्दो धेरै कलेजका बारेमा जानकारी लिन सक्नुपर्छ । प्रचारका दृष्टिकोणले सफल मानिएका कलेजहरूमात्र उत्कृष्ट कलेज हुन् भन्ने कुरा विद्यार्थीले बुझ्न सक्नुपर्छ ।

एसएलसी उत्तीर्ण भएपछि केही साता विद्यार्थीहरू कुन विषयमा उच्च शिक्षा हासिल गर्ने भनेर अलमल्लिरहेका हुन्छन् । गत वर्षको एसएलसीमा प्रथम श्रेणीमा उत्तीर्ण मनोज थापाका अनुसार कलेज छनौटका क्रममा उनले एक दर्जन कलेज चहारेका थिए । यसक्रममा उनले विज्ञान तथा व्यवस्थापन संकायमध्ये आफ्ना लागि कुन उपयुक्त हुन्छ भन्ने कुरा बुझ्न पाए । मेरो आर्थिक स्थिति पनि त्यति सुदृढ थिएन, थापा भन्छन्– 'त्यसकारण विज्ञान संकायभन्दा तुलनात्मक रूपमा व्यवस्थापनमा खर्च कम हुने र मेरो क्षमता पनि व्यवस्थापन संकायमा राम्रो हुनसक्छ भन्ने थाहा पाएपछि

बाँकी पृष्ठ ३ मा

परिषद्को नजरमा उत्कृष्ट उ.मा.वि.

उच्च माध्यमिक शिक्षा परिषद्ले वि.सं. २०६३ सालमा उत्कृष्ट ठहरिएका सामुदायिक र निजी तथा संस्थागत उच्च माध्यमिक विद्यालयहरूको नाम छुट्टाछुट्टै सार्वजनिक गरेको छ । जसअन्तर्गत कक्षा ११ र १२ मा समष्टिगत रूपमा उत्कृष्ट नतिजा ल्याउने उच्च माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गरिन्छ । औसत विद्यार्थी संख्या, औसत नतिजा प्रतिशतलगायत विभिन्न आधार बनाएर उत्कृष्ट छनौट गरिने कुरा परिषद्ले बताउँदै आएको छ । परिषद्का अनुसार सामुदायिक विद्यालयलाई नगद तथा शिल्ड र निजी तथा संस्थागत विद्यालयलाई शिल्ड मात्र प्रदान गरिन्छ । सामुदायिक विद्यालयलाई दिइने नगद पुरस्कारमा राष्ट्रिय पुरस्कारको रकम १ लाख २५ हजार रुपैयाँ तथा क्षेत्रीय पुरस्कारको रकम ७५ हजार रुपैयाँ छ ।

निजी तथा संस्थागत उच्च माध्यमिक विद्यालय

राष्ट्रिय पुरस्कार	प्रसादी एकेडेमी, ललितपुर
पूर्वाञ्चल क्षेत्रीय पुरस्कार	मेरिल्यान्ड उ. मा. वि., विराटनगर
मध्यमाञ्चल क्षेत्रीय पुरस्कार	नेसनल स्कुल अफ साइन्सेस, काठमाडौं
पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार	तिलोत्तमा उ. मा.वि., बुटवल
मध्य-पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार	जय बागेश्वरी उ. मा. वि., नेपालगञ्ज
सुदूर-पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार	सुदूर-पश्चिमाञ्चल उ.मा. वि., कैलाली

सामुदायिक उच्च माध्यमिक विद्यालय

राष्ट्रिय पुरस्कार	अमरसिंह उ. मा. वि., पोखरा
पूर्वाञ्चल क्षेत्रीय पुरस्कार	सर्वोदय उ. मा. वि., कञ्चनपुर, सप्तरी
मध्यमाञ्चल क्षेत्रीय पुरस्कार	वागेश्वरी उ. मा. वि., भक्तपुर
पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार	पूर्णामृत भवानी उ. मा. वि., स्याङ्जा
मध्य-पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार	शिवजन उ. मा. वि., सितलपाटी, सल्यान
सुदूर-पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार	जनप्रिय उ. मा. वि., वगड गाउँ, बझाङ

मदन भण्डारी मेमोरियल कलेज, रातोपुल

प्लस टुअन्तर्गत चारवटै संकायमा अध्यापन हुने मदन भण्डारी मेमोरियल कलेज नाफारहित कलेज हो । न्यून शुल्क, कडा अनुशासन, विद्यार्थीको सर्वाङ्गीण विकासमा ध्यान, गुणस्तरीय अध्यापन शैली विशेषता बोकेको यो कलेजले १० प्रतिशतभन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ । 'हामी प्रचारमा भन्दा पनि कम शुल्कमा राम्रो शिक्षा दिने कुरामा सचेत छौं,' कलेजका प्रिन्सिपल चैतन्य शर्मा भन्छन्- अधिराज्यभरका विद्यार्थी हाम्रो कलेजमा अध्ययनरत छन्, त्यसमा पनि ८० प्रतिशतको हाराहारीमा शैक्षिक परिणाम आउँछ । दक्ष तथा अनुभवी प्राध्यापकहरूले अध्यापन गराउने यो कलेजले विद्यार्थीका लागि आवश्यक भौतिक संरचनामा विशेष ध्यान दिएको शर्माले बताए ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	८०	११००
व्यवस्थापन	२४०	७००
मानविकी	९०	५००
शिक्षा	४५	५००

रेडहन कलेज, सामाखुसी

सामाखुसीस्थित रेडहन कलेजमा प्राथमिक तहदेखि स्नातक तहसम्म अध्यापन हुन्छ । सन् २००० मा स्थापित यो कलेजले गुणस्तरीय जीवनका लागि गुणस्तरीय शिक्षा भन्ने नारा तय गरेको छ । कलेजले अध्ययनका लागि आवश्यक पर्ने उच्च शैक्षिक तथा भौतिक वातावरणमा विशेष ध्यान पुऱ्याएको यसका प्रबन्ध निर्देशक बुद्धि पुडासैनीले बताए । 'विद्यार्थीलाई अनुशासनमा राखेर क्यारियर काउन्सिलिङको व्यवस्था गरिएको छ ।' कलेजको विशेषता बताउँदै पुडासैनीले भने- 'दक्ष तथा अनुभवी प्राध्यापकहरूको समूहमार्फत अध्यापन गराइन्छ । उपत्यकाबाहिरका विद्यार्थीको बाहुल्यता रहेको यो कलेजले औसत शुल्क निर्धारण गरेको छ । स्तरीय शिक्षा प्रदान गरेकै कारण यहाँबाट उत्तीर्ण अधिकांश विद्यार्थीले वैदेशिक अध्ययनमा अवसर पाएको पुडासैनीको कथन छ ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	१५०	१५००
व्यवस्थापन	८०	१३००
मानविकी	३०	८००

इन्टेन्सिभ इन्टरनेसनल कलेज, टेकु

सन् १९८८ मा विद्यालयका रूपमा स्थापना भएको इन्टेन्सिभ इन्टरनेसनल कलेज टेकुले सन् २००१ देखि प्लस टु कक्षा सञ्चालन गरेको थियो । पारिवारिक शैक्षिक वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको यो कलेजले अनुशासनलाई विशेष महत्त्व दिएको छ । कलेजले प्लस टु का अतिरिक्त त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीए तथा बीबीएस कक्षा पनि सञ्चालन गरेको छ । प्रत्येक विद्यार्थीलाई निगरानी राखिने यो कलेजले अभिभावकसँग पनि नियमित सम्पर्क गरिरहेको हुन्छ । कलेजका प्रिन्सिपल ध्रुव सुवेदी भन्छन्- 'हामी शतप्रतिशत शैक्षिक परिणाम ल्याउन केन्द्रित छौं ।' कलेजमा शैक्षिक योग्यता हासिल गरिसकेका विद्यार्थीले बाहिर गएर बेरोजगार बस्न नपरोस् भनेर व्यावहारिक तालिम पनि सञ्चालन गरिएको सुवेदीले बताए । कलेजले थुप्रै विषयमा छात्रवृत्तिको समेत व्यवस्था गरेको छ ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	८०	१६००
व्यवस्थापन	२००	१२००
मानविकी	४०	११००

रंगमञ्च

- चितवनमा गत साता 'जनआवाज' शीर्षकको राजनैतिक नाटक मञ्चन भयो । नाटकले नारी वेदना तथा सामन्ति संस्कारलाई विषय बनाएको थियो । नाटकमा तर्साउने भूतका रूपमा अमेरिका तथा भारतलाई विम्ब बनाइएको थियो । नाटकमा राजा ज्ञानेन्द्रलाई पहेंलो भेषमा प्रस्तुत गरिएको थियो । नाटकले लोकतन्त्र सुदृढ बनाउन युवाहरू एकजुट हुनुपर्ने आवश्यकता औंल्याएको छ ।

– विश्व जनसंख्या दिवसका अवसरमा उत्यकाका केही सरकारी विद्यालयले प्रङ्गाप नाटक गरे । विद्यालयको प्राङ्गणमा प्रदर्शन गरिएकाले यसलाई प्राङ्गण नाटक भनिएको किशोर नाटककार रविन श्रेष्ठले बताए । नाटकले नेपालमा जनसंख्या बढ्नुमा जनचेतनाको अभाव भएको सन्देश दिएको छ ।

ग्यालरी

दोलखालाई कार्यक्षेत्र बनाएका फोटोपत्रकारहरूले गत साता 'जनआन्दोलनमा दोलखा' तस्बिर-संग्रह सार्वजनिक गरे । नेपाल पर्यटन बोर्डमा सम्पन्न उक्त प्रदर्शनमा जनआन्दोलन-२ मा दोलखावासीले गरेका आन्दोलनको झलक देख्न पाइन्थ्यो ।

विश्व संरक्षण संघको सहयोगमा नेपालका नयाँ तथा पुराना ११ जना कलाकारले नेपालका सम्पदासम्बन्धी चित्र तयार गरेका छन् । ती चित्र नेपाल कला परिषद्मा प्रदर्शित छन् । शशी शाह, वीरेन्द्रप्रताप साह, ज्ञानमणि राय, राजेन्द्र केसी, चन्दा श्रेष्ठ, इरिना ताम्राकार तथा चितवनका कृष्ण तिवारीसहितका कलाकारले कोरेका हुन् । त्यसैगरी प्राकृतिक चित्र निर्माण गर्नेमा आशा डंगोल, सुदर्शन राणा, सुनिना राणा तथा सुनील रञ्जितले पनि अर्धमूर्त शैलीमा प्राकृतिक चित्र कोरेका छन् ।

पोखरेली सांस्कृतिक परिवारले पोखरामा दुई फरक धारका चित्रकला प्रदर्शन गऱ्यो । प्रदर्शनीमा पोखराका २१ चित्रकारका चित्र प्रदर्शन गरिएका थिए । उक्त प्रदर्शनीमा दुर्गा बराल, बात्सायनदेखि क्षेत्रलाल कायस्थसम्मका चित्रकला राखिएका थिए । प्रदर्शनीमा एक्रोलिक, तेल तथा पानीरंगका चित्र थिए भने विषयवस्तुका आधारमा राजनीति तथा प्राकृतिक, प्रस्तुतिका हिसाबले अमूर्त तथा यथार्थवादी थिए ।

तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी

मेष

साताको सुरुमा पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । सोच्ने शक्ति बढ्नेछ । अध्ययनमा पनि सफलता मिल्नेछ । धन आर्जन हुनसक्छ । आइतबारदेखि घरेलु समस्याले सताउने, गलत विचार बढ्ने, स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने देखिन्छ । आफन्त बनेर धोका दिनेहरू सक्रिय हुनेछन् ।

वृष

ग्रहस्थिति त्यति राम्रो छैन । विनाकारण बढ्ने विवादले काममा अवरोध आउला । घरेलु समस्याले सताउनेछ । धनमाल पनि हराउन सक्छ । कुरा काटनेहरू सक्रिय हुनेछन् । आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । यात्रा तथा व्यवसायमा हासिल हुने सफलता कायमै रहनेछ ।

मिथुन

बोल्दा होस पुऱ्याउनुहोला । सुरुमा मान-सम्मान मिल्नेछ भने भोज-भतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । सोच्ने शक्ति बढ्नेछ । अध्ययनमा हासिल हुने सफलता कायमै रहनेछ । आइतबार तथा सोमबार विवाद, चिन्ता एवं शत्रु बढ्नेछन् । धन नाश हुनसक्छ ।

कर्कट

साता त्यति अनुकूल देखिँदैन । सुरुमा खर्च एवं विवाद बढ्नेछ । काममा बाधा-अड्चन खडा हुनसक्छ । आलस्यता बढ्नेछ । काममा तगारो लगाउनेहरू सक्रिय रहनेछन् । सोमबार तथा मंगलबार मानसम्मान एवं काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ । बोलीको प्रभाव बढ्नेछ । बौद्धिक कार्यमा सफलता प्राप्त हुनेछ ।

सिंह

केही अप्ठ्यारो परिस्थितिको सामना गर्नुपरे पनि समय बलियो छ । सुरुमा बौद्धिकता बढ्ने, काममा सफलता मिल्ने तथा धन आर्जन हुने योग छ । सजिलै अरूको मन जित्न सकिनेछ । भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ । सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ । अरूको भर गर्नु उचित हुँदैन ।

कन्या

सुरुमा मान-सम्मान मिल्नेछ । अरूले विश्वास पनि गर्नेछन् । पराक्रम बढ्ने क्रम यथावत् रहनेछ । धन आर्जन पनि हुनसक्छ । व्यवसाय एवं सोच्ने शक्ति बढ्ने क्रम यथावत रहनेछ । ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन् । मंगलबारदेखि खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ ।

तुला

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ । काममा अवरोध आउनाले मनोबल घटनेछ । घरेलु समस्याले सताउन सक्छ । सोमबारदेखि मान-सम्मान मिल्ने, काममा सुधार आउने, बौद्धिकता बढ्ने तथा धन आर्जन हुने योग छ । बोलीको प्रभाव बढ्ने क्रम यथावत रहनेछ । आफ्नै प्रयासले काममा सफलता हासिल हुनसक्छ ।

वृश्चिक

स्वास्थ्य कमजोर रहनेछ । काममा उत्साह देखिँदैन । मन पनि दुःखी होला । अरूबाट आलोचना पनि हुनसक्छ । आफन्तहरूले धोका दिन सक्छन् । नैराश्यता एवं उदासीनता बढ्नेछ । काममा तगारो लगाउनेहरू सक्रिय रहनेछन् । मंगलबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने तथा प्रसन्नता बढ्ने योग छ ।

धनु

साताको आरम्भ अनुकूल रहे पनि उत्तरार्द्धमा समस्या देखा पर्न सक्छ । सुरुमा व्यवसाय बढ्ने, यात्रा हुने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ । सोमबारदेखि स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउने योग छ । कुरा काट्नेहरूका साथै चिन्ता पनि बढ्नेछ । समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ ।

मकर

परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रमको तीव्रता कायमै रहनेछ । यात्रा हुनसक्छ । भेटघाटमा आफ्नो दुःख साट्ने अवसर मिल्नेछ । व्यवसायमा सोचेजस्तै सफलता पाइनेछ । मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ ।

कुम्भ

सुरुमा गलत विचार बढ्नेछ । बेलामा बुद्धिले काम नगर्दा हात परेको काम पनि फुत्कन सक्छ । अरूबाट हुने आलोचनाका कारण मनोबल घट्न सक्छ । आइतबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने, धन आर्जन हुने, व्यवसाय एवं पराक्रम बढ्ने तथा यात्रा हुने योग छ । अधुरा काम बन्ने तथा नयाँ काम पाइने कुरालाई नकार्न सकिँदैन ।

मीन

सुरुमा घरेलु समस्याले सताउनेछ । आफन्तहरूले धोका दिन सक्छन् । गलत विचार एवं शत्रु बढ्नेछन् समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ । स्वास्थ्य गडबड रहनेछ । मंगलबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नेछ । धन आर्जन हुने योग छ । भाग्यले पनि साथ दिनेछ ।

यो साताको पञ्चाङ्ग

असार २९ गते : भानुजयन्ती, ३० गते : औंशी, साउन १ गते : साउने संक्रान्ति, खीर खाने दिन

ध्यान एसएलसीपछिको शिक्षामा

पृष्ठ १ बाट जारी

त्यही विषयमा अध्ययन गर्न थाले ।' थापाका अनुसार अहिले व्यवस्थापन संकायमा रोजगारीका अवसर त्यत्तिकै उपलब्ध छन् ।

एसएलसी उत्तीर्ण भएकाहरू कुनै विषयमा भर्ना नहुन्जेल कहाँ-के अध्ययन गर्ने भनेर अन्यौलमा हुन्छन् । शैक्षिक परामर्शदाता संस्था नेशनल इन्स्टिच्युट अफ साइकोलोजीकी प्रमुख गंगा पाठक भन्छिन्- 'अन्यौल बढाउनमा सामाजिक प्रतिष्ठा, परिवारको अनावश्यक दबाब तथा सम्बन्धित विषयमा स्पष्ट जानकारी नहुनुजस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।' यसै कारण एसएलसीसम्म राम्रो भनिएका विद्यार्थी उच्च शिक्षामा कमजोर सावित हुन पुग्छन् भने त्यस्तै कमजोर विद्यार्थीले उच्च शिक्षामा सरल विषय लिएर राम्रो गर्न सक्छन् ।

विशिष्ट श्रेणी वा प्रथम श्रेणी मात्र होइन, दोस्रो श्रेणीमा उत्तीर्ण विद्यार्थी पनि विज्ञान संकायमा अध्ययन गर्ने अभिलाषा राख्छन् । परिवारको दबाब पनि विद्यार्थीले राम्रो विषयमा अध्ययन गरोस् भन्ने हुन्छ, जेभियर इन्टरनेसनल कलेजका प्राचार्य लोक भण्डारी भन्छन्- जसका कारण उनीहरू आफ्नो सामर्थ्य नहुँदा-नहुँदै विज्ञान संकायमा अध्ययन गर्ने भएर वर्षौं अल्झिरहेका हुन्छन् । यसो गर्नुको सट्टा उनीहरूले आफ्नो सामर्थ्य तथा रुचि भएको विषयमा जानु उपयुक्त हुन्छ ।

पछिल्ला वर्षहरूमा विशिष्ट श्रेणी तथा राम्रो अंक ल्याएर प्रथम श्रेणीमा उत्तीर्ण भएका विद्यार्थीहरू ए लेभलको पाठ्यक्रमप्रति आकर्षित भैरहेको पाइन्छ । ए लेभल बेलायतस्थित क्याम्ब्रिज विश्वविद्यालयको पाठ्यक्रम भएकाले अन्तराष्ट्रिय स्तर मान्यता प्राप्त पाठ्यक्रम हो । त्यसैले पनि धेरै विद्यार्थी ए लेभल अध्ययन गरे सीधै क्यारियर विकास हुन्छ भन्ने भ्रममा हुन्छन् । ए लेभलको पाठ्यक्रममा विद्यार्थीले आफूले रोजेको विषयमा राम्रो अंक नआउन्जेल परीक्षा दिइरहन पाउँछन् । 'राम्रो अंक नआएको भनेर ए लेभलको दुईवर्षे पाठ्यक्रममा वर्षौं अल्झिरहेका विद्यार्थी पनि छन्,' काठमाडौं भ्याली उच्च माध्यमिक विद्यालयकी प्राचार्य बबिता लाभ भन्छिन्- 'नियमित समयमा यो पाठ्यक्रममा राम्रो गर्न सक्छु भन्ने विद्यार्थीले मात्र ए लेभल अध्ययन गर्नु राम्रो हुन्छ । विद्यार्थीको अंग्रेजी बेस राम्रो छैन भने ए लेभलको अध्ययन आफैंमा गाह्रो हुन्छ ।' ए लेभलको अध्ययन खर्चिलो पनि छ । त्यतिमात्र होइन, ए लेभल सकेपछि वैदेशिक अध्ययनमा जान पनि त्यत्तिकै खर्च लाग्छ । एसएलसीमा राम्रो अंक ल्याएका विद्यार्थीलाई कलेजले विशेष छुट दिएर ए लेभल अध्ययन गर्ने अवसर दिए पनि उसले वैदेशिक अध्ययनमा छात्रवृत्ति पाउन सकेन भने फेरि स्वदेशमै उच्च शिक्षा हासिल गर्नुको विकल्प हुँदैन । ए लेभल पछिको वैदेशिक अध्ययनमा थोरैले मात्र पूर्ण छात्रवृत्ति पाउँछन् । जेभियरका प्राचार्य भण्डारी भन्छन- ए लेभल राम्रो पाठ्यक्रम भए पनि विद्यार्थीले विस्तृत जानकारी नलिई अध्ययन थाल्नु हुँदैन् । ए लेभल पाठ्यक्रमप्रति पछि वितृष्णा जाग्नुभन्दा प्रारम्भमै कलेजले पनि यस विषयमा परामर्श उपलब्ध गराउनुपर्छ ।

गुणस्तरीय अध्यापन गराउने कलेज हरेक दृष्टिकोणले सक्षम हुन्छ । कस्तो कलेज छनौट गर्ने ? (हेर्नुहोस् बक्स) । विद्यार्थीले सबै हिसाबले आफ्ना लागि उपयुक्त मानेको कलेजमा मात्र भर्ना हुन जानुपर्छ । एसएलसीपछि प्लस टुमा राम्रो अंक ल्याउन सक्ने विद्यार्थीले पनि उच्च शिक्षाको क्रममा राम्रो अवसर पाउँछन् । संकायगत अध्ययनमा प्लस टुको पाठ्यक्रम अरूभन्दा राम्रो मानिन्छ । त्यस्तै परम्परागत प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रम पुरानै ढर्राको भए पनि विद्यार्थीले मेहनत गरे यसमा राम्रो गर्न सक्छन् ।

संकायगत रूपमा हेर्दा अहिलेको समयमा व्यवस्थापन र मानविकी संकाय पनि रोजगारीका दृष्टिले सवल भैसकेका छन् । व्यावसायिक क्षेत्रमा व्यवस्थापन संकाय अध्ययन गरेको जनशक्तिको आवश्यकता हुन्छ भने अध्ययनमूलक धेरै क्षेत्रमा मानविकीका जनशक्ति उपयोगमा आइरहेका हुन्छन् । यसकारण व्यवस्थापन र मानविकी संकायलाई तल्लो स्तर मान्नुपर्ने अवस्था छैन ।

विद्यार्थीले विषय तथा कलेज छनौट गर्न गाह्रो भैरहेको अवस्था छ भने आफूभन्दा अग्रज, परामर्शदाता संस्थासँग सरसल्लाह गर्न सक्छन् । त्यस्तै राजधानीका केही कलेजले आफ्नै पहलमा शैक्षिक-परामर्शसमेत उपलब्ध गराउँदै आएका छन् । यद्यपि कलेजले संचालन गरेको परामर्श केन्द्रमा भने आफ्नै कलेजको बढी व्याख्या गरिने भएकाले विद्यार्थीले सजगता भने अपनाउनुपर्छ ।

कस्तो कलेज छनौट गर्ने ?

- सुगम स्थलको कलेज छनौट गर्ने, जसले गर्दा समयको बचत होस् ।
- कलेजको वातावरण शान्त हुनुपर्छ, भौतिक रूपमा साँघुरो तथा अति व्यस्त हुने सडकछेउका कलेजमा अध्ययन गर्दा विद्यार्थीलाई असजिलो महसुस हुनसक्छ ।
- आफू अध्ययन गर्ने कलेजको उत्तीर्णाङ्क दर हेरेर पनि कलेजको अध्यापनको स्तरीयता आँक्न सकिन्छ ।
- राम्रो कलेजले विद्यार्थीलाई ध्यानमा राखेर भौतिक संरचना विकासमा त्यत्तिकै ध्यान दिएका हुन्छन्, त्यो बुझ्न सक्नुपर्छ ।
- आफन्त एवं परिवारले चिनेको मानिसले भनेको भन्दैमा कलेजको जानकारी नै नलिई भर्ना हुनुहुँदैन ।
- आफूलाई रुचिकर विषयमा अध्यापन हुने कलेजहरूको शैक्षिक कार्यक्रमका सम्बन्धमा पर्याप्त जानकारी लिनुपर्छ ।
- साथीभाइ कहाँ अध्ययन गर्छन् भन्नेभन्दा पनि स्तरीय अध्यापन कहाँ हुन्छ,बुझ्नुपर्छ ।
- कलेजमा अध्यापन गराउने शैलीका बारेमा प्रारम्भिक कक्षा लिएर अनुमान गर्नुपर्छ ।
- कलेजमा अध्यापन गराउने शिक्षकका बारेमा जानकारी लिनुपर्छ ।
- कुनै पनि प्लस टु कलेजका सम्बन्धमा बुझ्नु छ भने, त्यहाँ अध्ययनरत वा अध्ययन पूरा गरिसकेका विद्यार्थीहरू राम्रो माध्यम हुनसक्छन् ।

उत्कृष्ट दस, प्लस टु कलेज (प्रतिशतमा)

कलेज	कक्षा ११	कक्षा १२	औसत
गण्डकी उमावि, पोखरा	१००	१००	१००
प्रसादी एकेडेमी, ललितपुर	९८.३८	९९.४३	९८.९०
काठमाडौं मोडल उमावि, काठमाडौं	९५.४९	९८.५९	९७.०४
लिट्ल एन्जेल्स उमावि, ललितपुर	९४.१८	९९.४७	९६.८२
सेन्टमेरिज उमावि, ललितपुर	९१.००	९७.९८	९४.४९
सगरमाथा उमावि, पोखरा	८७.९०	९९.१४	९३.५२
युनाइटेड एकेडेमी, ललितपुर	९२.१८	९४.०३	९३.१०
नेसनल स्कुल अफ साइन्सेज, काठमाडौं	९१.६१	९४.०७	९२.८४
सिद्धार्थ अंग्रेजी उमावि, बनेपा	९१.०१	९४.१२	९२.५६
भिएस निकेतन उमावि, काठमाडौं	८७.०५	९५.१५	९१.१०

उत्कृष्ट कलेज, छनौटको आधार

एसएलसीमा उत्तीर्ण भएका विद्यार्थीहरूलाई उत्कृष्ट कलेज छनौट गर्न सहज होस् भनेर साप्ताहिकले प्रत्येक वर्ष कलेजहरूको र्‍याङकिङ गर्दै आएको छ । उच्च माध्यमिक शिक्षा परिषद्ले सञ्चालन गरेको प्लस टु कार्यक्रम चलाइरहेका कलेजहरूमध्ये अघिल्लो वर्षको परीक्षामा आफूलाई अब्बल सावित गरेका कलेजहरूको विवरण हामीले जस्ताको तस्तै प्रस्तुत गरेका छौं । परिषद्ले उपलब्ध गराएको तथ्याङ्क तथा सम्प्रेषण बुलेटिनको आधारमा यो र्‍याङ्किङ तयार गरिएको हो । प्रतिशतका आधारमा वि.सं. २०६२ सालको कक्षा ११ तथा वि.सं. २०६३ सालको कक्षा १२ को परीक्षामा आफूलाई अब्बल ठहर्‍याएका कलेज यो लिस्टमा पर्न सफल भएका छन्, तर यो एक वर्षको परीक्षाफलकै आधारमा यिनै कलेज मात्रै सबै दृष्टिकोणले उपयुक्त छन् भन्ने पनि होइन । उत्कृष्ट १० को र्‍याङ्किङ गर्दा थोरै प्रतिशतको अन्तरले गर्दा बाहिरिएका कलेजहरू पनि उत्तिकै छन् ।

र्‍याङ्किङका लागि न्यूनतम् कति विद्यार्थी भएको कलेज लिने ? परिषद् तथा परिषद्बाहिरका विज्ञहरूसँग राखिएको यो जिज्ञासाको चित्तबुझ्दो आधार पाउन सकिएन । थोरै विद्यार्थीमा राम्रो गर्नेभन्दा पनि धेरैमा राम्रो गर्नेहरूलाई प्राथमिकता दिनुपर्छ भन्ने ठहरका आधारमा थोरैमा उत्कृष्ट परिणाम ल्याएका नामग्याल उ.मा.वि., एस.ओ.एस. काठमाडौं, पोखरा, बूढानिलकण्ठ, वीरेन्द्र सैनिक र दीपेन्द्र प्रहरी उ.मा.वि. यो छनौटमा परेनन् । त्यस्तै हाम्रो छनौटमा विराटनगरको कलेज अफ बिजनेस एन्ड सोसल स्टडिज (कोबास) सूचीको एघारौं नम्बरमा परेको थियो । पछिल्ला वर्षमा मोफसलका कलेजहरूले गरेको प्रगतिलाई हेरेर हामीले मोफसललाई विशेष ध्यान दिएका थियौं । यसको उदाहरण यस वर्षको र्‍याङ्किङमा पहिलो नम्बरमा आउन सफल गण्डकी उ.मा.वि. पोखरामा छ । ७२ जना परिक्षार्थीमा दुवै वर्ष शतप्रतिशत उत्तीर्ण गराउन सफल भएकाले गण्डकी सर्वोत्कृष्ट कलेजको सूचीमा परेको हो भने राजधानीभित्र प्रसादी एकेडेमी यस पटक पनि उत्कृष्टताको सूचीको नम्बर दुईमा छ, जहाँ ३ सय ७० जना विद्यार्थी छन् ।

सम्पादकीय

एसएलसीको परिणाम

यो वर्ष प्रवेशिका परीक्षा (एसएलसी) को नतिजाले धेरै मानिसमा उत्साह देखिएको छ। रोजगारको ठूलो बजार भएको मुलुकमा एसएलसी वा सोसरहको परीक्षाको परिणामले निकै ठूलो महत्त्व राख्छ, तर हाम्रो जस्तो सानो रोजगार बजार भएको तथा अधिकांश युवा रोजगारीका लागि विदेश पुग्नुपर्ने बाध्यता रहेको अहिलेको अवस्थामा एसएलसीको अहिलेको परिणामले हाम्रा योजनाविद्हरूलाई झस्काएको हुनुपर्छ। पछिल्लो एक दशकमा मुलुकले अवलम्बन गरेको उदार आर्थिक नीतिको परिणाामस्वरूप अहिले मुलुकमा निजी क्षेत्रले शिक्षामा व्यापक लगानी गरेको छ। यस्तो लगानी प्राथमिक शिक्षादेखि उच्च शिक्षासम्म समान रूपमा वितरित भएको छ। यस्तो लगानीको परिणामस्वरूप अहिले मुलुकको ग्रामीणदेखि सहरी क्षेत्रसम्म निजी शैक्षिक प्रतिष्ठानहरूले पर्याप्त अवसर सिर्जना गरेका छन्। सम्भवतः यिनै अवसरहरूले एसएलसीको परिणामलाई पनि प्रभावित गरेको हुनसक्छ।

तथ्यांकअनुसार यो वर्ष नियमिततर्फ ५८ दशमलव ६४ प्रतिशत तथा एक्जाम्टेडतर्फ ३१ दशमलव ५३ प्रतिशत विद्यार्थीले एसएलसी परीक्षा उत्तीर्ण गरेका छन्। संख्याका हिसाबले हेर्दा यो वर्ष नियमिततर्फ १ लाख ६० हजार ८ सय २ तथा एक्जाम्टेडतर्फ ३३ हजार ९ जना विद्यार्थी उत्तीर्ण भएका छन्। विद्यार्थीहरूको यो सफलताले अहिले मुलुकको शैक्षिक क्षेत्रमा जुन उत्साह देखिएको छ, त्यस्तो उत्साह रोजगार बजारमा पनि छ भन्ने आधार छैन। विगत डेढ दशकदेखि मुलुकमा व्याप्त राजनैतिक अस्थिरता र माओवादी जनयुद्धका कारण मुलुकको आर्थिक तथा सामाजिक स्थितिमा गम्भीर असर परेको छ। त्यस्तो असरबाट उकासिन हामीले अझै ठूला-ठूला चुनौतीहरूको सामना गर्न बाँकी नै छ। यस्तो स्थितिमा एसएलसीको अहिलेको परिणामले शैक्षिक क्षेत्रलाई आशावादी बनाए पनि समग्रमा हामीले निकट भविष्यमै शैक्षिक बेरोजगारहरूको एउटा ठूलो जमातको समस्या भोग्नुपर्नेछ।

हाम्रो एसएलसीको परिणामलाई दक्षिण एसियाली मुलुकहरूको सन्दर्भमा हेर्ने हो भने हामी अहिले भारत, भुटान, मालदिभ्स र श्रीलंकाको तुलनामा पछाडि नै छौं भने पाकिस्तान र बंगलादेशको तुलनामा अगाडि देखिएका छौं। ती मुलुकहरूको तुलनामा हाम्रो एसएलसीको परिणाम किन पनि फरक छ भने ती मुलुकहरूको परीक्षा परिणाम सिकाइ र मूल्यांकन पद्धतिमा आधारित छ र ती मुलुकहरूमा हरेक वर्ष समान रूपमा परीक्षार्थीहरू उत्तीर्ण हुन्छन्, तर हामीसँग अहिलेसम्म परीक्षा परिणामसम्बन्धी कुनै ठोस नीति छैन। सम्भवतः यसै कारण हाम्रो परीक्षा परिणाम कहिले ३१ प्रतिशतमा झर्छ भने कहिले ५८ प्रतिशतसम्म उक्लिन्छ। यस्तो स्थिति रहेसम्म हामीले कुनै खास वर्षको परीक्षा परिणामप्रति हर्ष वा विस्मात देखाउनुपर्ने कुनै कारण देखिँदैन।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

चिठीपत्र

असफलता र आत्महत्या

मानिसलाई कहिले सुख त कहिले दुःख हुन्छ। मानिसको स्वभाव सुख हुँदा धेरै खुसी र दुःख पर्दा धेरै आत्तिने खालको हुन्छ। मानिसले दुःख पर्दा धेरै कुरा सम्झन्छ भने सुख पर्दा दुःखका कुराहरू बिर्सन्छ। मानिसमा परेको दुःखको परिणाम आत्महत्यामा पनि परिणत हुनसक्छ। अहिले मानिसलाई धेरै दुःख पऱ्यो कि आत्महत्याको प्रयास गरेका समाचार हामीले सुन्दै आएका छौं। कोही आत्महत्या गर्न सफल हुन्छन् त कोही नचाहँदा नचाहँदै पनि आत्महत्या गर्नबाट विफल हुन्छन्। तथ्याङ्कअनुसार नेपालमा वार्षिक दस हजार व्यक्ति आत्महत्या गरी मर्छन्। यो क्रम बढ्दो छ।

विशेषतः युवा अवस्थामा आउने अस्वाभाविक संवेदनाका कारण आत्महत्याका घटनाहरू बढ्दै गएका छन्। क्षणिक आवेगलाई नियन्त्रण गर्न नसक्दा मान्छेले आत्महत्या गरी जीवन लीला समाप्त पार्छन्। त्यस्तै आफूले सोचेको कुरा नपुग्दा, बारम्बार एउटै कार्यमा असफल हुँदा, जीवनबाट नैरास्यता आउँदा मानिसले आत्महत्याको बाटो अपनाउँछन्।

युवाहरूले आत्महत्याको बाटो रोज्नुको अर्को कारण भनेको प्रेममा पागलपन हो। अपरिपक्व दिमागले गरेको प्रेम सफल नहुनु, प्रेमको नाममा भएको यौनसम्पर्कका कारण उत्पन्न नकारात्मक परिणाम स्वरूप अवैध गर्भ रहेर प्रेमीहरूले प्रेमलाई स्वीकार नगर्नु युवतीहरूलाई आत्महत्याको बाटो अपनाउन बाध्य पार्ने कारण हो। त्यस्तै अध्ययनमा बारम्बार असफलता हात लाग्नु पनि आत्महत्याका घटना बढाउने अर्को कारक तत्त्व हो। विशेषतः टिनएजरहरूमा आत्महत्याका घटना बढी देखिन्छ। एस.एल.सी. परीक्षाको नतिजा प्रकाशित भएपश्चात् युवा-युवतीहरूले आत्महत्या गरेका समाचारहरू पत्रपत्रिकामा आउँछन्। एस.एल.सी. दिने युवा-युवती भनेका १५ देखि १८ वर्ष उमेरका हुन्छ। पूर्णरूपमा मानसिक विकास भैनसकेकाले उनीहरू छिट्टै आवेगमा आउँछन् र आत्महत्याको बाटो रोज्न पुग्छन्। यस्तो अवस्थामा अभिभावकहरूले पनि उनीहरूलाई नकारात्मक असर पार्ने खालका कुराभन्दा संयम अपनाउनुपर्छ।

देशमा बढ्दै गएको बेरोजगारी, असफलता तथा अवैध रूपमा हुने यौनसम्पर्क र त्यसको परिणमबाट उत्पन्न हुने संवेदनशीलताका कारण आत्महत्याका घटनाहरू बढ्दै गएका छन्। यसमा सम्बन्धित पक्षहरू चनाखो भएर लाग्नुपर्ने आवश्यकता छ। युवाहरूलाई लक्षित गरेर स्थापना गरिएका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको ध्यान यस्ता घटनातर्फ पनि जान सके अकालमै मानिसले आफ्नो ज्यान गुमाउने प्रयास गर्ने थिएनन् कि ?

-भिषा काफ्ले, धनकुटा
(पुरस्कृत पत्र)

गुणस्तर कि निःशुल्क शिक्षा ?

शिक्षा निःशुल्क कि गुणस्तरीय भन्ने मुद्दा नेपाली समाजमा धेरै अघिदेखि चलिआएको छ। वास्तवमा शिक्षा पुगेसम्म त निःशुल्क नै हुनुपर्ने हो। किनकि आज धेरैजसो राष्ट्रले विद्यालयस्तरीय शिक्षा निःशुल्क बनाइसकेका छन्। नेपालमा पनि विद्यालयस्तरिय शिक्षा निःशुल्क हुनुपर्छ भन्ने एक थरीको माग छ भने अर्काथरी देशको जर्जर आर्थिक स्थितिका कारण यो सम्भव नभएको बताउँछन्।

अहिले हामीकहाँ राजनीति र सस्तो लोकप्रियताका लागि शिक्षा गुणस्तरीय होस् नहोस्, निःशुल्कचाहिं हुनैपर्छ भन्ने राजनैतिक मान्यता अघि आएको छ जुन राष्ट्रका लागि अत्यन्त घातक सिद्ध हुने देखिन्छ। आज निजी विद्यालयको उत्पादनभन्दा सार्वजनिक विद्यालयको उत्पादन कमजोर हुनुलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। सार्वजनिक विद्यालयका उत्पादन राम्रो क्षेत्रमा प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा पुग्नु भौतिक एवं शैक्षिक सुविधाको अभाव नै हो। निजी विद्यालयमा धेरै खराबी छन् र त्यसमा सुधार हुनुपर्छ भन्ने कुरामा विमति राख्ने ठाउँ छैन, तर भौतिक एवं शैक्षिक सुविधाले गर्दा नै उनीहरूका उत्पादन तुलनात्मक रूपमा दक्ष भएका हुन् भन्ने सत्यलाई पनि आत्मसात गर्नैपर्छ।

शिक्षा सबैका लागि निःशुल्क होइन कि सक्नेले तिर्ने र नसक्नेलाई निःशुल्क हुनुपर्छ। यसो हुन सके राष्ट्रमा दुईथरीको शैक्षिक उत्पादन हुने विडम्बनापूर्ण स्थिति हटेर जान्छ। त्यसैले शिक्षा गुणस्तरीय हुनुपर्छ भन्ने कुरामा सम्झौता नगरी बरु राष्ट्रको आर्थिक हैसियत उकास्दै निःशुल्क गर्नपट्टी हाम्रा पाइला अघि बढ्न सके राम्रो हुन्छ।

-विश्वमणि अधिकारी

साप्ताहिकसँग गुनासो

म साप्ताहिकको नियमित पाठक हुँ। समयसापेक्षरूपमा आफ्नो रूपलाई परिमार्जित गर्दै लगेकोमा म साप्ताहिकप्रति आभारी छु साथै यसको अझ लोकप्रियताको कामना गर्दछु। विगतका केही अंकदेखि पौढ एवं परिपक्व लेखकको किशोर/तरुण अभिव्यक्तिले भरिपूर्ण प्रिय स्तम्भ हटाउँदा हाम्रो चित्त त दुखेको छ नै, सँगसँगै पत्रिकाको लोकप्रियता पनि खस्कने हो कि ? समयमै विचार गरे कसो होला ? त्यसो त अन्तिम पृष्ठमा प्रकाशित विक्रम राईको प्रसङ्ग कतिपय रोचक नै छ।

-विद्या सापकोटा, काठमाडौं

तीतो सत्य

चोर्ने गुरुभन्दा माग्ने चेलो ठूलो।

मानिस कदले होइन विचारले ठूलो हुन्छ।

मेहनत गर्ने जो कोही पनि सफल हुन सक्छ।

ज्ञानको ज्योतिले संसार देखिन्छ, लालटिनले होइन।

दयावीरले शत्रुको पनि भलाइ चाहन्छन्।

चिरञ्जीवी हुन चाहनेहरू कायर हुन्।

– अञ्जनी राजधामी अज्ञानी

सक्छौ भने आफ्नो देशका लागि बाँच, सक्दैनौ भने आफ्नो देशका लागि मर।

असल कुरा शत्रुको पनि लिनुपर्छ।

– विष्णु कुँवर

राम्रो जीवन सबैलाई प्यारो हुन्छ।

मानिस धेरै माया पाएर खुसी हुन्छन् भने विवाहपछि मायाको कमीले दुःखी हुन्छन्।

– सीता गौडेल

दुःखमा मात्र नसक तिम्रो आँसु, एक दिनको सुखमा त्यही आँसुको आवश्यकता पर्छ।

सफलता मानिसको मेहनत र भाग्यको समागमबाट प्राप्त हुन्छ।

सम्पत्तिमा घमन्ड गर्नेले पछि पछुताउनुपर्छ।

असल साथी प्रायः कमै पाइन्छन्।

– सिजन श्रेष्ठ

'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।

–सम्पादक

मुखाले

सरकारमा आएपछि माओवादी सुध्रिएनन् भनेर चिन्ता गर्नुपर्दैन, उनीहरूको यस्तै रवैया रहिरहने हो भने संविधानसभा निर्वाचनमा जनताले नै उनीहरूलाई तह लगाइदिन्छन्।

गोपालमान श्रेष्ठ
नेता, नेपाली काङ्ग्रेस, प्रजातान्त्रिक

देशमा शान्तिसुरक्षा ल्याउन गृहमन्त्रीलाई हटाउनुबाहेक अर्को विकल्प छैन।

सुजाता कोइराला, नेतृ, नेपाली कांग्रेस

बर्खा नसकिँदै कांग्रेस एकीकरण हुने वातावरण बनेको सत्य हो।

सुशील कोइराला, नेता, नेपाली कांग्रेस

गणतन्त्र स्थापना गर्ने दिशामा अवरोध आए अर्को विद्रोह हुने सम्भावना छ।

शक्ति लम्साल, वामपन्थी पत्रकार

मानवअधिकार आयोगमा पार्टी कार्यकर्ता राखेर काम गर्न सकिँदैन।

केदारनाथ उपाध्याय, पूर्वप्रधानन्यायाधीश

नेपालमा फेरि 'कू' को सम्भावना छ, विशेष गरी सैनिक 'कू' हुनसक्छ।

रामबहादुर थापा 'बादल'
नेता, नेकपा (माओवादी)

माओवादीमा उग्रवामपन्थी भड्काव छ भन्ने कुरामा हामीभित्र कुनै दुईमत छैन।

माधवकुमार नेपाल
महासचिव, नेकपा (एमाले)

वाईसीएलका गतिविधि यसरी नै अघि बढ्ने हो भने कांग्रेसले पनि हतियार उठाउनुपर्छ।

बालकृष्ण खाँण
अध्यक्ष, नेपाल तरुण दल

माओवादीले सत्ताकब्जा गर्लान् भनेर संविधानसभाको निर्वाचन हुन दिइरहेका छैनन्।

प्रकाश दाहाल, प्रचण्डपुत्र

नीति-नियम

जो मानिस आफ्नो, बाबु र आमाका गुणबाट प्रख्यात हुन्छ त्यसलाई उत्तमहरूमा उत्तम मानिन्छ। जो केवल आफ्नो गुणबाट मात्र प्रख्यात हुन्छ त्यो उत्तम हो। प्रशस्त सम्पत्तिबाट सम्पन्न भएपछि पालना गर्नुपर्ने नियमहरूको पालना गर्नुपर्छ। बुद्धिमान् मानिसले कसैलाई दान नदिई एक दिन पनि बिताउनुहुँदैन। दान दिनाले शत्रु त मित्र बन्छन् भने अरूको त के कुरा गर्नु ? अर्थात् अरू त दान दिनाले स्वतः आफ्ना भैहाल्छन्। देवता, यज्ञ, ब्राह्मण, गाई यिनलाई जे दिइन्छ त्यो परलोक सुख साधनका लागि हुनेछ।

जुन धन हिंसा बढाउनका लागि दिइन्छ, जुन धन चोरले लुटेर लान्छ, जुन धन पापीलाई परस्त्री गमन गर्न दिइन्छ त्यसलाई 'नष्ट' भनिन्छ। जुन देवताको आराधना गरिन्छ उत्कृष्ट तवरबाट गर्नुपर्छ। उनलाई केवल नाम मात्रको पुकारा गर्नुहुँदैन, भित्री मनदेखि नै खुसी भएर पूजा, आराधना गर्नुपर्छ।

दान र सरलतालाई छोडेर कसैलाई वशमा ल्याउने अरू कुनै उपाय छैन। अमृत दान गरेर क्षीण भएको तथा फेरि बढ्ने इच्छा राखेको शुक्लपक्षको द्वितीया तिथिको चन्द्रमा बाँगिएर पनि शुभ देखिन्छ, अर्थात् उसबाट पुनः अमृत दान मिल्ने सम्भावना हुन्छ।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

सहर चर्चा

राजेश पुगे दरबारमार्ग

दरबारमार्गस्थित एउटा भवनको दोस्रो तलामा बेग्लै चहलपहल देखिन्थ्यो। पूर्व र वर्तमान नेपाल सुन्दरीहरू उषा खड्गी, सुगरिका केसी र शीताष्मा चन्दको उपस्थितिबाट अनुमान लगाउन सकिन्थ्यो– त्यहाँ फेसन वा सौन्दर्यसम्बन्धी कुनै विशेष कार्य हुँदैछ। फेसन डिजाइनर राजेश धाख्वा हाल धेरै फेसन बुटिकहरूका कारण काठमाडौंको मिलान भनेर चिनिने कुपन्डोलमा सबैभन्दा पहिलो बुटिक 'चाहत' सञ्चालन गर्ने मानिस हुन्।

उनले शिलान्यास गरेको कुपन्डोलको फेसन बजारमा अहिल प्रतिस्पर्धा निकै बढ्यो। धाख्वाले दरबारमार्गलाई पनि फेसन बजारको अर्को सम्भावना मानेर त्यहाँ आफ्नै नामबाट 'आरडी द फेसन बुटिक' सञ्चालन थालेका छन्। धाख्वाले सिर्जनासिंह योञ्जनलाई आफ्नो बुटिकको 'एम्बेसडर' बनाएका छन्। धाख्वाले बुटिकमा शतप्रतिशत नेपाली शिल्कलाई प्राथमिकता दिने नेपाली कालिगढहरूद्वारा निर्मित ह्यान्ड इब्रोइडरी गरिएका मौसमअनुसारका पहिरन बिक्री गर्ने बताए।

–रोजिन शाक्य

साइबर गर्ल

सुनीता हिताङ

> 'जीवनलाई रंगीन बनाएर पर्याप्त मनोरञ्जन लिन सक्नुपर्छ'

हङकङमा बस्दै आएकी सुनीता हिताङ हङकङमा स्टेज डान्सर तथा म्युजिक भिडियो मोडलका रूपमा चिनिन्छिन्। एचके नेपाल डटकमका लागि जगत अम्बु गुरुङसँग तस्बिर खिचाएकी सुनीताको शारीरिक बनावट त्यत्तिकै आकर्षक छ। सन् १९८० मा हङकङमा जन्मिएकी सुनीता कुशल नृत्याङ्गना हुन्। सुनीता मञ्चमा आएपछि दर्शकहरू त्यत्तिकै उत्तेजित हुन्छन्। सुनीताले अहिलेसम्म आधा दर्जनभन्दा बढी एवार्ड हात पारिसकेकी छिन्। गहुँगोरो वर्णकी सुनीताको आँखाको रंग कालो छ। सुनीताको शारीरिक बनावट ३२×२७×३२ छ। सुनीतालाई एन्जेलिना जोली तथा टाइरा बेङ्क्सको शारीरिक बनावट मन पर्छ। टिपिकल तथा चलेको फेसनका पहिरन लगाउने सुनीता फुर्सदमा संगीत सुन्न तथा नृत्य गर्न मन पराउँछिन्। अविवाहित यी सुन्दरी विवाहको प्रसङ्ग निकाल्नेबित्तिकै मौन रहन्छिन्। 'तपाईंको यो प्रश्नलाई मेरो पनि प्रश्नवाचक चिन्हले मात्र सम्बोधन गर्छ है।' अनुत्तरित हुँदै सुनीता भन्छिन्- अहिलेलाई यो प्रश्नलाई छोडिदिऊँ। जीवनलाई रंगीन बनाएर पर्याप्त मनोरञ्जन लिन सक्नुपर्ने मान्यता राख्ने सुनीता संसारमै सबैभन्दा बढी माया बुबा-आमा र कोही एक व्यक्तिलाई गर्छिन्। सुनीतालाई गायकमा नारायणगोपाल तथा सविन राई मन पर्छन् भने गायिकामा मीरा राणा। उनलाई इन्द्रेणीको रंग मन पर्छ। सुनीतालाई नायकमा सुशील छेत्री, अर्जुन रामपाल, ब्राड पिट, लियोनार्दो डि क्याप्रिनो मन पर्छन् भने नायिकामा निरुता सिंह, विपासा बसु, एन्जेलिना जोली। जहाँ पुगे पनि आफूलाई नेपाली भनेर चिनाउँदा गर्व गर्ने सुनीता भन्छिन्- 'हामी नेपाली जहाँ गए पनि नेपाली।'

Abercrombie

"सर्वोत्कृष्ट शिक्षा उच्च शैक्षिक परिणाम"

विद्यार्थीको रोजाई पिनाकल कलेज

"बोर्ड टप भएकै कारण ऐश्वर्य विद्यापदक पनि पाएँ, यसको सम्पुर्ण श्रेय पिनाकल कलेजलाई दिन चाहन्छु"



उत्कृष्ट सुनिता

यसपटक उच्च माध्यामिक शिक्षा परिषद्को प्लस टुको विज्ञानतर्फ सुनिता घिमिरे प्रथम भएकी छिन् । उनले पिनाकल एकेडेमी कलेजबाट ८८ प्रतिशत अंक ल्याएर प्रथम श्रेणीमा प्रथम स्थान हासिल गरेकी हुन् । गएको वर्ष कक्षा ११ को परीक्षामा पनि उनी नै बोर्ड प्रथम भएकी थिइन् । गत वर्ष उनले ८८ दशमलव ४ प्रतिशत अंक ल्याएर प्रथम भएकी थिइन् । उच्च माध्यामिक विद्यालयको विज्ञान समूहमा एउटै किशोरीले ११ र १२ कक्षामा प्रथम स्थान हासिल गरेको यो पहिलो पटक हो ।

भक्तपुर बिस्वाकी मध्यमवर्गीय किसान परिवारकी घिमिरेले प्रथम स्थान हासिल गरेपछि साप्ताहिकसँग कुरा गर्दै भनिन्, प्रवेशिकामा मेरो ७९ प्रतिशत मात्र अंक आएको थियो, यही कारण मैले दैनिक ११ देखि १२ घण्टा अध्ययन गरें जसले मलाई दुई वर्ष नै बोर्ड प्रथम हुने सौभाग्य मिलायो । साउनको अन्तिम साता उनले दुईवटा ऐश्वर्य विद्या पदक पाउने भएकी छिन् । भविष्यमा डाक्टर बन्ने योजना बनाएकी घिमिरेले आउँदो पुस्ताले दैनिक कम्तीमा ८ घण्टा अध्ययन गर्नुपर्ने सुझाव दिइन् ।

कान्तिपुर साप्ताहिक, २०६२ श्रावण ७ गते

सुनिता घिमिरे उ.मा.शि.बोर्ड (०६१/६२) को परीक्षामा ८८.२० प्रतिशत अंक प्राप्त गर्ने सर्वोत्कृष्ट विद्यार्थी। हाल नेपालगञ्ज मेडिकल कलेजमा पूर्ण छात्रवृत्तिमा एमबिबिएस अध्ययनरत।

हरेक विद्यार्थीलाइ एसएलसी उत्तिर्ण भएपछि राम्रो कलेज छनौट गर्न समस्या हुन्छ । यस्तै अलमलमा म पनि थिएँ । त्यसमा पनि एसएलसीमा राम्रो अंक ल्याएर उत्तिर्ण भएकाले उच्च शिक्षामा पनि परिणामलाई यसप्रकारकै निरन्तरता दिनु थियो । स्तरिय कलेज छनौट गर्ने सुचीमा पिनाकलको चर्चा सुनेकी थिएँ, पछि यहाँ आएपछि थाहा पाएँ, मेरो छनौट सहि रहेछ । मैले सोचेभन्दा बढि सुविधा पाएँ । जसका कारण मैले उच्च माध्यमिक शिक्षा परिषद्बाट संचालित कक्षा ११ र १२ को परीक्षामा लगातार सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल भएँ ।

सर्वोत्कृष्ट भएकै कारण ऐश्वर्य विद्यापदक पनि पाएँ, यसको सम्पुर्ण श्रेय पिनाकल कलेजलाइ दिन चाहन्छु । औसत शुल्कमा राम्रो सुविधासहित पिनाकल कलेजले गुणस्तरिय शिक्षा प्रदान गर्छ भन्ने प्रमाणित गरेको छ ।

हामी गौरव गर्छौं

एम.बि.बि.एस.
सुनिता घिमिरे, विश्वम्भर थापा
नरेन्द्र श्रेष्ठ, अर्पणा न्यौपाने
लक्ष्मीप्रसाद त्वायना, भक्तदेव श्रेष्ठ,
विकास पौडेल, दिनदयालु घिमिरे
सुमन केसी, निर्मल श्रेष्ठ, विश्वनाथ मिश्र
सुनिता केसी, सुष्मा अर्याल
उज्वल सिलवाल, मोनिका साहु
सम्झना पोखरेल, महेश्वर सिलवाल
प्रनिता चित्रकार, तुल्सीनारायण श्रेष्ठ
दुर्गाप्रसाद ओली, प्रकाश अधिकारी

बि.डि.एस.
विष्णुमाया खरेल, रामकृष्ण लामिछाने, प्रविन तिवारी, आकृती कोइराला, अनिलबाबु ओझा

इन्जिनियरिङ
सुरज श्रेष्ठ (चेक गणतन्त्र)
कविन ताम्राकार, रविन्द्र ठाकुर
प्रताप बानियाँ, इला श्रेष्ठ
राजेन्द्र रोक्का, राजेश बोगटी
प्रोमिश दाहाल, सिमा ठाकुर
सिन्धु देवकोटा, सुमनराज शर्मा
हरेराम शर्मा, मुकुन्द पोखरेल

चार्टर्ड एकाउन्टेन्ट (सिए)
रेणु महर्जन, जलदिप कार्की

हेल्थ साइन्स
सुरज शाक्य– आइओएम (फार्मेसी)
चिरन्जिवी नेपाल– आइओएम (बिपिएच)
बिना अधिकारी (बिपिएच)
पल्लवी चौधरी (बि.फर्मा)
सरला खड्का (बिपिएच)
प्रितम श्रेष्ठ (बिपिएच)
उमेश घिमिरे (बिपिएच)
विनय लामिछाने (बि.फर्मा)
रविना सञ्जेल (बि. फर्मा)

Pinnacle Academy H.S.S.

SCHOLARSHIP PROVISION

- **SLC Board Toppers 3:** Full Scholarship with lodging and fooding
- **85% above:** Monthly fee free (1st 10 seats only)
- **80% & above:** 50% free in monthly & admission (15 seats only)
- **District Toppers:** Full Scholarship in monthly fee
- **Entrance Test Toppers:** Full Scholarship in monthly fee (5 seats only)
- **75% - 80%:** 20% - 25% free in admission

२०६३ को बोर्ड परीक्षामा उत्कृष्ट विद्यार्थी

'अध्ययनसँगै मोडलिङ्मा पनि संलग्न भएकाले कलेज छुट्छ, तर शिक्षकको सहयोगका कारण छुटेको अध्ययन रि-कभर गर्न पाएकि छु'

पिनाकल उत्कृष्ट कलेजमध्ये एक हो भन्ने थाहा पाएपछि मैले स्नातक तह अध्ययनको लागि यो कलेजलाइ छनौट गरेकी हुँ । सहयोगी शिक्षकशिक्षिका, अनुशासित र शैक्षिक वातावरण भएको यो कलेजमा आएपछि मैले गरेको छनौट ठिक रहेछ भन्ने लाग्यो । अध्ययनसँगै मोडलिङ्मा पनि संलग्न भएकाले कलेज छुट्छ, तर शिक्षकको राम्रो सहयोगका कारण छुटेको अध्ययन रि–कभर गर्न पाएकी छु । व्यवस्थापन संकायमा पनि व्यवहारिक शैलीमा अध्यापन गराउनु पिनाकलको विशेषता हो । अतिरिक्त क्रियाकलापमा पनि यो कलेज अगाडी छ ।



पूर्व मिस ललितपुर, अनु श्रेष्ठ, (दर्जनौं म्युजिक भिडियो तथा विज्ञापनमा अभिनय) बिबिएस दोस्रो वर्ष

सर्वोत्कृष्ट कलेजको छनौटमा पिनाकल

एसएलसी उत्तिर्ण भएका बेला उत्पन्न द्विविधा म कहिल्यै बिर्सन सक्दिन्, तर त्यसपछि मैले छनौट गरेको कलेज पिनाकलको शैक्षिक वातावरणले मलाइ गर्वको अनुभुती गरायो । कक्षा ११ को परीक्षामा प्राप्त गरेको सफलताको रहस्य सहि कलेज छनौट नै थियो । "अनुशासित वातावरणमा उत्कृष्टता" भन्ने यो कलेजको नारा सार्थक रहेछ ।

दक्ष तथा अध्यापनमा केन्द्रित हुने यहाँको प्राध्यापन समुहले विद्यार्थीको भविष्य निर्माणमा ठुलो सहयोग पुऱ्याएको छ । पिनाकलको अध्ययन–अध्यापन मात्र राम्रो भएकाले यहाँबाट उत्पादित विद्यार्थी जुनसुकै स्थानमा गएर प्रतिस्पर्धामा खरो उत्रन सक्छन् । उत्कृष्ट शिक्षा प्रदान गर्ने राजधानीका कलेजमा पिनाकल मात्र एक कलेज हो, जसले व्यवहारिक रूपमै आफुलाइ पुष्टि गरेको छ ।

एसएलसीपछि कलेज छनौटमा द्विविधामा रहेका सबैलाइ पिनाकलको शैक्षिक वातावरण बुझ्न आग्रह गर्छु ।

रितेश प्रधान
88.6 HSEB 2063 Class XI Sci.

आगामी दिनमा पनि शैक्षिक सफलताको यो यात्रालाई निरन्तरता दिनेछौं । – प्रिन्सीपल ऋषी तिवारी

अन्तर्वार्ता

- प्लस टु कलेजहरूको सूचीमा पिनाकलको उपस्थिती कहाँनेर छ ?

– **स्तरिय अध्यापन र व्यवस्थापनका कारण पिनाकल एकेडेमी उत्कृष्ट कलेजहरूको सूचीमा अग्रपंक्तीमा छ । यो सफलता प्राप्त गर्न प्राध्यापन, व्यवस्थापन समुह र विद्यार्थी तथा अभिभावक सबैको योगदान छ । पिनाकलले भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा परिचय बनाएको छ ।**

- कुन वर्गलाइ लक्षित गरेर कलेज स्थापना गर्नुभएको हो ?

– **एसएलसीपछिको उच्च शिक्षाका लागि प्लस टु लोकप्रिय भईरहेको अवस्थामा बढी शुल्कका कारण त्यसतर्फ यात्रा गर्न नसकिरहेकाहरूलाइ लक्षित गरेर कलेज स्थापना भएको हो । आर्थिक स्थिती कमजोर भएका कारण जेहेन्दार तथा मेहेनती विद्यार्थीले उच्च शिक्षा हासिल गर्नबाट बञ्चित हुन नपरोस् भन्ने हाम्रो चाहना हो ।**

- कलेजको मुख्य विशेषता ?

– **गुणस्तरिय शिक्षा प्रदान गर्नु हाम्रो विशेषता हो । अनुशासनमा पनि त्यतिकै ध्यान दिएका छौं । अतिरिक्त क्रियाकलाप उत्तिकै उच्च स्तरको छ । यी विशेषता थाहा पाउन एकपटक आएर हेर्न अनुरोध गर्छु ।**

- नियमित अध्यापनबाहेक अन्य कुनै सुविधा छन् ?

– **हो, विद्यार्थीले अहिले करिअर निर्माण गर्ने बेला हो । त्यसैले उनीहरूको रूची अनुसारको करिअर परामर्श सेवासमेत उपलब्ध गराइएको छ ।**

- पिनाकलका आगामी दिन कस्ता रहलान् ?

– **कलेजले आगामी दिनमा पनि उच्च शैक्षिक सफताको यो यात्रालाई निरन्तरता दिनेछ ।**

विशेषताहरू

- प्राध्यापन पेशामा लामो समय अनुभव प्राप्त तथा बहुप्रतिभाशाली प्राध्यापक, उपप्राध्यापक र पाठ्यपुस्तक लेखकहरूबाट अध्यापन हुने ।
- उच्च भौतिक पूर्वाधार : सुविधासम्पन्न प्रयोगशाला, पुस्तकालय, खेलकुद क्षेत्र र शहरका सबै मुख्य स्थानमा यातायातको व्यवस्था ।
- अनुशासनमा विशेष जोड । अध्ययनका लागि पारिवारिक शैक्षिक वातावरण । छात्रावासको व्यवस्था ।
- एसएलसीपछि औसत शुल्कमा विद्यार्थीले उच्च शिक्षाको अवसर पाउने नदेखिकाले प्राध्यापन पेशामै संलग्न शिक्षकहरूको समुहद्धारा कलेजको स्थापना गरिएको ।
- निम्न र मध्यम वर्गिय परिवारका विद्यार्थीहरूलाइ लक्षित गरिएको । गुणस्तरिय शिक्षाका लागि उत्कृष्ट व्यवस्थापन ।
- आर्थिक रूपमा कमजोर, प्रवेशिकामा राम्रो अंक ल्याएका विद्यार्थीहरूलाइ अवस्था हेरी छात्रवृत्ति । दलित, जनजाती, दुर्गम, द्वन्द्वपिडित विद्यार्थीहरूलाइ छात्रवृत्तिमा पर्याप्त अवसर ।
- शैक्षिक स्तरियता कायम राख्न आन्तरिक परीक्षामा विशेष जोड ।
- कलेजको युनिट टेस्टमा उत्कृष्ट हुने विद्यार्थीलाइ महिनाभरको शुल्क मिनाहा, अतिरिक्त क्रियाकलापमा पनि त्यतिकै जोड । बास्केटबल, भलिबल, टेबल टेनिसकोर्टको व्यवस्था ।

प्रयोगशालामा विद्यार्थीहरू

कलेज विश्लेषण

उत्कृष्ट विद्यार्थीहरूको रोजाइ बनेको पिनाकलले छोटो समयमै आफुलाइ स्तरिय कलेजको सुचीमा उभ्याउन सफल भईसकेको छ । गत वर्षको कक्षा ११ र १२ को परिक्षामा ९० प्रतिशत विद्यार्थीलाइ उत्तिर्ण गराउन सफल यो कलेज ललितपुरको सुगम स्थल लगनखेलमा अवस्थित छ ।

"उच्च शिक्षाको क्रममा कुन कलेज छनौट गर्ने द्विविधा थियो," उच्च माध्यमिक शिक्षा बोर्डबाट २०६३ को कक्षा ११ को विज्ञान विषयमा उत्कृष्ट अंक ल्याउन सफल रितेश प्रधानले भने– "आखिर पिनाकलको छनौट मेरो क्यारियर विकासको निम्ती सही ठहरियो ।" आईओएममा एमबिबिएस अध्ययनरत दिनदयालु घिमिरेका अनुसार उज्वल भविष्य निर्माणका लागि पिनाकल मार्गदर्शक बन्न सक्छ । यसैगरी कक्षा १२ विज्ञान संकायमा अध्ययनरत प्रवीण पाठक भन्छन्– "पिनाकलको शिक्षण विधी उत्कृष्ट रहेकाले नै विद्यार्थीले पढेको कुरा राम्ररी बुझ्न सक्छन् ।"

०६१/६२ को उ.मा.शि. बोर्डमा उत्कृष्ट अंक ल्याउने यस कलेजकी छात्रा प्रनिता चित्रकारले आईओइ (पुल्चोक), भारतीय दूतावासबाट प्राप्त पूर्ण छात्रवृत्ति पाइन । तर दुवै अवसर छाडी उनी जापानी छात्रवृत्ति कोटामा जापानमा इन्जिनियरिङ पढ्दैछिन् ।

यि उदाहरणले योग्य शिक्षक, उत्कृष्ट व्यवस्थापनका बीचमा पिनाकलको अबको परिचय भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा अगाडी आइसकेको छ । पिनाकलमा विज्ञान, व्यवस्थापन र मानविकी तीनवटै संकायमा प्लस टु अध्यापन गराइन्छ । प्लस टुबाट प्रारम्भ भएको पिनाकलको यो यात्रामा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बिबिएस पनि थपिएको छ । कलेजले यसै वर्षदेखि एमबीएस तथा बिएस्सी (माइक्रोबायोलोजी र फिजिक्स) सञ्चालनको प्रस्ताव गरेको छ । कलेजले सिटिइभिटीको सम्बन्धनमा ३ वर्षे फार्मेसी डिप्लोमा गराउँछ । ०६३ को कक्षा ११ को परीक्षामा कलेजका ४३ जना विद्यार्थीले विशिष्ट श्रेणीमा उत्तीर्ण गरे ।

ADVT

प्लस टुका सकारात्मक तथा नकारात्मक पक्षहरू

एसएलसीको परिणाम आएपछि विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्ने क्रममा कुन 'स्ट्रिम' मार्फत जाने भन्ने अन्यौलमा देखिन्छन्, तथापि प्लस टु यस्तो माध्यम हो, जुन विद्यार्थीको पहिलो रोजाइमा पर्छ। लगभग विद्यालय शैलीमै अध्ययन–अध्यापन हुने भएकाले र परम्परागत प्रवीणता प्रमाणपत्र तहको तुलनामा आधुनिक पाठ्यक्रम भएकाले प्लस टुको लोकप्रियता बढ्दै गएको शिक्षाविद्हरू बताउँछन्। शिक्षाविदहरू भन्छन्– प्लस टु अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रम भएकाले विद्यार्थीको शैक्षिक स्तर स्वदेशमा मात्र होइन, विदेशमा पनि बिक्छ। एसएलसीपछि कुन बाटो रोज्ने ? त्यसो त पछिल्ला दिनमा राजधानीलगायत मुलुकका प्रमुख सहरहरूमा उपलब्ध 'ए' लेभल पाठ्यक्रममा पनि आकर्षण बढ्दै गएको छ। प्लस टुको तुलनामा महँगो शुल्कको यो पाठ्यक्रम बेलायतस्थित क्याम्ब्रिज विश्वविद्यालयको हो। विश्वका १ सय ६० भन्दा बढी राष्ट्रमा अध्यापन हुने ए लेभलको आकर्षण बढ्नुको कारण त्यसपछिको उच्च शिक्षाका लागि वैदेशिक यात्रा सहज हुने भएको तर्क दिइन्छ, तर ए लेभल अहिलेसम्म सीमित वर्गमा मात्र लक्षित देखिन्छ। किन एसएलसीपछि सीधै प्राविधिक शिक्षा नरोज्ने ? यो प्रश्नको उत्तर अस्पष्ट हुन्छ। आधारभूत शैक्षिक योग्यता बलियो बनाएपछि उच्च शिक्षाका क्रममा प्राविधिक विषय रोज्नेहरू बढी छन् भने दोस्रो मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने भनेर स्थापना भएको सिटिइभिटीले थोरैलाई मात्र समेटेको छ। पछिल्ला दिनमा प्राविधिक विश्वविद्यालयको अवधारणा आएको छ, सरकारी चासो कम भए पनि प्राविधिक शिक्षालाई अझै महत्त्व दिइनुपर्ने शिक्षाविद्हरूको तर्क छ। शिक्षाविद् डा. मनप्रसाद वाग्ले, एन प्याब्सनका महासचिव कर्णबहादुर शाही, अखिल एमालेका अध्यक्ष ठाकुर गैरे, संस्थापन कांग्रेसको नेविसंघका अध्यक्ष प्रदीप पौडेल तथा उच्च माध्यमिक शिक्षा परिषद्का सहसचिव डा. नारायणप्रसाद कोइराला कुराकानीमा सहभागी हुनुहुन्थ्यो।

प्लस टु, प्रवीणता प्रमाणपत्र तह, ए लेभल, मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षामध्ये कुन बाटो विद्यार्थीका लागि उपयुक्त छ ?

डा. वाग्ले : प्लस टु शिक्षालाई अन्तर्राष्ट्रिय स्तरमै मान्यता दिइएको छ। प्रवीणता प्रमाणपत्र तहलाई फेज आउट गर्ने प्रक्रिया प्रारम्भ गरेको १५ वर्ष भैसक्यो। ए लेभलको पाठ्यक्रम राम्रो भए पनि महँगो भएकाले सबैले अध्ययन गर्न सक्दैनन्। त्यस्तै प्राविधिक शिक्षा राम्रो भए पनि यसले अझै पूर्ण रूपमा औपचारिक शिक्षाको रूप लिइसकेको छैन। त्यसकारण अहिलेको अवस्थामा प्लस टु शिक्षालाई राम्रो मान्न सकिन्छ।

शाही : आधारभूत शिक्षाका रूपमा प्लस टु लोकप्रिय छ। प्लस टु शैक्षिक प्रणाली क्यारियर विकासका लागि जीवनोपयोगी पनि छ। अहिलेको अवस्था व्यावसायिक भएकाले प्राविधिक शिक्षा पनि लोकप्रिय बन्दै गएको छ।

गैरे : हाल प्लस टुलाई नै गुणस्तरीय शिक्षा भन्ने आम मान्यता छ, तर वास्तविक रूपमा त्यसो नभएर सबै प्रणालीका आ-आफ्नै विशेषता र कमजोरी छन्। शैक्षिक क्षेत्रमा नयाँ ढंगले नयाँ सोचका साथ अघि बढ्नुपर्ने आबश्यकता देखेको छु। नयाँ प्रकारको शिक्षा पद्धतिको विकास गर्नुपर्ने खाँचो छ।

पौडेल : हुन त पहुँचका हिसाबले अहिले प्रवीणता प्रमाणपत्र तह नै ठीक छ तर प्रमाणपत्र तह हटाउने कुरा भएको छ। यसका लागि प्लस टुलाई व्यवस्थित बनाउनुपर्छ। प्लस टु निम्न आर्थिक हैसियतका अभिभावकले पढाउन सक्ने हुनुपर्छ।

डा. कोइराला : जीवनोपयोगीका दृष्टिले व्यावसायिक प्राविधिक शिक्षा पनि राम्रो छ, तर यसलाई उपल्लो स्तरमा विकास गर्न सकिएको छैन। प्लस टु अन्तर्राष्ट्रिय स्तरको कोर्स भएका कारण यसतर्फ आकर्षण बढी छ।

प्लस टुको परीक्षा प्रणाली सन्तोषजनक छ ? यसमा कस्तो परिमार्जनको आवश्यकता देख्नुहुन्छ ?

डा. वाग्ले : छिटोछरितो नतिजा प्रकाशन गर्ने कार्य भए पनि केन्द्र छनौटका विषयमा असन्तुष्टिहरू देखिएका छन्। त्यसैगरी परीक्षाको अनुगमन पनि प्रभावकारी रूपमा हुन सकेको छैन। परीक्षालाई राम्रोसँग व्यवस्थापन गर्न सकिएको छैन। परीक्षा प्रणाली एसएलसीको भन्दा कमजोर भएकाले यसमा सुधार गर्नुपर्ने आवश्यकता छ।

शाही : परीक्षाप्रणाली परिणाममुखी नभै परीक्षामुखी मात्र छ। परीक्षाले नतिजाबाहेक सीप र व्यवहारमा फरक ल्यायो कि ल्याएन भनेर विश्लेषण गर्नुपर्ने अवस्था छ।

गैरे : समय-तालिकाअनुसार काम हुने र परीक्षाको नतिजा छिट्टै निकाल्ने हुँदा यसको परीक्षा प्रणाली राम्रो मान्न सकिन्छ तर यसलाई अझै वैज्ञानिक पद्धतिबाट लागू गर्दै व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्ने आवश्यकता छ।

पौडेल : निजी र सार्वजनिक विद्यालयमा समान ढंगको पाठ्यक्रम बन्नुपर्छ। कहिलेकाहीं परीक्षाका प्रश्नपत्र आउट भएका समाचार पनि आउँछन्। यो अवस्थामा परीक्षालाई मर्यादित तथा व्यवस्थित बनाउनुपर्ने आबश्यकता छ।

डा. कोइराला : कतिपय अवस्थामा हाम्रै कर्मचारी, प्राचार्य

बाँकी पृष्ठ १७ मा

सम्भावनाका ढोका खोल्ने व्यवस्थापन संकाय

व्यवस्थापनको अध्ययन रोजगारको अवसर जुटाउने माध्यम मानिन्छ। त्यतिमात्र होइन, विश्व अर्थतन्त्र, नेपाली अर्थतन्त्र, व्यावसायिक ज्ञान तथा आर्थिक कानुनका बारेमा जानकारी दिन यो संकाय अब्बल मानिन्छ। व्यावसायिक पृष्ठभूमि हुने, सजिलो गरी काम पाइने तथा आर्थिक क्षेत्रमा चासो हुने युवाहरू यो संकाय अध्ययन गर्न रुचाउँछन्। बैंक, वित्तीय संस्था, औद्योगिक कम्पनी, व्यापारिक प्रतिष्ठान तथा प्रशासनिक क्षेत्रमा व्यवस्थापन अध्ययन गरेका व्यक्तिको माग रहँदै आएको छ। अहिले व्यवस्थापन अध्यापन गराउने निजी क्याम्पसको संख्या बढिरहेको छ। यी क्याम्पसका लागि राम्रो अङ्कमा व्यवस्थापनमा स्नातकोत्तर तह अध्ययन गरेकाहरूको माग पनि उत्तिकै छ। यी सबै कारणले व्यवस्थापन संकायमा अध्ययन गर्नेहरूको बाहुल्यता देखिन्छ। सहरी क्षेत्रमा व्यवस्थापन संकायमा भर्ना लिने विद्यार्थीको संख्या अत्यधिक छ। राम्रो अङ्कमा प्रवेशिका उत्तीर्ण गर्ने ग्रामीण क्षेत्रका विद्यार्थीहरू पनि व्यवस्थापन विषय अध्ययन गर्ने रुचि राख्छन्।

व्यवस्थापन अध्ययन गर्न गणित विषयमा राम्रो ज्ञान हुनु आवश्यक छ। व्यवस्थापन संकायका लागि पाठ्यक्रय विकास केन्द्रले नेपाली एवं अङ्ग्रेजी तथा नेपाली भाषामा लेखिएका पुस्तकलाई मान्यता दिएको छ। यद्यपि अङ्ग्रेजी भाषामा लेखिएका पाठ्यपुस्तक सर्वसुलभ छन्। यस अर्थमा व्यवस्थापन अध्ययन गर्न चाहनेहरूमा गणितका अतिरिक्त अङ्ग्रेजी भाषाको राम्रो ज्ञान हुनु आवश्यक मानिन्छ।

इन्टरनेटमार्फत् विश्वभर हुने व्यापारमा व्यवस्थापन अध्ययन गरेका जनशक्तिको माग बढ्दै गएको छ। ई-कमर्स भनिने यसप्रकारको व्यापारमा बिजनेस टु बिजनेस, बिजनेस टु कन्जुमरको नीति अनुसार व्यापारिक कारोबार हुने गरेको छ। इन्टरनेटको प्रयोगले भूमण्डलीकरण हुँदै गएको विश्वलाई व्यवस्थापनका साथै कम्प्युटरसम्बन्धी ज्ञान भएको जनशक्ति उपयोगी देखिएको छ ।

नेपालमा व्यवस्थापन संकायका विषयहरू त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयमा अध्यापन हुने गरेका छन्। चारवटै विश्वविद्यालयले ब्याचलर इन एड्मिनिस्ट्रेसन (बीबीए), कमर्स स्टडि, चार्टड एकाउन्टेन्सी, होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्म, हेल्थ म्यानेजमेन्ट, पब्लिक एडमिनिस्ट्रसन, इन्फरमेसन म्यानेजमेन्ट, ग्रामीण विकास आदि पाठ्यक्रम अध्यापन गराउँदै आएका छन्।

प्रवेशिकापछि व्यवस्थापन अध्ययन गर्न चाहने विद्यार्थीले अनिवार्य रूपमा लेखा तथा अर्थशास्त्र अध्ययन गरेको हुनुपर्नेछ। प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्नुपर्ने विषय बिजनेस अर्गनाइजेसन एन्ड अफिस म्यानेजमेन्ट (बुम), एकाउन्ट, मार्केटिङ, बिजनेस म्याथ तथा फाइनान्स हुन्। प्रवीणता प्रमाणपत्र तहमा विज्ञान तथा व्यवस्थापन विषय लिएका विद्यार्थीले स्नातकमा व्यवस्थापन अध्ययन गर्न पाउनेछन्।

ब्याचलर अफ कम्प्युटर इन्फर्मेसन सिस्टम (बीबीआइएस)

ब्याचलर अफ कम्प्युटर इन्फरमेसन सिस्टम (बीबीआइएस) को अध्ययन समय चार वर्षको हुन्छ। यो विषय सेमेस्टर प्रणालीअनुरूप अध्ययन गर्नुपर्छ। प्रत्येक ६ महिनाको एक सेमेस्टर हुन्छ। आठ सेमेस्टर अध्ययन गरिसकेपछि यसको अध्ययन पूरा भएको मानिन्छ। नेपालमा यो विषय केही वर्षअघि मात्र भित्रिएको हो। बीसिआइएसका पाठ्यक्रममा सूचना प्रविधि तथा व्यवस्थापन दुई विषय समावेश गरिएका छन्। उक्त विषयलाई हाल निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालयको सम्बन्धन लिएका क्याम्पसले अध्यापन गराइरहेका छन्। यो विषय अध्ययन गर्ने विद्यार्थीलाई नेपाली भाषामा प्राविधिक व्यवस्थापक पनि भनिन्छ। यो विषय अध्ययन गरिसकेपछि सिस्टम एनालाइसिस्ट, इन्फरमेसन एनालाइसिस्ट, डाटाबेस म्यानेजर, नेटवर्क एडमिनिस्ट्रेटर्स जस्ता पदमा काम गर्न सकिन्छ। यो विषय अध्ययन गर्दा स्नातकसम्मका लागि २ देखि ३ लाख रुपैयाँसम्म खर्च पर्छ। स्नातकपछि थप अध्ययन गर्नुपरे भारत, युरोप तथा अमेरिका जानुपर्ने हुन्छ।

यो विषय अध्ययन गर्नका लागि अङ्ग्रेजी भाषा, कम्प्युटर सिस्टम तथा एप्लिकेसन्स, डिजिटल सिस्टम फाइनेन्सियल प्रोगामिङ, सिस्टम एनालाइसिस एन्ड डिजाइन, गणित, तथ्याङ्क, डाटाबेस म्यानेजमेन्ट, नेटवर्क एन्ड डाटा कम्युनिकेसन, भिजुवल प्रोग्रामिङ, अपरेटिङ सिस्टम, कम्प्युटर ग्राफिक्स, वेब टेक्नोलोजी, इकोनोमिक्स अफ कम्प्युटर, कम्प्युटर आर्किटेक्चर एन्ड माइक्रोप्रोसेसर जस्ता विषय अध्ययन गर्नुपर्छ।

हेल्थकेयर म्यानेजमेन्ट

सामान्यतया: अस्पताल सञ्चालन गर्ने काम डाक्टरको हो भन्ने आम मानिसको सोचाइ हुन्छ तर डाक्टरहरू अस्पताल सञ्चालन गर्ने साधनमात्र हुन्। अस्पतालमा डाक्टरबाहेक, नर्स, अन्य कर्मचारी, अस्पतालका लागि चाहिने आवश्यक सामग्री त्यसको व्यवस्थापन आदिको आवश्यकता पर्छ। यी सबै कुराको व्यवस्थापन गर्न एक कुसल व्यवस्थापन चाहिन्छ। यस्तो व्यवस्थापन हेल्थकेयर म्यानेजमेन्ट अध्ययन गरेकाहरूबाट मात्र सम्भव छ। नेपालमा प्राइभेट अस्पताल तथा नर्सिङहोम खुल्न थालेपछि हेल्थकेयर म्यानेजमेन्ट अध्ययन गरेका दक्ष व्यक्तिको आवश्यकता पर्‍यो। यही आवश्यकता पूरा गर्न पोखरा विश्वविद्यालयले यसको अध्यापन प्रारम्भ गरेको छ। यो विषय नेसनल ओपन कलेजले अध्यापन गराउँदै आएको छ।

हेल्थ केयर म्यानेजमेन्टमा ३ वर्षे स्नातक तथा २ वर्षे स्नातकोत्तर तह छुर्‍याइएको छ। नेपालमा यो विषय अध्ययन गरेकाहरूले स्वदेश तथा विदेशका स्वास्थ्य संस्थाहरूमा रोजगारी पाउने गरेका छन्। यो वियषमा हस्पिटल एड्मिनिस्ट्रेसन, हस्पिटल एन्ड हेल्थ केयर प्लानिङ, हेल्थ केयर एन्ड इपिडिमियोलोजी, हेल्थ सिस्टम पोलिसी, हेल्थ प्रोग्राम मेनेजमेन्ट, हेल्थ इन्फरमेसन सिस्टम, इन्भेन्टरी म्यानेजमेन्ट, इन्भाइरोमेन्टल हेल्थ म्यानेजमेन्ट, स्पेसल टपिक्स अफ हेल्थ म्यानेजमेन्ट, हेल्थ केयर इकोनोमिक्स, हेल्थ केयर मार्केटिङ, हेल्थ स्ट्राटेजिक म्यानेजमेन्ट आदि पाठ्यक्रम पढ्नुपर्छ। निजी अस्पतालमा काम गर्ने चिकित्सक तथा सञ्चालकहरूले समेत यो विषय अध्ययन गर्ने गरेको उदाहरण छ। यो विषय अध्ययन गर्न इच्छुक विद्यार्थीलाई पहिले कलेजले नै परामर्शसेवा उपलब्ध गराउनुका साथै तुरुन्तै परीक्षा लिने गरेको छ। यस्तो परीक्षा लिखित तथा मौखिक हुन्छ।

ट्राभल एन्ड टुरिज्म

नेपाल पर्यटकीय मुलुक हो। नेपालमा वर्षेनी ५ लाखभन्दा बढी पर्यटक आउँछन्। पर्यटकको वृद्धिले पर्यटकीय व्यवसाय फस्टाउने गरेको छ। यही व्यवसायलाई ध्यानमा राख्दै नेपालका कलेजहरूले ट्राभल एन्ड टुरिज्मसम्बन्धी अध्ययन-अध्यापन गर्दै आएका छन्। नेपालमा यो विषय पढ्ने विद्यार्थीको संख्या द्रुत गतिमा बढिरहेको छ। त्यसैले यो विषयमा अध्ययन गराउने कलेजहरूले प्लस टुदेखि स्नातकोत्तर तहसम्मका कक्षाहरू सञ्चालन गरिरहेका छन्। यो विषय अध्यापन गरेका विद्यार्थीले स्वरोजगार सिर्जना गर्न सक्छन्। यति मात्र नभई शिक्षण र वैदेशिक रोजगारको सम्भावना पनि उत्तिकै रहन्छ।

होटल म्यानेजमेन्ट

पर्यटनकै क्षेत्रमा लाग्न चाहने विद्यार्थीहरूका लागि होटल म्यानेजमेन्टको अध्ययन पनि आर्कषक बन्दै गएको छ। नेपालमा मात्र नभएर वैदेशिक रोजगारमा जान चाहनेले पनि यो विषय अध्ययन गर्दै आएका छन्। विद्यार्थीको आकर्षण बढ्दै गएपछि नेपालका धेरैजसो निजी तथा सामुदायिक कलेजहरूले होटल म्यानेजमेन्टका विषय अध्यापन गराउन थालेका छन्। प्लस टुको पाठ्यक्रममा पनि यो विषयलाई समावेश गरिएको छ। यस्ता कलेजमा नेपाल एकेडेमी अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्ट कलेज पनि एक हो। यो विषयमा स्नातकोत्तर तहको शिक्षा दिने क्याम्पस काठमाडौं ट्राभल एन्ड टुरिज्म कलेज हो। होटल म्यानेजमेन्ट अर्न्तगत हाउस किपिङ, फ्रन्ट अफिस, खाना तथा पेय पदार्थ, फुड प्रोडक्सन, डिप्लोमा इन हस्पिटालिटी अध्यापन गराइन्छ। यो विषय अध्ययन गर्न २ देखि ४ लाख खर्च हुन्छ। यसका लागि होटल म्यानजेमेन्ट पोखरास्थित कलेज पनि उत्कृष्ट मानिन्छ।

चार्टर्ड एकाउन्ट

ठूला हिसाब किताब राख्नुपर्ने बाध्यता, सरकारको आर्थिक नीति तथा प्रतिस्पर्धी बजारमा चार्टर्ड एकाउन्टेन्टको महत्त्व बढ्दै गएको छ। केहि वर्षअघि रहर हुनेहरू मात्र यो विषय अध्ययन गर्न रुचाउँथे। अहिले भने यो बजारको आवश्यकताको विषय भएको छ। बजारको आवश्यकताको विषय भएकै कारण धेरै विद्यार्थीले यो विषयलाई चुनौती तथा सजिलै रोजगार हुन पाउने विषयका रूपमा चित्रित गरेका छन्। यो विषय अध्ययन गर्न तीक्ष्ण बुद्धि चाहिने भएकाले डाक्टर, इन्जिनियरका प्रवेश परीक्षा उत्तीर्ण नगरेका तथा व्यवस्थापनमा राम्रो अङ्क हासिल गर्नेहरूले यो विषयमा आफ्नो करिअर बनाउने प्रयास गर्छन्।

हरेक राष्ट्रमा चार्टर्ड एकाउन्टेन्टको योग्यता निर्धारण गर्न छुट्टै निकायको व्यवस्था गरिएको हुन्छ। दि इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्स अफ नेपालले चार्टर्ड एकाउन्टेन्टहरूलाई आधिकारिक मान्यता दिँदै आएको छ। नेपालमा ५ सयभन्दा बढी चार्टर्ड एकाउन्टेन्ट उत्पादन भैसकेका छन्। अहिलेको बजारलाई विश्लेषण गर्दा पनि नेपालमा करिब १२ सय चार्टर्ड एकाउन्टेन्टको आवश्यकता रहेको विज्ञहरूले बताएका छन्। भारतको दि इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट अफ इन्डिया नामक संस्थासँग मिलेर चार्टर्ड एकाउन्टेन्स अफ नेपालले यो विषयको अध्यापन सुरु गरेको हो। बीबीएसमा ५० प्रतिशत अङ्क ल्याएर उत्तीर्ण गरेका विद्यार्थीले चार्टर्ड एकाउन्टेन्सी कोर्स गर्न पाउँछन्। यसबाहेक प्लस टु वा प्रवीणता प्रमाणपत्रतह उत्तीर्ण गरेकाले एक वर्षे

बाँकी पृष्ठ २० मा

उच्च शिक्षामा विज्ञान संकायको सम्भावना

अनुसन्धान र प्रविधिको क्षेत्रमा उच्च शिक्षा अध्ययनका लागि विज्ञान तथा प्रविधि संकायको आधार राम्रो मानिन्छ। अध्ययनका दृष्टिकोणले खर्चिलो तथा अन्य संकायको तुलनामा बढी मेहनत गर्नुपर्ने भएकाले सामान्यतया विज्ञान तथा प्रविधि संकायलाई उपल्लो दर्जामा राखिन्छ। त्यतिमात्र होइन, विज्ञान तथा प्रविधिको क्षेत्रमा पर्याप्त अवसर हुने भएकाले यो संकाय एसएलसीमा राम्रो अंक ल्याएर उत्तीर्ण हुनेहरूको पहिलो रोजाइमा पर्छ। एसएलसीमा राम्रो अंक ल्याएर उत्तीर्ण हुनेहरूले कलेज अध्ययनमा छात्रवृत्तिको अवसर पनि पाउने भएकाले विज्ञान उत्कृष्ट विद्यार्थीहरूको गन्तव्य बनेको छ।

विज्ञानसम्बन्धी विविध विषयमा उच्च शिक्षा अध्ययन गर्न आइएस्सी वा प्लस टुको अध्ययन पूरा गरेपछि आफूले चाहेको विषय अध्ययन गर्ने अरू थुप्रै बाटा खुल्छन्। परम्परागत भौतिकशास्त्र, जीवशास्त्र, रसायनशास्त्र तथा गणितको उच्च अध्ययनपछि पनि सम्बन्धित क्षेत्रमा विशेषज्ञता हासिल गर्ने भएकाले अवसरको कमी हुँदैन। विज्ञान संकायभित्रका यी ४ वटा विषयका जनशक्ति स्वदेशमा मात्र होइन, विदेशमा पनि योग्य सावित हुनुले यो संकायमा अहिले पनि धेरै विद्यार्थी उच्च शिक्षा हासिल गरिरहेका छन्।

आधुनिकतासँगै विज्ञान संकायमा नयाँ विषय पनि भित्रिएका छन्। बायोटेक्नोलोजी, बायोकेमेस्ट्री, माइक्रोबायोलोजी, इन्भाइरोन्मेन्ट साइन्स, पब्लिक हेल्थ म्यानेजमेन्ट, बीएस्सी नर्सिङ, फुड टेक्नोलोजी, कम्प्युटर साइन्स, ब्याचलर इन इन्फरमेसन्स टेक्नोलोजी इन्जिनियरिङ, एनिमल हस्बेन्ड्री, एग्रोफरेस्ट्री, भेटेनरी साइन्सजस्ता विषय विज्ञान संकायअन्तर्गत समावेश भएका नयाँ विषय हुन्। विज्ञान तथा प्रविधिको क्षेत्रमा थुप्रै व्यावसायिक तथा व्यवस्थापकीय विषयहरूको प्रवेश भएको छ। मेडिकल एवं इन्जिनियरिङ विषयको दाँजोमा सम्मिश्रण भएर आएका नयाँ विषयहरू जस्तै बायोटेक्नोलोजी, इन्भाइरोन्मेन्टसाइन्स, पब्लिक हेल्थ म्यानेजमेन्ट, बीएस्सी नर्सिङजस्ता नयाँ विषयमा विद्यार्थीको आकर्षण बढ्दो छ।

प्लस टु तथा प्रमाणपत्र तहमा विज्ञान संकाय लिएर अध्ययन गर्ने विद्यार्थीका लागि दुईवटा रोजाइ छन्। पहिलो भौतिक शास्त्र तथा दोस्रो जीवविज्ञान। भौतिक शास्त्र अध्ययन गरेका विद्यार्थीका लागि उच्च शिक्षामा इन्जिनियरिङ मुख्य बाटो हो। त्यसैगरी जीव विज्ञान अध्ययन गरेकाहरूले मेडिसिनका क्षेत्रमा उच्च शिक्षा हासिल गर्न सक्छन्। जीव विज्ञान लिएर उच्चशिक्षा हासिल गरेका विद्यार्थीहरूले २ सय पूर्णाङ्कको अतिरिक्त विषय गणित अध्ययन गरेको खण्डमा इन्जिनियरिङमा जान सक्छन् भने भौतिक शास्त्र उत्तीर्ण विद्यार्थीले मेडिसिनको क्षेत्रमा जाने कुनै बाटो हुँदैन।

पिनाकल एकेडेमीका प्रिन्सिपल ऋषि तिवारीका अनुसार विज्ञान संकायको आधार भयो भने विद्यार्थीहरू उच्च शिक्षाका क्रममा व्यवस्थापन, मानविकी तथा शिक्षा संकायमा जान सक्छन्। विज्ञान तथा प्रविधि व्यावहारिक विषय भएकाले यो विषय अध्ययन गरेका दक्ष जनशक्तिको मागमा कहिल्यै कमी हुँदैन, प्रिन्सिपल तिवारी भन्छन्- यो संकाय अध्ययन गरेको व्यक्तिले स्वरोजगारी पनि सिर्जना गर्नसक्छ, त्यसकारण पनि यो संकायको महत्त्व र आवश्यकता धेरै छ।

विज्ञान विषयमा उच्च शिक्षाका लागि त्रिभुवन विश्वविद्यालयमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान, इन्जिनियरिङ अध्ययन संस्थान एवं चिकित्साशास्त्र अध्ययन संस्थान गरी पाँचवटा अध्ययन संस्थान स्थापना गरिएका छन्। यो विश्वविद्यालय अन्तर्गत चिकित्साशास्त्रमा एमबीबीएस, पब्लिक हेल्थ, फार्मेसी, नर्सिङ आदि पाठ्यक्रममा अध्यापन गराइन्छ, तर बीएस्सी नर्सिङको पाठ्यक्रममा अध्यापन गराइँदैन। यो विषयको अध्ययन हाल पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा हुने गरेको छ। यसैगरी विज्ञान तथा प्रविधि संस्थानअन्तर्गत, भौतिक शास्त्र, बोटनी (वनस्पति विज्ञान), जुलोजी (जीव विज्ञान), मौसम विज्ञान, जिओलोजी (भूगर्भ शास्त्र), रसायन शास्त्र, वातावरण व्यवस्थापन विज्ञान, तथ्याङ्क आदि विषय अध्यापन गराइन्छ। इन्जिनियरिङको अध्ययनमा सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल, आर्किटेक्चर तथा कम्प्युटरको अध्ययन गराइन्छ। यसका साथै इन्जिनियरिङमा नगर-योजना संरचना (स्ट्रक्चरल), वातावरण इन्जिनियरिङ, वाटर रिर्सोसेज इन्जिनियरिङ, रिन्युबल इनर्जी इन्जिनियरिङ, इन्फर्मेसन एन्ड कम्युनिकेसन इन्जिनियरिङ, पावर सिस्टम इन्जिनियरिङ, जिओटेक्निकल इन्जिनियरिङका पाठ्यक्रममा अध्यापन गराइन्छ। यसबीच त्रिभुवन विश्वविद्यालयले इन्भाइरोन्मेन्ट साइन्सको पाठ्यक्रम आफैंले लागू गरेको छ भने माइक्रोबायोलोजी टेक्नोलोजी आदि केही विषयमा निजी क्याम्पसलाई मात्र सम्बन्धन दिएको छ।

काठमाडौं विश्व-विद्यालयको स्कुल अफ साइन्स फ्याकल्टी पनि विज्ञान र प्रविधि विषयको पाठ्यक्रम अध्यापन गराउन अग्रणी छ। विज्ञानसँग सम्बन्धित नियमित विषयका पाठ्यक्रमका अतिरिक्त वातावरण विज्ञान, कम्प्युटर साइन्स, बायोटेक्नोलोजी, ह्युमन बायोलोजीका साथै पब्लिक हेल्थको पाठ्यक्रमलाई यो विश्वविद्यालयले समावेश गरेको छ। विश्वविद्यालयले मेडिकल क्षेत्रका नर्सिङ, अप्थाल्मोलोजी, फिजियोथेरापी, फर्मेसी तथा ल्याबटेक्नेसियनजस्ता विषयमा तीनवर्षे कोर्स अध्ययन गराइरहेको छ। त्यसैगरी स्कुल अफ इन्जिनियरिङअन्तर्गत इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स र मेकानिकल इन्जिनियरिङका चारवर्षे स्नातक तहमा अध्ययापन गराइन्छ भने इन्फेर्मेसन टेक्नोलोजी, कम्युनिकेसन तथा मेकानिकल इन्जिनियरिङमा स्नातकोत्तर तहसम्मका कक्षाहरू सञ्चालन हुन्छन्। यसैगरी पोखरा विश्वविद्यालयले सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, कम्प्युटर सफ्टवेयर इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स, इन्फर्मेसन टेक्नोलोजी आर्किटेक्चर जस्ता विषयमा अध्यापन गराउँछ। त्यस्तै बायोकेमेस्ट्री, इन्भाइरोमेन्ट म्यानेजमेन्ट, फर्मास्युटिकल्स साइन्स, मेडिकल ल्याबोरट्री टेक्नोलोजी आदि विषय अध्यापन गराउन निजी क्याम्पसलाई सम्बन्धन एवं स्वीकृति प्रदान गरेको छ। पोखरा विश्वविद्यालयले मेडिकल बायोकेमेस्ट्री, पब्लिक हेल्थ तथा नर्सिङका पाठ्यक्रममा अध्यापन प्रारम्भ गरेको छ।

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ क्षेत्रका नियमित विषयका अतिरिक्त इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, बायोमेडिकल, ज्यामितीय तथा भू-श्रोत व्यवस्थापनजस्ता नयाँ विषयको अध्यापन प्रारम्भ भएको छ। विश्वविद्यालयले ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), इन्फर्मेसन टेक्नोलोजी (बीआईटी, बिटेक डेरीजस्ता नयाँ विषय

बाँकी पृष्ठ २० मा

मानविकी संकाय पनि पहिलो रोजाइ बन्दैछ

कुनै बेला एसएलसीमा राम्रो नम्बर ल्याएर उत्तीर्ण हुनेले विज्ञान नै पढ्नुपर्छ भन्ने मान्यता थियो। त्यसमा पनि खास गरेर एसएलसीमा प्रथम श्रेणी ल्याउनेले विज्ञान, दोस्रो स्थान ल्याउनेले कमर्स र तेस्रो स्थान ल्याउनेले आर्ट्स अर्थात् मानविकी पढ्नुपर्छ भन्ने थियो, तर आज ती मान्यता पुराना भैसकेका छन्।

मानविकीको अध्ययनले मान्छेलाई बेरोजगार बनाउँछ भन्ने मान्यता पनि अब पुरानो भैसकेको छ। यो संकायमा थपिएका नवीन र व्यावहारिक विषयले यसलाई दह्रो बनाएको हो। समाजशास्त्र, मानवशास्त्र, जनसंख्या, वातावरण, आमसञ्चार तथा पत्रकारिता, ग्रामीण विकास योजना, रुरल डेभलपममेन्ट, रुरल इकोनोमिक्स, ह्युमन एन्ड नेचुरल स्टडिज, विकासशास्त्र, सोसियल वर्क, पर्यटनजस्ता विषय अहिले विद्यार्थीको रोजाइ भएका छन्।

यतिबेला आमसञ्चारको क्षेत्रमा पर्याप्त अवसर देख्न सकिन्छ। युवा पुस्ताको ठूला जमात मिडियातर्फ आकर्षित देखिन्छ। टेलिभिजन, रेडियो र छापा पत्रकारिता वास्तवमा नै युवाहरूको आकर्षणको केन्द्र बनेका छन्।

खासगरी २०४६ सालपछिको समाजमा मानविकीको महत्त्व बढेको पाइन्छ। समाजसेवा, विकास योजना, ग्रामीण विकास तथा अन्य सीपमूलक कार्यका लागि मानविकीको अध्ययन उपयुक्त देखिन्छ। दिन-प्रतिदिन अत्याधुनिक हुँदै गएको विश्वमा प्राविधिक शिक्षासँगै हातेमालो गर्दै प्रतिस्पर्धामा अघि बढ्न मानविकी संकायका विषयहरू सक्षम भएका छन्। नेपाल आफैँमा विकासोन्मुखका साथै बहुसंस्कृतिले धनी राष्ट्र भएकाले मानविकीअन्तर्गतका विषयको अध्ययन यहाँको जनजीवनसँग मेल खान्छ। लोप हुँदै गएको संस्कृतिका बारेमा अध्ययन अनुसन्धान गर्न पाइन्छ। अन्य देशमा गएर मानविकीका धेरैजसो विषयमा छात्रवृत्तिमा अध्ययन, अनुसन्धान गरिएका उदाहरण पनि धेरै छन्। तुलनात्मक रूपमा स्नातकोत्तर र विद्यावारिधि गर्नेमा पनि मानविकी संकायले नै जितेको छ।

विभिन्न विश्वविद्यालयको पाठ्यक्रममा समावेश गरेका मानविकी संकायका विषयहरू

त्रिभुवन विश्वविद्याल

समाजशास्त्र, मानवशास्त्र, ग्रामीण विकास, विकास योजना, अर्थशास्त्र, राजनीतिशास्त्र, जनसंख्या, भाषा, पत्रकारिता, अंग्रेजी तथा गणित, संगीत, फाइन आर्ट्स, वातावरण, संस्कृति आदि।

पूर्वाञ्चल विश्वविद्यालय

आमसञ्चार तथा पत्रकारिता, जनसंख्या व्यवस्थापन, ग्रामीण विकास योजना, लिवरल आर्ट्स एन्ड साइन्स, इन्टेरियर डिजाइन, सोसियल वर्क, पिस एन्ड कन्फ्लिक्ट, जर्नालिज्म, साइको-सोसियल इन्टरभेन्सन, रुरल इकोनोमिक्स, डेभलपमेन्ट एन्ड प्लानिङ एन्ड स्टडिज आदि।

काठमाडौँ विश्वविद्यालय

संगीत, बुद्धिज्म स्टडिज, फाइन आर्ट्स, मिडिया स्टडिज, ह्युमन एन्ड नेचुरल स्टडिज, सोसियल वर्क, विकासशास्त्र आदि।

पोखरा विश्वविद्यालय

अंग्रेजी, जनसंख्या, लैंगिक विकास कार्यक्रमलगायत अन्य विश्वविद्यालयकै कतिपय विषयहरू।

(पुनश्च : चार विश्वविद्यालयले तीन दर्जनजति विषय मानविकी संकायमा समावेश गरेका छन्।)

समाजमा गनिएका बौद्धिक जमातमा मानविकी अध्ययन गर्नेहरूकै बाहुल्य छ। कर्मचारीतन्त्र, राजनीतिका खेलाडीहरूदेखि हरेक स्थानमा मानविकीकै जादु चलेको पाइन्छ। मानविकी पढ्नेहरू केही वर्षअघिसम्म बढी नै बेरोजगार थिए, तर पछिल्लो समयमा यो कुरालाई व्यवहारले खण्डन गरिसकेको छ।

समाजशास्त्र, मानवशास्त्र र विकासशास्त्र

नेपालको विकास अभियानमा धेरै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू क्रियाशील भएको पाइन्छ। संयुक्त राष्ट्रसंघ र नाम चलेका आईएनजीओ तथा कूटनैतिक नियोगहरूबाट सञ्चालित विकास कार्यक्रमहरूका निम्ति समाजशास्त्र, मानवशास्त्र लगायतका विषयमा अध्ययन गर्नेहरूको माग ह्वात्तै बढेको पाइन्छ। यसकारण पनि यी विषयको अध्ययनमा विद्यार्थीहरू बढी केन्द्रित देखिन्छन्। अहिले सबैजसो विश्वविद्यालयले समाजशास्त्र र मानवशास्त्रलाई महत्त्व दिएका छन्।

पूर्वाञ्चल विश्वविद्यालयले अघिल्लो वर्षदेखि विकासशास्त्रको अध्यापन प्रारम्भ गरेको छ। यो विषयमा अध्ययन गर्नेले पाठ्यक्रमअन्तर्गत सामुदायिक विकासका लागि सहभागिता, अर्थशास्त्रका सिद्धान्त, व्यवस्थापनका सिद्धान्त, विकासका सिद्धान्त, गरिबी निवारण, योजना तर्जुमा, विश्लेषण, योजना कार्यान्वयन, विकेन्द्रीकरण तथा सुशासनका सिद्धान्त, द्वन्द्व व्यवस्थापन, कृषि तथा गामीण विकास, प्राकृतिक स्रोत प्रणाली, सार्कक्षेत्रको विकास अनुभव, सामाजिक प्रभाव, तथ्यांकशास्त्र आदि विषयमा अध्ययन गर्नैपर्ने हुन्छ।

आमसञ्चार तथा पत्रकारिता

नेपालमा १ सय ५० भन्दा बढी प्लस टु कलेजमा पत्रकारिता विषयमा अध्यापन गराइन्छ। खासगरी त्रिभुवन विश्वविद्यालयको रत्नराज्य क्याम्पस तथा पूर्वाञ्चलका केही क्याम्पसले धमाधम पत्रकारहरूको ठूलो जमात तयार गरिरहेका छन्। रत्नराज्यले झन्डै तीन दशकदेखि पत्रकारिताको अध्यापन गराउँदै आए पनि यसको महत्त्व र द्रुत विकास भने २०४६ पछि नै भएको पाइन्छ।

विज्ञान विषयमा अध्ययन गर्नेले विज्ञानमा केन्द्रित हुनुपर्ने हुन्छ भने व्यवस्थापन विषयमा अध्ययन गर्नेले पनि सीमित विषयमा नै केन्द्रित हुनुपर्ने हुन्छ। मानविकी यस्तो संकाय हो जहाँ हरेक विषय समेटिएका छन्। यो व्यावहारिक संकायका रूपमा पनि परिचित हुन थालेको छ।

पीटीआई कलेज, जावलाखेल

सङ्ख्यात्मकभन्दा गुणात्मकतामा ध्यान दिँदै आएको पीटीआई कलेज नयाँ भए पनि शैक्षिक परिणामका आधारमा राजधानीका उत्कृष्ट कलेजहरूमध्ये एक हो। वि.सं. २०६१ सालमा स्थापना भएको यो कलेजले गत वर्षको परीक्षामा ९५ प्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराएको कलेजका अध्यक्ष मदनकृष्ण श्रेष्ठले बताए। भौतिक पूर्वाधारमा प्रयोगशाला, खेलकुद क्षेत्र, पुस्तकालय, अतिरिक्त क्रियाकलाप सञ्चालनलगायत सबै क्षेत्रमा कलेजले विशेष ध्यान दिएको छ। दक्ष तथा अनुभवी शिक्षकहरूको समूहले प्राध्यापन गराउने यो कलेजमा हाल ४ सय ५० विद्यार्थी अध्ययनरत छन्। कलेजले होटल म्यानेजमेन्ट, आमसञ्चार तथा पत्रकारिता जस्ता व्यवसायिक विषयहरूलाई समेटेको छ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	१२०	१६००
व्यवस्थापन	१३५	११५०
मानविकी	४०	१०५०

पिनाकल कलेज, लगनखेल

वि.सं. २०५५ सालमा स्थापना भएको पिनाकल कलेजले गुणस्तरीय शिक्षामा ध्यान दिँदै आएको छ। लगनखेलस्थित यो कलेजले प्लस टुका अतिरिक्त सिटिइभिटीको सम्बन्धनमा तीनवर्षे सर्टिफिकेट डिप्लोमा पनि गराउँदै आएको छ। मध्यम एवं निम्न मध्यमवर्गीय परिवारलाई लक्षित गरेर स्थापना गरिएको यो कलेजको शुल्क औसत छ। प्रिन्सिपल ऋषि तिवारीका अनुसार विद्यार्थीको चाहनालाई लक्षित गरेर अधिकतम् विषयमा कलेजले अध्यापन गराउँदै आएको छ। प्राज्ञिक पृष्ठभुमी भएका शिक्षकहरूको सक्रियतामा संचालित यो कलेजमा अध्ययन गर्ने ९० प्रतिशत विद्यार्थी उत्तिर्ण हुने गरेका छन्। सुविधासम्पन्न प्रयोगशाला, पुस्तकालय, खेलकुद क्षेत्र, शहरका सबै मुख्य स्थानमा यातायातको व्यवस्था, अनुशासनमा विशेष जोड, अध्ययनका लागि पारिवारिक शैक्षिक वातावरण, छात्रावासको व्यवस्था लगायत सवै क्षेत्रमा कलेजले ध्यान दिएको छ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	३५०	१७००
व्यवस्थापन	३००	१२००
मानविकी	५०	१०५०

एसभी एकेडेमी, बुद्धनगर

वि.सं. २०५९ मा स्थापना भएको एसभी एकेडेमी, बुद्धनगरले प्लस टुमा चारवटा संकायमा अध्यापन गराउँदै आएको छ। ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, आमसञ्चार तथा पत्रकारिता, समाजशास्त्र, कम्प्युटर साइन्स, वातावरणजस्ता विषय राखेको यो कलेजले गुणस्तरीय शिक्षामा ध्यान दिएको छ। 'सामुदायिकताको अवधारणामा यो कलेज स्थापना भएको हो,' प्रिन्सिपल नरेन्द्र राजभण्डारी भन्छन्- 'शुल्कका दृष्टिकोणले पनि यो कलेज अन्य कलेजभन्दा सस्तो छ।' शिक्षामा सबैको पहुँच हुनुपर्छ भन्ने अवधारणमा स्थापना भएको यो कलेजमा प्राध्यापन गर्ने प्राध्यापकहरूको समूह पनि दक्ष तथा अनुभवी छ। त्यस्तै कलेजले भौतिक पुर्वाधारमा पनि विशेष ध्यान दिएको छ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	६०	१५००
व्यवस्थापन	२००	७००
मानविकी	८०	५५०
शिक्षा	४०	५५०

ग्लोबल कलेज अफ म्यानेजमेन्ट, बानेश्वर

व्यवस्थापन संकाय मात्र अध्यापन हुने ग्लोबल कलेज अफ म्यानेजमेन्ट मध्यबानेश्वरमा छ। पूर्व गर्भनर डा. तिलक रावल प्रिन्सिपल रहेको यो कलेजले व्यवस्थापन संकायअन्तर्गत प्लस टु देखि स्नातकोत्तर तहसम्म अध्यापन गराउँदै आएको छ। कलेजका भाइस प्रिन्सिपल नरबहादुर विष्टका अनुसार उच्च भौतिक संरचना तथा स्तरीय अध्यापन यो कलेजको मुख्य विशेषता हो। ९५ प्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराउन सफल ग्लोबल कलेजमा हाल ९ सय ५० विद्यार्थी अध्ययनरत छन्। कलेजले मध्यमवर्गीय परिवारलाई लक्षित गरेको छ ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
व्यवस्थापन	४००	१५००

अन्नपूर्ण कलेज, कान्तिपथ

कान्तिपथस्थित अन्नपूर्ण कलेजको स्थापना २०५४ सालमा भएको हो। शहरको बीचमा भएर पनि यहाँको वातावरण शान्त छ। पारिवारिक वातावरणमा अनुशासित तरिकाले अध्ययन गरी यहाँका विद्यार्थीहरू उत्साहजनक रूपमा प्रगति गरिरहेको कुरा प्रिन्सिपल चन्द्रप्रकाश राजभण्डारी बताउँछन्। यहाँका ९० प्रतिशतभन्दा बढी विद्यार्थीहरू उत्तीर्ण हुन्छन्। विभिन्न प्रकारका छात्रवृत्ति तथा पुरस्कार र सहुलियतहरू यो कलेजले उपलब्ध गराएको छ। थोरै शुल्क, थोरै विद्यार्थी र शान्तमय वातावरण नै यो कलेजको विशेषता हो।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	८०	१२००
व्यवस्थापन	१२०	९००

जेभियर इन्टरनेसनल कलेज, कालोपुल

सन् २००० मा स्थापना भएको जेभियर इन्टरनेसनल राजधानीका थोरै उत्कृष्ट कलेजमध्येको एक मानिन्छ। पूर्व उपकुलपति प्रा. डा. कमलकृष्ण जोशीको नेतृत्व, योग्य शिक्षक-शिक्षिका र जागरूक अभिभावकको आकर्षणले नै जेभियर इन्टरनेसनललाई सफल बनाएको कलेजको दावी छ। कलेजले प्लस टु मात्र होइन, क्याम्ब्रिज विश्वविद्यालयको ए लेभल पनि सञ्चालन गरेको छ। गुणस्तरीय शिक्षामा विशेष ध्यान दिँदै आएको यो कलेज अतिरिक्त क्रियाकलापमा पनि अगाडि छ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	२४०	१९००
व्यवस्थापन	२४०	१६००
मानविकी	४०	१६००

नोबल एकेडेमी, नयाँ बानेश्वर

वि.सं. २०५५ सालमा उच्च माध्यमिक शिक्षा प्रारम्भ गरेको नोबेल एकेडेमीले प्लस टुका अतिरिक्त पोखरा विश्वविद्यालयको सम्बन्धनमा बीबीए, बीसीआईएस, व्याचलर इन पब्लिक हेल्थमा अध्यापन गराउँदै आएको छ। नोबेलले सिटिईभिटीको सम्बन्धनमा डिप्लोमा इन फार्मेसी कोर्स पनि अध्यापन गराउँछ। नयाँ बानेश्वरस्थित नोबेलको मुख्य भवनमा स्कुल तथा प्लस टु अध्यापन गराइन्छ भने स्नातक तह सिनामंगलस्थित भवनमा अध्यापन गराइन्छ। नोबलका प्रमुख निर्देशक सुरेन्द्र श्रेष्ठ भन्छन्- नोबेल उच्च शैक्षिक परिणामका आधारमा भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा स्थापित भैसक्केको छ। गुणस्तरीय शिक्षा प्रदान गर्ने नोबल एकेडेमीले योग्य शिक्षकहरूद्वारा व्यावहारिक तथा प्रयोगात्मक ढंगबाट जीवनपयोगी शिक्षा प्रदान गर्दै आएको छ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	३००	१९००
व्यवस्थापन	३५०	१७५०
मानविकी	४०	१५००

क्याम्ब्रिज कलेज, कुलेश्वर

वि.सं. २०५६ सालमा स्थापना भएको क्याम्ब्रिज कलेज, कुलेश्वरले गुणस्तरीय शिक्षामा ध्यान दिँदै आएको छ। दक्ष तथा अनुभवी शिक्षकहरूले अनुशासित वातावरणमा अध्यापन गराउने यो कलेजले विद्यार्थी आकर्षणका होटल म्यानेजमेन्ट, ट्राभल एन्ड टुरिज्मजस्ता व्यावसायिक विषयहरूलाई समेत समेटेको छ। सीमित विद्यार्थी मात्र भर्ना लिन्छौं, कलेजका निर्देशक महेन्द्र यादव भन्छन्- त्यसकारण कलेजले विश्वसनीयता पनि कमाएको छ। कलेजले विश्वविद्यालयसम्मको यात्रा गर्ने योजना बनाएको यादवले बताए। मध्यम वर्गीय परिवारलाई लक्षित गरेको यो कलेजले औसत शुल्क निर्धारण गरेको छ। पुल्चोक इन्जिनियरिङ कलेजमा नाम निकाल्नेमा कलेज दोस्रो रहेको यादवले जिकिर गरे। कलेजको शैक्षिक परिणाम ९० प्रतिशत रहेको यादव दावी छ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	१७५	२१००
व्यवस्थापन	१७५	१५००
मानविकी	३५	१५००

लभगुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

भन्छन्, प्रेम अन्धो हुन्छ, के यो साँचो हो ? म चाहन्नँ कि मेरो कारणले कसैको जीवनमा खेलबाड होस् । मेरो विवाह भैसकेको छ तर पनि मैले आफ्ना नजिकका साथीहरूलाई पनि यो कुरा भनेको छैन । यसै क्रममा एक जना युवतीले मलाई मन पराउँछिन्, मैले केही जवाफ दिन सकेको छैन । लगभग एक वर्षसम्म पनि मैले उनलाई आफ्ना बारेमा केही भनिन्, आज एक्कासि भन्न आँट आएन । यदि आज आएर यथार्थ कुरा उनलाई भनें भने उनले मलाई घृणा गर्छिन् र माफसमेत गर्दिनन् । अब म के गरूँ ?

–बी.

तपाईंले आफ्नो पत्रमा प्रेम अन्धो हुन्छ भनेर लेख्नुभएको छ, वास्तवमा प्रेम अन्धो होइन प्रेममा परेको मानिस आवेगमा अन्धो बनेको हुन्छ । तपाईंलाई पनि त्यस्तै भएको रहेछ । आफ्नो विवाह भैसकेको भए पनि फेरि अर्की कन्यालाई यथार्थ नबताई फसाउन खोज्नु नैतिकताले पनि दिँदैन । अर्कातिर उनीसित विवाह नै गर्नुभयो भने पनि पछि तपाईंले बहुविवाहको आरोपमा कानुनी कारबाहीको सामना गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त तपाईंले विवाह गरिसकेको अवस्थामा अरूलाई प्रेमिका बनाएर विवाह गर्न खोज्नुभयो भने पछि तपाईंकी प्रेमिकाको, तपाईंकी श्रीमतीको र यहाँसम्म कि सिङ्गो परिवारकै जीवनमा ठूलो असर पर्ने सम्भावना छ । यसले गर्दा तपाईंहरू सबैको जीवन तहसनहस हुनसक्छ । तपाईंले विगत एक वर्षदेखि आफ्नी कथित प्रेमिकालाई आफ्नो यथार्थ जानकारी नगराएर ठूलो गल्ती गर्नुभएको छ । सम्बन्ध अझ प्रगाढ हुनुभन्दा पहिले नै तपाईंले यथार्थ जानकारी गराउनु आवश्यक छ, तर सहज ढंगले । अहिलेसम्म त केही बिग्रिएको छैन, तर पछि बिग्रियो भने कानुन लाग्छ, इज्जत-प्रतिष्ठा पनि जान्छ । त्यसैले अहिले नै प्रेमिकालाई आफ्नो यथार्थ जानकारी गराएर यो सम्बन्धबाट अलग हुनु आवश्यक छ ।

म पनि "बी" ग्रेड कै हुँ

विक्रान्त बस्नेत

जम्का भेट

हालसम्म विक्रान्त बस्नेतद्वारा अभिनीत एक मात्र चलचित्र बज्रपात प्रदर्ननमा आएको छ, तर प्रदर्शन हुन बाँकी आधा दर्जन चलचित्रमा उनले नायकको भूमिका निर्वाह गरेका छन्। प्रदर्शन हुन बाँकी तथा उनले काम सकेका चलचित्र हुन्- बारुद, घायल, सिकार, मिस्टर डन, राज्य र आँधी तुफान। त्यसैगरी उनी थप आधा दर्जन चलचित्रमा अनुबन्धित छन्। बस्नेत अनुबन्धित भएका चलचित्र हुन्- हतकडी, इन्साफ, आक्रमण, डेन्जर, हाम्रो मिलन कहिले हुन्छ ? एवं भाञ्जाबाबु। रङ्गमञ्च हुँदै चलचित्रतर्फ लागेका बस्नेत एक्कासि व्यस्त भएका छन्।

यति धेरै चलचित्र कसरी हात लागे ?

बज्रपात चलेपछि मलाई धेरै अफर आए ।

एकै पटक यति धेरै चलचित्रमा कसरी काम गर्नुहुन्छ ?

म डेढ-दुई महिनाको फरकमा अनुबन्धित भएको छु । सुटिङ पनि त्यही फरकमा हुन्छ ।

अब तपाईंका दिन आएका हुन् ?

संघर्षकै क्रममा छु। छिट्टै निर्माता-निर्देशकको माया पाउन सकें। अब उहाँहरूको मायाले निरन्तरता पायो र दर्शकहरूले पनि मन पराइदिनुभयो भने मात्रै दिन आएको भन्न मिल्छ ।

पारिश्रमिक पनि ह्वात्तै बढाउनुभयो रे ?

एउटा कलाकारको जीवन मेन्टेन गर्न अर्थात् दैनिक गुजारा चलाउन जति पारिश्रमिकको आवश्यकता पर्छ, त्यति पारिश्रमिक छ मेरो ।

तपाईंलाई 'बी' ग्रेडको हिरो भन्यो भने ठीक हुन्छ ?

मलाई नायक बनाउने नेपालका चलेका निर्देशकहरूलाई 'बी' ग्रेडका भन्ने हो भने म पनि 'बी' ग्रेडकै हुँ। 'सी' ग्रेडको हो भने 'सी' ग्रेडको र 'ए' ग्रेडको भन्ने हो भने 'ए' ग्रेडकै हुँ।

फिल्मी खबर

निर्देशक अनिल संग्रौलाद्वारा अस्ट्रिया र जर्मनमा छायाङ्कन गरिएको चलचित्र 'पाइला' प्रदर्शनका लागि तयार छ। उचित मौका पाउनासाथ सार्वजनिक गरिने उक्त चलाचिमा शिव श्रेष्ठ, दिलीप रायमाझी, अमृत लामा, उषा पौडेल आदिले अभिनय गरेका छन्।

उद्धव अभिजितको निर्देशनमा चलचित्र 'विरोध'को छायाङ्कन अन्तिम चरणमा पुगेको छ। गणेश उप्रेती, रिमेश अधिकारी, ऋचा घिमिरे, नागेन्द्र रिजाल, हिक्मत थपलिया, सूरवीर पण्डित, सेविना अर्याल, गीता अधिकारी आदिले अभिनय गरेको उक्त चलचित्रका निर्माता सुरेशकुमार राई हुन्।

निर्माता तथा निर्देशक दीपक रायमाझी फेरि जुर्मुराएका छन्। केही महिनाभित्रै उनी चलचित्र 'हाम्रो मिलन कहिले हुन्छ'को निर्माण एवं निर्देशन गर्दैछन्। एक आर्यन युवकको मंगोलियन युवतीसँगको प्रेमकथालाई चलचित्रको विषय बनाइएको छ। चलचित्रमा राजेश हमाल, विजय लामा तथा विक्रान्त बस्नेतले मुख्य भूमिका निर्वाह गर्दैछन्। मंगोलियन अनुहारकी नायिकाको हाल खोजी भैरहेको रायमाझीले बताए। उक्त चलचित्रको गीत रेकर्डिङ संगीतकार चेतन सापकोटाले हालै सम्पन्न गरेका छन्।

नेपाली कांग्रेस निकट कलाकर्मीहरूको साझा संस्था 'नेपाल सांस्कृतिक संघ'को पुनर्गठन गरिएको छ। तीर्थ थापा नै सभापति रहेको उक्त संघका पाँच उपसभापतिमध्ये मध्येमाञ्चल उपसभापतिको पद भने रिक्त राखिएको छ। बाँकी उपसभापतिमा पूर्वाञ्चलबाट टंक विश्वकर्मा, पश्चिमाञ्चलबाट कुमार राना, मध्यपश्चिमाञ्चलबाट नयनराज पाण्डे तथा सुदूर पश्चिमाञ्चलबाट गोपाल गुरुङ चयन भएका छन् भने कार्यकारी सदस्यमा शान्तिराम राई, रामशरण घिमिरे, हेमन्त बूढाथोकी, सुनील पाण्डे, डा. घनश्याम खतिवडा, राजेन्द्र केसीलगायत २४ जना छन्।

केवल एक प्रश्न

तपाई सबैभन्दा डर केको मान्नुहुन्छ ?

भूतसँग डर लाग्छ भनूँ भने दुईवटा टेलिश्रृङ्खलामा भूत भएर अभिनय गरिसकेको छु। खोरभित्र बसेको बाघदेखि पनि डर लाग्दैन। अन्य मानिसदेखि पनि डर लाग्दैन, तर आफैंसँग भने डराउँछु, कतै नचाहिने काम गरिन्छ कि भनेर........।

हरिवंश आचार्य, हास्यअभिनेता

ओहो, डर ? उचाइदेखि, विशेष गरेर हवाईयात्रामा असाध्यै डर लाग्छ। भरसक गाडीमा हिंड्न रुचाउँछु, एकपटक अमेरिका जाँदा प्लेन चढेको सम्झँदा कसरी त्यत्रो समय प्लेनमा बस्न सकियो होला भनेर आङसिरिङ्ग हुन्छ.....।

प्रभात रिमाल
स्टेसन म्यानेजर, कान्तिपुर एफएम

मलाई त मानिसदेखि डर लाग्छ। मानिसले जे गर्न सक्छन् त्यो अरू कसैले गर्न सक्दैनन्। विशेष गरी केटाहरूदेखि त अझ बढी।

नम्रता झा, नायिका

भाग्यदेखि डर लाग्छ। एउटा उद्देश्य लिएर हिंडेको हुनाले त्यो उद्देश्य भाग्यमा लेखिएको छैन कि भनेर डर लाग्ने हो, कहिलेकाहीं काम गर्दागर्दै पनि पाउनुपर्ने उपलब्धि नपाइने हो कि जस्तो लाग्छ ....।

स्वरूपराज आचार्य, गायक

ला... मलाई त सर्पदेखि साह्रै डर लाग्छ। सर्प खतरनाक हुन्छ नि ? एकछिन है अँ, समयदेखि पनि त्यत्तिकै डराउँछु, समयले जता पनि कोल्टे फेर्न सक्छ।

आगन्तुक खरेल, गायिका

फेरि घन्कियो नेपथ्य

साप्ताहिक समाचार

काठमाडौं- 'तालको पानी माछीले खाने', 'सा कर्णाली', 'उडायो रेलैले' एकपछि अर्को गर्दै 'नेपथ्य' समूहका छ जना सगीतकर्मी नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सगरमाथा हलमा नेपाली फ्युजन रक घन्काइरहेका थिए। समूहका गायक अमृत गुरुङ स्ट्यान्ड माइक अगाडी उफ्रँदै 'जीवन यो घामछायाँ', 'छेक्यो छेक्यो देउराली डाँडा', 'रेशम' जस्ता समूहका चर्चित पुराना गीतको मज्जा पनि दिए। भोकमरीविरुद्धको अभियानअन्तर्गत आयोजित कन्सर्टमा गीतार र ड्रमको धुनमा नेपाली बाजाहरूको मिश्रणले दर्शकमा छुट्टै जोस देखिन्थ्यो।

दोलखाको मैनापोखरीको घटनामा आधारित नेपथ्यको प्रस्तुति 'घटना'ले फेरि दर्शकहरूलाई भावुक बनायो। जनयुद्धका बेला २० दिनको बालक टुहुरो भएको कथा प्रस्तुत गर्दा कतिपय दर्शकको मन भरिएर आयो। हल खचाखच भरिए पनि हल बाहिर टिकट किन्न अझै पनि दर्शकको घुइँचो लागेको देखिन्थ्यो। लोक-रक शैलीलाई ख्याति दिलाउन सफल समूह 'नेपथ्य'का गीत क्यासेट वा सिडीमा सुन्नभन्दा प्रत्यक्ष हेर्न मज्जा आउने एक दर्शकको प्रतिक्रिया थियो।

दर्शकहरूको उत्साह यतिसम्म बढ्यो कि 'तालको पानी' गीत प्रस्तुत गर्ने क्रममा एक जना अल्लारे दर्शक सुरक्षा घेरा पार गरेर मञ्चमा पुगी गायकको माइक खोसेर उक्त गीत गाउन थाले। केही बेरमै सुरक्षा गार्डहरूले उनलाई मञ्चबाट निकाले। गायक गुरुङ नेपाललाई मात्र होइन, संसारलाई नै भोकमरीमुक्त बनाउनुपर्छ भन्ने धारणा कार्यक्रमको बीचबीचमा व्यक्त गरिरहन्थे। कार्यक्रमको आयोजना एक्सन एड नेपालले गरेको थियो।

चलचित्र

मर्यादा

श्याम भट्टराईको लेखन तथा निर्देशन रहेको चलचित्र मर्यादा आज शुक्रबारदेखि प्रदर्शनमा आउँदै छ । साजन फिल्म्सको ब्यानरमा सञ्जय कुटुले निर्माण गरेको यो चलचित्रमा राजेश हमाल, निखिल उप्रेती, अरुणिमा लम्साल, सञ्चिता लुइँटेल, श्याम घिमिरे तथा नयाँ प्रस्तुतिमा दिवस उप्रेती एवं रञ्जना शर्माले अभिनय गरेका छन् । हाम्रो समाजले अझै पनि प्रेमलाई पचाउँदैन तर मर्यादा राखेर गरिएको प्रेम समाजका निम्ति पनि स्वीकार्य हुन्छ । यही मान्यतालाई उजागर गर्ने चलचित्र मर्यादाको संगीतकार कमलकृष्ण, नृत्य निर्देशक वसन्त श्रेष्ठ एवं द्वन्द्व निर्देशक हिमाल केसी हुन् । एक दर्जन भोजपुरी चलचित्रमा द्वन्द्व निर्देशन गरिसकेका हिमाल केसीका लागि मर्यादा पहिलो नेपाली चलचित्र हो । यो चलचित्रको प्रदर्शन पोखरा, नारायणघाट, बिर्तामोड, दमक, दाङ एवं बुटवलमा एकसाथ प्रारम्भ हुनेछ ।

हामी साथीभाइ

नेपाली चलचित्र निर्माणको गति बढेको छ, सँगसँगै प्रदर्शनमा पनि दह्रो प्रतिस्पर्धा हुने भएको छ । श्याम भट्टराईको निर्देशनमा बनेको चलचित्र 'मर्यादा' सँगै प्रतिस्पर्धा गर्न रवि अर्यालले निर्देशन गरेको चलचित्र 'हामी साथीभाइ' यही साता सार्वजनिक हुँदैछ । चलचित्र 'हामी साथीभाइ' दुई नायक दिलीप रायमाझी र सुनील दत्तको संयुक्त लगानीमा बनेको चलचित्र हो । यो चलचित्र आज धरान, बेलबारी, हेटौंडा, पोखरा तथा तुलसीपुरमा सार्वजनिक गरिँदैछ । चलचित्रमा तीन जना साथी छन्- निखिल उप्रेती, दिलीप रायमाझी र सुनील दत्त । एक-अर्काका लागि ज्यान अर्पण गर्न तयार यी तीन जनाबीच एकपटक असमझदारी सिर्जना हुन्छ । असमझदारीकै कारण उनीहरूको वर्षौंदेखिको मित्रता शत्रुतामा परिणत हुन खोज्दा केही घटना घट्छन् र उनीहरूको मित्रता फेरि ब्यूँतिन्छ । निरुता सिंह, बिपना थापा, अरुणिमा लम्साल, किरण केसी, सुशील पोखरेल, मुकुन्द थापा, निर्मल शर्मा, आरपी पन्त आदि कलाकारले अभिनय गरेको यो चलचित्रमा सुरेश अधिकारीको संगीत सुन्न पाइन्छ ।

नकाब

निर्देशक जोडी अब्बास-मस्तानले विगतमा 'खेलाडी' जस्तो सुपरहिट चलचित्र बनाएका थिए । प्रायः रहस्य र रोमाञ्चलाई चलचित्रको विषय बनाउने यो जोडीले केही वर्षअघि चलचित्र 'हमराज' को निर्माणबाट पनि चर्चा पाएको थियो । उक्त चलचित्रका नायकद्वय बबी देवल र अक्षय खन्नालाई लिएर अब्बास-मस्तानले अर्को चलचित्र बनाएका छन्- 'नकाब' । चलचित्र 'नकाब' आज शुक्रबार सार्वजनिक हुँदैछ । यो चलचित्रमा पनि अब्बास-मस्तानको शैली अर्थात् रहस्य र रोमाञ्च हेर्न पाइनेछ । अक्षय खन्ना चलचित्रमा अभिनय गर्न इच्छुक संघर्षरत कलाकार हुन्छन् । बबी देवल अरबौंको सम्पत्तिका मालिक हुन्छन् । नायिका उर्वशी शर्मा त्यस्तै अरबपतिलाई जीवनसाथी बनाउने लक्ष्य लिएकी युवती हुन्छिन्, बबीका रूपमा उनको त्यो लक्ष्य पूरा हुन लागेको हुन्छ तर केही समयअघि अक्षयसँगको एकतर्फी प्रेम उनका लागि समस्या भएर देखा पर्छ । यस्तो परिस्थिति सिर्जना हुन्छ कि उनले बबी वा अक्षयमध्ये एकजनालाई रोज्नुपर्ने हुन्छ । उनलाई परेको यो समस्या नै चलचित्रको मुल विषय हो, जसले दर्शकलाई बाँधेर राख्छ । यो चलचित्रमा प्रितमको संगीत सुन्न पाइन्छ ।

सनसाइन

अबको पचास वर्षपछि संसारको अवस्था कस्तो होला ? यसै विषयलाई समेटिएको चलचित्र 'सनसाइन' आज सार्वजनिक हुँदैछ । यो चलचित्र अनुसार पचास वर्षपछि पृथ्वीमा प्राणीहरूका लागि नभै नहुने सूर्यको प्रकाश लुप्त हुँदै जानेछ । त्यसपछि पृथ्वीलाई पर्ने आपतबाट जोगाउन एउटा टोली अन्तरिक्षतर्फ लाग्छ । अध्ययनसँगै समस्या समाधानको उपाय अवलम्बन गर्दा गर्दै उक्त टोलीको पृथ्वीसँगको सञ्चार सम्पर्क विच्छेद हुन्छ र संसारभरि खल्बली मच्चिन्छ । सात वर्ष हराएपछि त्यो टोली फेरि पृथ्वीका स्पेस स्टेसनहरूको सम्पर्कमा आउँछ । उनीहरूले हराउनुको कथा बताउँदा सबै छक्क पर्छन् । 'एक्सन, एडभेन्चर, साइन्स फिक्सन र फ्यान्टासी' को श्रेणीमा राखिएको यो चलचित्रको निर्माण बेलायतमा भएको हो । यसलाई हलिउडको ट्वेन्टी सेन्चुरी फक्सले वितरण गर्दैछ । चलचित्रमा मिचेल योह, सिलियन मर्फी, क्रिस इभान्स, ट्रोय ग्यारिटी, रोज ब्रयान आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रका निर्देशक डेनी बोयल हुन् ।

सानो पर्दा

-कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको बहस तथा वार्तालाप गरिने कार्यक्रम 'तटस्थ तर्क'को दोस्रो संस्करण आरम्भ भएको छ । नयाँ नेपालको अवधारणामा हाल हरेक आइतबार राति नौ बजे प्रसारण हुने उक्त कार्यक्रममा सञ्चालक जय निशान्तका साथमा माल्भिका सुब्बा पनि देखिन थालेकी छिन् । उक्त कार्यक्रममा युवापुस्ताको राजनीति अभिरुचि, राजनैतिक क्रियाकलापप्रति उनीहरूको अवधारणा आदि विषयमा केही युवा सहभागीलाई विभिन्न पार्टीका नेताहरूसँग छलफल गराइन्छ ।

-कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको हास्यकलाकार जोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको श्रृंखला 'मह टाइम' अन्तर्गत हाल प्रसारित कथा 'मदनबहादुर हरिबहादुर' ले निकै चर्चा पाएको छ । विशेषगरी उक्त श्रृंखलामा हरिवंश आचार्यले बोल्ने थेगो 'यसो गरे कसो होला ?' दर्शकको मुखमा झुन्डिएको छ । बाह्र भागसम्मको कथा तयार पारेर प्रसारण थालिएको उक्त कथा 'मदनबहादुर हरिबहादुर' लाई दर्शकले निकै रुचाएपछि चौध भागसम्म तन्काइएको कुरा मह जोडीले साप्ताहिकलाई बताए । उक्त कथापछि मह टाइम अन्तर्गत हरेक शुक्रबार राती र शनिबार बिहान प्रसारण हुँदै आएको श्रृंखलामा नयाँ कथा प्रस्तुत हुनेछ ।

पहिलो विश्व







सात नयाँ आश्चर्य

सन् २००७ जुलाई (७ महिना) ७ तारिख शनिबार (७ दिन) को दिन सात नयाँ आश्चर्यजनक स्थलको घोषणा गरियो । पोर्चुगलको राजधानी लिस्बनमा आयोजित एक समारोहमा गरिएको घोषणाअनुसार चीनको ग्रेटवाल, भारतको ताजमहल, ब्राजिलको स्ट्याचु अफ क्राइस्ट, जोर्डनको पेट्रा, पेरुको माचुपिच्चु, मेक्सिकोको चिचेन इत्जा पिरामिड तथा इटलीको द कोलोसियम सात नयाँ आश्चर्यमा परेका छन् ।

स्वीजरल्यान्डका बर्नार्ड बेबरले सन् १९९९ मा थालनी गरेको 'न्यू सेभेन वन्डर्स' विश्वका सात नयाँ आश्चर्य घोषणा अभियानअन्तर्गत लिस्वनमा भएको अन्तिम छनौटमा यी स्थानहरू परेका हुन् । छनौट समितिले सात नयाँ आश्चर्य घोषणा गर्न इन्टरनेट र मोबाइल एसएमएसको सहयोग लिएका थिए । जसमा १० करोडभन्दा बढी मत प्राप्त भएको थियो ।

यो घोषणाका लागि २ सयभन्दा बढी स्मारक र स्थानबाट आवेदन परेको थियो, जसमा २१ वटा स्मारक र स्थान अन्तिम चरणको छनौटमा परेका थिए । इजिप्टको द ग्रेट पिरामिड अफ गिजालाई सम्मानस्वरूप प्रतियोगिताभन्दा बाहिरै राखियो । यो घोषणापछि अब सात नयाँ प्राकृतिक आश्चर्य छनौट गरिनेछ ।

Wanted
Unique International Business Organization को लागि थप १५ व्यक्ति आवश्यकता । स्मार्ट व्यक्तिहरूले Dio-Data सहित सम्पर्क राख्नुहोला ।
Post: P.R.O
Qualification: SLC
Salary: Average 7200/-
सम्पर्क:
Unique Aims
सामाखुशी
०१-६२२६५२९
९८०३०२८०४६
Unique Int'l
चावहिल
२३९०१९२
२३९१९७१

इमेज एफएमका कार्यक्रम सञ्चालक तथा गीतकार सञ्जय बरालले नेपाली गीत रचनामा 'सिक्वेल' अर्थात् पहिलो गीतसँग त्यसपछि रचेको गीतको कथा र भाव मिलाएका छन्। बरालले पछिल्लो एल्बम 'माया' मा समावेश गीत 'जब झरी पर्न थाल्छ' को 'सिक्वेल' गीत रचना गरेका हुन्। यो नयाँ गीत भने गायक भीषण मुकारुङले गाएका छन्। गायक मुकारुङको बजारमा आउन लागेको एल्बममा उक्त गीत समावेश गरिएको छ। यमले गाएको गीतमा झरी पर्न थालेपछि निष्ठुरी प्रेमिकालाई सम्झने प्रसंग कोट्याइएको थियो भने भीषणले गाएको गीतमा निष्ठुरी प्रेमिकालाई सम्झदाँको पीडा सुनाउन गाह्रो हुने प्रसंग छ। गीतकार बरालका अनुसार उक्त गीतको तेस्रो सिक्वेल पनि तयार भैसकेको छ। तेस्रो सिक्वेललाई यम र भीषण बाहेक कुनै अरू नै गायक वा गायिकाले गाउनेछन्। गीत रचना जस्तै म्युजिक भिडियोलाई पनि सिक्वेलका रूपमा प्रस्तुत गर्दै जाने योजना गीतकार बरालको छ।

अफबिट

नायिका छोडेर मोबाइल : रेखा थापासँग भलाकुसारी गरिरहेको बेला गायक बाबु बोगटीलाई मोबाइलले लास्टै डिस्टब गर्‍यो।

गायक सन्तोष राईको पहिलो गीतिसंग्रह 'तहल्का' मा समावेश गीत 'जाऊ-जाऊ' को म्युजिक भिडियो सार्वजनिक भएको छ। त्यतिमात्र होइन म्युजिक भिडियो राम्रो बनेकै कारण यो गीत लोकप्रिय हुने सम्भावना बढेको छ। हवाइटप्लस प्रोडक्सनका लागि सुरज श्रेष्ठले निर्देशन गरेको यो भिडियोमा नम्रता श्रेष्ठ तथा रेमण्ड श्रेष्ठले अभिनय गरेका छन्।

उनको गीतलाई सबैले मन पराए। एकताका यही गीत नगुनगुनाउने तन्नेरी कमै थिए। रेडियो, टेलिभिजन सबैतिर यही गीत बजिरहन्थ्यो- तिमीले साथ छोडिदिँदा मेरो के हाल भएको छ, पाइलाहरू तिमीले मोडिदिदा मेरो बेहाल भएको छ। भिज्युलाइज गरिएको यो गीतमा चर्चित मोडल सहारा गुरुङले उत्कृष्ट अभिनय गरेकी छिन्, तर यो गीतका गायक जितेन लेप्चालाई भने कमैले चिने। यो गीत निकै चर्चित भयो। एक्स्ट्रा शीर्षकको एल्बममा समेटिएको कर्णप्रिय गीत हो यो। लेप्चाको प्रेरणा शीर्षकको एल्बम पनि बजारमा आइसकेको छ, तर मिडियामा नआएका कारण उनको लोकप्रियता चुलिन सकेन। गीत-संगीतमै केही गर्ने चाहना राखेर उनी दस वर्षअघि दार्जीलिङ छोडेर राजधानी आएका थिए। अहिलेसम्म ४० भन्दा बढी गीत गाइसकेका लेप्चा अहिले आफ्नो तेस्रो पप एल्बमको तयारीमा जुटेका छन्। लेप्चाले सन् २००० मा बेस्ट भोकल टुबोर्ग म्युजिक बिट तथा २००१ मा शिखर बिट कन्टेस्टमा बेस्ट भोकलको उपाधि हासिल गरिसकेका छन्।

हिमाली भेकमा काम गर्ने कामदारहरूको दुःख-सुख, त्याग तथा भावनाहरूलाई त्यही भेकमा बसेर गीत-संगीतका माध्यमबाट संगीत अन्वेषक सामवेदले सिर्जना गरेको एल्बम 'हिउँ'को गत महिना विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा चार जना आरोही मिङ्मा तेब्बा शेर्पा, मिङ्मा ग्याल्जे शेर्पा, तार्के शेर्पा तथा नामगेल शेर्पाले विमोचन गरे। ती चार जना आरोहीलाई गत साता राजधानीको पर्यटन बोर्डमा आयोजित कार्यक्रममा एल्बमका प्रस्तुतकर्ता 'नेचर एन्ड सोल'ले प्रशंसापत्र प्रदान गर्‍यो। उक्त एल्बमको बिक्रीबाट आउने सम्पूर्ण मुनाफा हिमाल क्षेत्रमा कार्यरत कामदारहरूको भलाइका लागि खर्च गर्ने उद्देश्यअनुरूप कार्यक्रममा हालसम्मको संकलित मुनाफा १ लाख १ रुपैयाँ उच्च हिमाली तथा पहाडी क्षेत्र कामदार सहयोग संघका अध्यक्ष दागेल्ज शेर्पालाई संगीतकार सामवेदले प्रदान गरे।

पोखराका गायन दम्पती रामभक्त र इतु जोजिजु सिंगापुरस्थित एक रेस्टुराँमा नेपाली गीत-गजल प्रस्तुत गर्न तबलाबादक हरिशरण सायमीका साथ एक वर्षका लागि त्यस तर्फ प्रस्थान गर्दैछन्। उक्त रेस्टुराँमा हाल केही महिनायतादेखि अर्का दम्पती उदय र मनिला सोताङले गीत-गजल प्रस्तुत गर्दै आएका छन्। जोजीजु दम्पतीले उनीहरूलाई 'रिप्लेस' गर्न त्यता जान लागेको बताए। यो दम्पती हाल आफ्नो एल्बम 'चयन'का गीतहरूका कारण चर्चामा छ। हाल राजधानीको पाँचतारे होटल अन्नपूर्णमा गीत गजल प्रस्तुत गरिरहेका जोजीजु दम्पतीमध्ये रामभक्तले पाँच वर्ष पहिले इतुसँग विवाह गर्नुभन्दा अघि तयार पारेको एकल एल्बम 'चुनौती' पनि केही समयभित्रै म्युजिक नेपालले बजारमा ल्याउँदैछ।

झन्डै दुई वर्षअघिदेखि चर्चामा आएको रक संगीत समूह 'माउन्ट ८८४८'ले गत साता पार्टी नेपालको आयोजनामा काठमाडौं मलको छतमा एकल कन्सर्ट प्रस्तुत गर्‍यो। यामाहा ग्ल्याडिएटर मोटरसाइकलको प्रचारका लागि आयोजित कन्सर्ट 'यामाहा ग्ल्याडिएटर रक्स'मा समूहले आफ्नो चर्चित गीत 'हुनेछौ तिमी मेरो बुढेसकालको लाठी..' लगायत डेढ दर्जन नेपाली तथा अंग्रेजी गीत प्रस्तुत गरेको थियो।

लाइभ सो

-भोलि असार ३० गते शनिबार चितवन, नारायणघाटस्थित होटल ग्लोबलको पौडी पोखरीछेउ 'समर अफ २००७' शीर्षकमा ग्र्याण्ड पार्टी आयोजित हुँदैछ। त्रिशूल इभेन्ट्सले आयोजना गर्न लागेको उक्त पार्टीको मूल उद्देश्य गीत/संगीतको पाइरेसीविरुद्ध जनचेतना फैलाउनु हो। त्यही अभियानअन्तर्गत शनिबार मध्याह्न आरम्भ गरिने उक्त पार्टीमा र्‍याप गायक तथा समूह द युनिटी, नेप्साइडेज, म्याडजोन, सेमी, ज्वाला, सम्राट्, विश्वले प्रत्यक्ष र्‍याप गायन प्रस्तुत गर्नेछन् भने डिजेहरू डिजे सन्तोष, डिजे युवा, डिजे सोडा, डिजे प्रिजोम तथा डिजे बेबीले विभिन्न डान्सिङ नम्बरहरू बजाउनेछन्। साँझसम्म चल्ने उक्त पार्टीमा उदेश श्रेष्ठ र सुमन श्रेष्ठले पनि आफ्ना गीतहरू सुनाउनेछन्।

गायक धीरज राईलाई चलचित्रमा नायक हुने रहर पहिलेदेखि नै थियो। यद्यपि उनले एउटा चलचित्रमा गायककै रूपमा एउटा गीतमा अभिनय पनि नगरेका होइनन् तर उनलाई नायकले नायिकालाई खलनायकको पासोबाट उम्काउने किसिमको भूमिका निर्वाह गर्ने निकै रहर रहेछ। त्यसैले हालै एक कार्यक्रममा सार्वजनिक गरिएको आफ्नै गीतको म्युजिक भिडियोमा उनले आफ्नो उक्त भित्री चाहना पूरा गरेका छन्। जिटुवान प्रोडक्सनले निर्माण गरेको गायक राईको म्युजिक भिडियोमा उनी सन् सत्तरीको दशकका नायकजस्तो भएका छन्। भिडियोमा उनले प्रेमिकाका रूपमा अभिनय गरिरहेकी नायिका पूजा लामालाई खलनायकको पासोबाट मुक्त गर्छन्। कार्यक्रममा रमाइलो किसिमको उक्त म्युजिक भिडियोका साथै राईको एघारौं एल्बम 'स्टार'को पनि विमोचन गरियो भने पपगायक ओमविक्रम विष्टका बारेमा राईले तयार पारेको वृत्तचित्र पनि प्रदर्शन गरियो।

गायक अनिल सिंहले स्वदेशमा कार्यक्रम नगरेको निकै भैसकेको छ। उनी अचेल भारतको मेघालय, पश्चिम बंगाल आदि राज्यमा कार्यक्रमकै क्रममा व्यस्त छन्। विगत छ महिनायता उनले ती क्षेत्रमा पटक-पटक गरेर तीनवटा कार्यक्रम प्रस्तुत गरिसकेका छन्। यसै क्रममा चौथो पटक कार्यक्रम गर्न गएका गायक सिंहले यही मंगलबार मेघालयको सिलोङमा आफ्ना चर्चित गीत सुनाए। उनले यसपटकको कार्यक्रमलाई विविधता दिन हास्यगायक प्रकाश पौडेल तथा डिजे सन्तोषलाई पनि साथै लिएर गएका थिए।

प्लस टुका सकारात्मक तथा नकारात्मक पक्षहरू

पृष्ठ ६ पेजबाट जारी

आदिबाट पनि केही कमी-कमजोरीहरू भएको पाइन्छ। यसमा सुधार गर्नुपर्ने अवस्था छ। तर पनि अन्य परीक्षाको तुलनामा यसको परीक्षा प्रणाली राम्रो छ। मौका परीक्षाको व्यवस्था नेपालकै इतिहासमा पहिलो पटक हामीले भित्र्यायौं। परीक्षा लिएकै दिन परिणाम सार्वजनिक गर्न सकेका छौं।

कतिपय प्लस टुहरू बर्सेनि खुल्ने र बन्द हुने गरेका छन्। यो अवस्थामा सुधार गर्न के गर्नुपर्ला ?

डा. वाग्ले : प्लस टुका लागि सम्बन्धन दिँदा नक्सांकनका आधारमा निश्चित दूरीमा रहेका र आवश्यक पूर्वाधार पूरा गरेकालाई मात्र दिने नियम छ। तर निवेदन दिने सबैलाई हचुवाका भरमा सम्बन्धन दिइएकाले कतिपय कलेज टिक्न नसकेर बन्द हुने गरेका छन्। यो पक्षलाई सुधार्नुपर्छ।

शाही : भौतिक एवं शैक्षिक पूर्वाधार भएका विद्यालयलाई मात्र उच्च मा.वि. खोल्न दिने व्यवस्था गर्नुपर्छ। त्यसैगरी सरकारले सीधै ११ र १२ कक्षा मात्रै खोल्न पाउने व्यवस्था खारेज गर्नुपर्छ। उच्च मा.वि. खोल्ने पक्षले पनि आफ्नो लगानी डुब्ने कुरामा सोचविचार गरेर मात्र यसतर्फ पाइला चाल्नुपर्छ।

गैरे : गाउँघर र दुर्गम जिल्लाहरूमा आवश्यक भौतिक पूर्वाधार पनि पुगेको हुँदैन। त्यसैगरी शिक्षकको अभावका कारण कम योग्यताका व्यक्तिले पनि पढाइरहेका हुन्छन्। यो पक्षमा सुधार गर्नुपर्ने आवश्यकता छ।

पौडेल : कक्षा १२ सम्म माध्यमिक विद्यालयका रूपमा मानिने भएपछि अब शिक्षाको पूरै दायित्व सरकारले लिनुपर्छ। यसलाई निःशुल्क बनाउनुपर्छ। यसो भए सबै विद्यालयको स्तरमा समानता पनि आउँछ।

डा. कोइराला : अहिलेको जस्तो बजार अर्थतन्त्रको समयमा यो ठाउँमा मात्र प्लस टु खोल भनेर नियन्त्रण गर्न सकिँदैन। तर पनि हामीले यो वर्ष पनि नक्सांकनका आधारमा मात्र सम्बन्धन प्रदान गरेका छौं। यस्ता कलेज खोल्ने विद्यालयका सञ्चालक तथा अभिभावक पनि आफैं सचेत भएर सबै कुरा बुझेर मात्र लाग्नुपर्छ।

मन्त्रालयको निर्णयअनुसार यो वर्षदेखि नै विद्यालय शिक्षालाई १–८ (प्राथमिक) र ९–१२ (माध्यमिक) मा लाने कुरा बताइएको छ। तपाईंको विचारमा यो नीति कत्तिको आवश्यक छ ?

डा. वाग्ले : विद्यालय शिक्षालाई १-८ र ९-१२ गर्नु एकदमै जायज छ। तर ९-१२ को व्यवस्थापन परीक्षालगायत समग्र कुराको जिम्मा कसरी र कसले लिने भन्ने कुरा अझै अन्यौल छ। यसको टुंगो तुरुन्तै लगाउनुपर्छ।

शाही : कक्षा १ बाट मात्र होइन, पूर्वप्राथमिक शिक्षाको व्यवस्था गरी यसलाई कक्षा १२ सम्म पुऱ्याउनुपर्छ। कक्षा १२ सम्मकै शिक्षालाई आधारभूत शिक्षा मान्नुपर्छ। यसलाई पैसासँग जोडेर हेर्नु हुँदैन। यो शिक्षा पूरा गराउने दायित्व सरकारकै हुनुपर्छ।

गैरे : शिक्षामा पुनर्संरचना गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो। अझ कक्षा १ भन्दाअघि २ वर्षे पूर्वप्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्छ। कक्षा १२ सम्मलाई विद्यालय शिक्षा मानी यसको सम्पूर्ण दायित्व राज्यले लिनुपर्छ।

पौडेल : नीति कार्यान्वयनको क्रममा आइसकेपछि इमान्दारीपूर्वक कार्यान्वयनको क्रममा जानुपर्छ, तर अब पनि कसरी बढी विद्यार्थी उत्तीर्ण गराउने र शिक्षालाई सर्वसुलभ बनाउने भन्नेतिर ध्यान जानुपर्छ। यसको व्यवस्थापन पक्षमा पनि विचार गरेर अघि बढ्नुपर्छ।

डा. कोइराला : यस प्रकारको तह संसारमै प्रचलित छ, तर पनि यसलाई हतारमा निर्णय गर्नु हुँदैनथ्यो। अब यो तहसम्मको शिक्षामा स्वायत्तता प्रदान गरिनुपर्छ। यसलाई राजनैतिक हस्तक्षेपवाट मुक्त राखी कार्यान्वयनका क्रममा जानुपर्छ।

प्लस टुमा कार्यरत शिक्षक तथा कर्मचारीको पेसागत सुरक्षाका लागि कस्तो व्यवस्था हुनुपर्छ ?

डा. वाग्ले : ९-१२ सम्मको शिक्षाको जिम्मा पनि सरकारले लिनुपर्छ। यसो भएमा हाल कक्षा १० सम्मका शिक्षकहरूको जुन व्यवस्था छ, त्यस्तै व्यवस्था माथि पनि लागू गर्नुपर्छ। यसो भए कलेजमा पिरियडको हिसाबले अध्यापन गराउँदै हिंड्ने हेल्मेट टिचरलगायतका सम्पूर्ण समस्या समाधान हुन्छन्।

शाही : हालको माध्यमिक विद्यालयमा जस्तै उच्च मा.वि.मा पनि शिक्षकहरूको सेवा सुविधा हुनुपर्छ। यसका लागि शिक्षकहरू पनि प्रतिवद्ध हुनुपर्छ। एउटै शिक्षक विभिन्न विद्यालय र कलेजमा पढाउन हिंड्नु हुँदैन।

गैरे : उच्च मा.वि.मा पनि शिक्षक-शिक्षिकाको पर्याप्त व्यवस्था सरकारले गर्नुपर्छ। उनीहरूको स्थायित्व र सुविधा हुनुपर्छ। समय-समयमा उनीहरूको दक्षता जाँच तथा तालिमको पनि व्यवस्था गर्नुपर्छ। उनीहरूले फरक-फरक विद्यालयमा पढाउन नपाउने व्यवस्था गर्नुपर्छ।

पौडेल : यो तहको शिक्षामा अध्ययन-अध्यापनबाहेक सबै पक्ष अव्यवस्थित छ। यसकारण अब सरकारले दायित्व लिएर अघि बढ्नुपर्ने आवश्यकता छ। त्यसपछि शिक्षक कर्मचारीका सेवा-सुविधाको व्यवस्था पनि मिलाउनुपर्छ।

डा. कोइराला : शिक्षकहरूको सेवा-सुविधा निश्चित गरिनुपर्छ। परिषद्लाई स्वायत्तता प्रदान गरे उसले स्वतन्त्रताका साथ काम गर्न सक्छ। परिषद्ले शिक्षक सुविधाका बारेमा अध्ययन गरिरहेको छ।

प्लस टु कलेजहरूले लिँदै आएको शुल्कमा एकरूपता ल्याउन सम्भव छ ? यसको विकल्प के छ ?

डा. वाग्ले : निजी व्यवस्थापनका सबै विद्यालयमा बराबर शुल्क लगाउन असम्भव छ। बरु सरकारले देशका प्रत्येक निर्वाचन क्षेत्रमा एउटा नमुना उच्च मा.वि. बनाउनुपर्छ। यी सबै नमुना विद्यालयमा बराबर शुल्क र सुविधा हुनुपर्छ। यसो भए त्यसैलाई आधार मानेर निजी उच्च मा.वि.हरूले पनि शुल्क तोक्छन्। विद्यार्थीहरू आफ्नो रोजाइअनुसारको स्कुलमा भर्ना हुन्छन्।

शाही : जनताको आर्थिक अवस्थामै विविधता छ। यो अवस्थामा निश्चित सुविधा उपलब्ध गराउने विद्यालयले शुल्कमा केही फरक ल्याउन सक्छन्। यो अभिभावकको अधिकार पनि हो तर यो फरक धेरै हुनुहुँदैन। केही निश्चित मापदण्डलाई आधार बनाउनुपर्छ।

गैरे : शुल्कमा एकरूपता हुनुपर्छ। यसका लागि सरकारले निश्चित नियम बनाउनुपर्छ।

पौडेल : सरकारले लगानी वृद्धि गरेर आर्थिक दायित्व पनि लिनु पर्छ। यसो हुन सके शुल्कमा एकरूपता पनि कायम हुन्छ।

डा. कोइराला : सार्वजनिक क्षेत्रका विद्यालयमा गुणस्तर वृद्धि गरे शुल्कको समस्या नै रहँदैन। त्यसैले यो कार्यतिर सरकार लाग्नुपर्छ।

प्लस टुमा विद्यार्थी युनियनको आवश्यकता कत्तिको देख्नुहुन्छ ?

डा. वाग्ले : १८ वर्षमुनिका विद्यार्थीहरूमा मानसिक एवं संवेगात्मक विकास भैसकेको हुँदैन। उनीहरूमा पढाइबाहेक राजनीतिका अन्य कुरा गर्ने क्षमता पनि हुँदैन, त्यसकारण अहिले युनियनको आवश्यक देखिन्नँ।

शाही : मतदान गर्ने अधिकार प्राप्त गर्नका लागि उनीहरूको उमेर पुगेको हुन सक्छ। यो अवस्थामा उनिहरू राजनीतिप्रति सचेत हुन सक्छन् तर पार्टीको झोला बोक्ने किसिमले उनीहरूलाई राजनीतिमा लगाउनु हुँदैन।

गैरे : विद्यार्थीले शैक्षिक संस्थामा आफ्नो भूमिका प्रस्ट्याउनका निम्ति युनियन अत्यन्तै आवश्यक छ। त्यस्तै शैक्षिक गुणस्तरको पक्षपोषणका लागि पनि युनियनको भूमिका प्रभावकारी हुन्छ। यो कार्य विद्यार्थी युनियनहरूको क्रियाशीलताविना सम्भव छैन। यसका लागि विद्यार्थीहरूले आवाज उठाउनुपर्छ।

पौडेल : युनियन राजनीति गर्ने थलो मात्र हो भन्ने कुरा बुझ्नुभएन। संगठित विद्यार्थीहरूले आफ्ना हक-हितका पक्षमा आवाज उठाउन पाउने भएकाले युनियनको आवश्यकता प्रस्ट छ। संगठनले राजनैतिक चेतना मात्र होइन शैक्षिक ज्ञान हासिल गर्न पनि त्यतिकै सहयोग गर्छ।

डा. कोइराला : युनियनभन्दा अलिकति माथि बढेर स्टुडेन्ट वेलफेयर काउन्सिल बनाउँदा ठीक हुन्छ। यसो भएमा विद्यार्थीहरू संगठित पनि हुन्छन् र उनीहरूले आफ्नो हकहितका कुरा पनि गर्न सक्छन्।

निष्कर्षमा प्लस टुका सकारात्मक तथा नकारात्मक पक्ष के देख्नुभएको छ ?

डा. वाग्ले : समग्रमा प्लस टुको अध्ययन-अध्यापन तथा पाठ्यक्रम गुणस्तरीय छ। यसलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त छ तर हाम्रो शिक्षक नियुक्ति प्रक्रिया, परीक्षा प्रणाली र जिल्लाहरूमा यसको नेटवर्किङका बारेमा सुधार गर्नुपर्ने आवश्यकता छ।

शाही : प्लस टुमा शैक्षिक क्यालेन्डर पूरा हुने गरी पढाइ हुन्छ। त्यहाँ पढ्नुपर्छ भन्ने संस्कृति विकास गरिएको छ। जुन एकदमै सकारात्मक पक्ष हो। अधिकांश प्लस टुका अधिकांश विद्यार्थीमा विदेशप्रतिको मोह बढेकाले प्लस टु पछि विदेश नै लक्ष्य हो भन्ने छ, जुन राम्रो पक्ष होइन।

गैरे : प्लस टुलाई विद्यार्थीहरूले आफ्नो स्कुले जीवनको नियमितताका रूपमा लिन्छन्। त्यहाँ विद्यालयको वातावरण पाइन्छ। कतिपयले आफूले पढेको विद्यालयमै पढ्न पाउँछन्। यो सकारात्मक पक्ष हो तर नीतिको अन्यौलका कारण यो व्यापार गर्ने थलो हो कि शैक्षिक संस्था भन्ने विषयमा अन्यौल कायमै छ।

पौडेल : यसलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त छ। यो कलेज र विद्यालयवीच योग्यता विस्तार गर्ने एउटा तहका रूपमा मानिन्छ। तर व्यवस्थापन पक्ष फितलो भएकाले यसलाई अझ सशक्त बनाउनुपर्ने आवश्यकता छ।

डा. कोइराला : यो शिक्षा नेपालका कुनाकाप्चामा पुगेको छ, लोकप्रिय बन्दैछ। विद्यमान रोजगार बजारका लागि उपयुक्त शिक्षा प्रदान गर्ने काम प्लस टुले गरेको छ, तर स्थायी शिक्षकको व्यवस्था नहुनु तथा व्यवस्थापनमा अन्य कमी-कमजोरी रहनुले सुधार गर्नुपर्ने पक्ष पनि उत्तिकै छ।

प्रस्तुति : एकराज सुवेदी,

दुर्व्यसनविरुद्ध डान्स

साप्ताहिक समाचार

धरान- सौखिन युवा-युवती तथा किशोर-किशोरीहरू ननाच्ने त कुरै भएन। त्यसैले त पूर्व लागूपदार्थ सेवनकर्ताहरूको संगठन फेलोसिप ग्रुपले गत शनिबार आयोजना गरेको लागूपदार्थविरुद्धको डान्स पार्टीमा झन्डै एक हजार युवा-युवतीले मनोरञ्जन लिए। असिनपसिन हुँदै बन्द हलभित्र चर्को संगीतको तालमा कम्मर मर्काउनेहरू हूलका हूल देखिन्थे।

डान्स फ्लोरलाई धूम्रपान तथा मद्यपान निषेधित क्षेत्र घोषित गरिएको थियो। अल्कोहल र निकोटिनको नशालाई हलबाहिरै त्यागे पनि फ्लोरमा युवायुवतीहरू डान्सको नशामा चुलुम्मै देखिन्थे। ब्रिटिस गोर्खा सामुदायिक भवनको बन्द हलका डान्सरहरूको शरीरबाट पसिना बगिरहे पनि उनीहरूको आकर्षक डान्सले चर्को गर्मीलाई पनि बिर्साइदिएको थियो। फेसन डिजाइनरबाट डिस्को जक्की बनेका ललितले बिनाशुल्क प्रवेश गरेका डान्सरहरूलाई कम्मर मर्काई-मर्काई नचाएका थिए।

अंग्रेजी, हिन्दी र नेपाली रिमिक्स, पप तथा रक गीतहरूमा युगल जोडीहरू मस्त देखिए। जोडी बनाउन नसकेकाहरू समान लिङ्गीय साथीहरूको समूह बनाउँदै झुन्ड-झुन्डमा नाचिरहेका थिए। पम्प्लेट तथा पोस्टरको माध्यमबाट लागूपदार्थविरुद्ध चेतना फैलाउन पूर्व सेवनकर्ताहरू चार घन्टा लामो डान्स पार्टी अवधिभरि दौडधूप गरिरहेका थिए।

कुबेरले गाए गीत

विराटनगर- पूर्वेली गायक कुबेर राईले सम्मान थापेलगत्तै प्रतीक्षारत दर्शकलाई आफ्ना गीत सुनाए। गएको शनिबार विराटनगरको वीरेन्द्र सभागृहमा

विराट कला केन्द्रले गरेको सम्मान थाप्न इलामबाट आएका गायक राईले त्यहाँ दुईवटा गीत गाए।

गायन क्षेत्रबाट त्यति धेरै चर्चा पाउन नसके पनि उमेर ढल्दै जाँदासमेत उत्तिकै जोस बोकेका राईलाई कलाकार माधव सापकोटाले दोसल्ला ओढाएर सम्मान गरेका थिए। ‘यो सम्मानले मलाई हौसला मिलेको छ,’ गायक राईले भने– ‘गायनलाई अझै निरन्तरता दिन्छु।’ कार्यक्रमको सुरुमा कला केन्द्रका गायकहरूले ‘नेपाली हो नेपाली हामी नेपाली, मधेसी होस् या जनजाति हामी सबै नेपाली...’ गीत प्रस्तुत गरेका थिए।

कला केन्द्रको वार्षिक उत्सव तथा सम्मान समारोहमा स्थानीय कलाकारहरूले गीत र विभिन्न जातजातिको वेशभूषा झल्कने पहिरनमा नृत्यहरू प्रस्तुत गरेका थिए। बीचबीचमा प्रस्तुत नाटक तथा प्रहसनले दर्शकहरूलाई पर्याप्त हँसाएको थियो। वृद्ध र युवतीबीचको प्रेमसम्बन्धलाई प्रहसनले व्यङ्ग्य गरेको थियो। कलाकेन्द्रका अध्यक्ष साजन राईले पुराना कलाकारहरूलाई नयाँ सिर्जनाका लागि प्रेरित गर्न अभिनन्दनले महत्त्वपूर्ण भूमिका खेल्ने कुरा बताए।

–कमल रिमाल

सन्देश

सानु, मेरो जीवनको लक्ष्य भन्नु नै तिमी हौ । मेरो सपना-बिपना, हाँसो-खुसी, सुख-दुःख सब थोक तिमी हौं । म तिम्रो ब्याकग्राउन्डसँग कुनै सरोकार राख्दिन । केवल तिमीलाई चाहन्छु, तिमीलाई मन पराउँछु । अनि तिमीलाई माया गर्छु, आइलभ यु मेरी मोटी ।

गोपाल

शुक्रबार गुल्मी तम्घासबाट आफ्नी मम्मीसँग माइक्रोबसमा काठमाडौं आउने क्रममा पहिले आफ्नी मम्मीसँग बस्ने, पछि म बसेको सिटमा बस्ने सेतो कुर्ता सुरुवाल लगाउने कलंकी आएपछि एकपटक पनि नहेरी सीधै ट्याक्सीमा सिनामगंलबाट आफ्नो घर जाने मित्रलाई यही शनिबार नयाँ बानेश्वरको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको गेट अगाडि साँझ ५ बजेदेखि ६ बजेसम्म भेट गर्न चाहन्छु।

लामो केश

मंगलबार रत्नपार्कबाट जोरपाटी आउने क्रममा चार दिदीमध्ये मित्रपार्क छेउमा अचानक ब्रेक हानेपछि म हुत्तिंदा नीलो कुर्ता-सुरुवाल लगाउने दिदीलाई चोट लागे जस्तो लाग्यो, आइएम सरि सिस्टर ।

चावेलमा ओर्लने

प्रीति, तिम्रो सम्झना अनि कल्पनामा डुबेर भोक, तिर्खा अनि निद्रा हराइरहेछ । मनले हरक्षण तिम्रो आवाजसुन्न खोजिरहन्छ । प्रत्येक पल तिम्रो साथ रहन चाहन्छु। म त्यो समय अनि क्षणको प्रतीक्षामा छु। आफ्नो मनमा लागेका भावना र दुःखहरू छन् भने भन, म हरक्षण साथ दिनेछु।

समिर

शीला, आकाश बिनाको क्षितिजमा खै कहाँबाट सम्बोधन गरौं तिमीलाई ? कुनै शब्द भेटिएको छैन ।

तै पनि धोकेवाज र स्वार्थीका रूपमा सम्बोधन गर्न सक्छु। आज म तिम्रो धोकाले गर्दा बहुलाझैं भौंतारिरहेको छु । तिमीले प्रेमको यात्रामा दिएको चोट र ती अतीतका यादहरूलाई पल्टाएर हेर्ने हो भने एक सिंगो मुटु पनि जलेर खरानी भएको आभास हुन्छ । ठीकै छ तिमीले मलाई प्रेमको यात्रामा आँसु र पीडा उपहार दियौं तर तिम्रो वर्तमान प्रेमीलाई चाहिं मलाई जस्तो आँसु र पीडा दिने प्रयास नगर्नु ।

शंकर

भैरहवा घर भै सुन्धारामा दिदीसँगै बस्ने, पछि दिदीसँगै मीनभवनमा घरसरी बहराइन गएर फर्किएकी महाराजगन्ज शीतल निवास अगाडि पासपोर्ट बनाउन आउँदा भेटिएकी लाहुरे भेनाकी कान्छी सालीले त्यसबेलाको घनिष्ट साथीलाई पत्राचार गर्नु है ।

ए. राज टी.

म तिमीसँग प्रेम गर्न सक्दिन । सरी मैले अरू कसैलाई दिल दिइसकें। मलाई प्रेमपत्र पठाउने मेरा कलेजका साथी, अब म कसैकी हुँदैछु । मेरो प्रेमको सम्मान गर्दै आजउपरान्त पत्र नपठाउनु ल ।

सु.

जीवनको गोरेटोमा

घृणा जागेको दिन

त्यतिबेला हामी धापासीको कुनै घरमा डकर्मीको काम गर्दै थियौं । हामी त्यहीं सुत्थ्यौं र ४-५ दिनको फरकमा घर जान्थ्यौं । त्यो दिन म घर जान्छु भनी साथीसँगै धापासी बसस्टप गएँ तर दाइहरूले मलाई घर जान दिनुभएन । भोलिपल्ट साथीको जन्मदिन भएकाले साथीलाई घर पठाई हामी फर्क्यौं । बेलुका खाना खाई हामी अबेरसम्म तास खेल्दै बस्यौं र १२ बजेतिर सुत्यौं ।

करिब तीन बजेतिर म ब्यूँझिएँ। ब्युँझदा दाइ कोठामा अरू ५ जना जति अपरिचित मानिससँग कुरा गरिरहेको सुनें। कोठामा बत्ती नबालेकाले अँध्यारो थियो। पछि मैले तिनीहरूमध्ये कसैको हातमा खुकुरी, कसैको हातमा रड देखें । एउटाले मेरो आँखामा टर्च देखायो । उनीहरू सबैले आँखामात्र देखिने गरी रुमाल बाँधेका थिए । ती लुटेराहरूमध्ये एउटाले दाइलाई खुकुरी देखाउँदै ठूलो स्वरमा कराएमा मार्ने धम्की दिंदै त्यो घरका बारेमा सोध्न थाल्यो । त्यतिबेलासम्म दाइको साथी पनि ब्युँझनुभयो । हामीलाई घोप्टो पारेर सुताई तीन-चार ठाउँमा बाँधेर उनीहरू तल गए । सास फेर्ने बाहेक अरू आवाज आए छप्काइदिन्छौं, हामी दुईजना यहीं बस्छौं, -उनीहरूले भने । तिनीहरू तल गएको केही समयपछि घरधनी दाइकी श्रीमती चिच्याएको आवाज आयो । उहाँको टाउकोमा रडले हानेका रहेछन् । मैले आफ्नो घडी चुँडालेर हातमा बाँधेको डोरी फुकाएँ । त्यसपछि दाइको साथीको हात पनि फुकाएर म त्यहाँबाट बाहिर भागें । त्यहाँ नजिकै अर्को घरमा काम गर्ने १२-१३ जना केटा थिए । म त्यहाँ गएर तिनीहरूलाई सबै कुरा सुनाएँ । हामीलाई पछि केही अप्ठ्यारो होला, हामी त जाँदैनौं- उनीहरूले जवाफ दिए । त्यसको केही समयपश्चात् दाइ र उहाँका साथी पनि आइपुग्नुभयो । त्यसपछि दाइका साथी र म पुलिस चौकी हिंड्यौं । रातको समयमा नांगो खुट्टा दौडेर हामी चौकी पुग्यौं । त्यहाँ रहेका प्रहरीलाई सबै कुरा सुनायौं तर उहाँहरूले पनि 'अहिले यहाँ मानिस थोरै छन्, भोलि बिहान उज्यालो भएपछि जाउँला, ती चोरहरू पनि गैसके होलान्, अहिले एकछिन बसौं भन्नुभयो । देश र जनताको सेवा एवं सुरक्षा गर्न बसेका प्रहरीको मुखबाट त्यस्तो कुरा सुन्दा म अचम्ममा परें । मैले त्यहाँअन्य ८-९ जना प्रहरी सुतिरहेको देखेको थिएँ। वहस गर्न उचित नलागेर हामी निराश हुँदै फर्क्यौं। हामी गएको १५ मिनेट जतिपछि चोरहरू हिंडे । त्यो सब हामी लुकेर हेर्दै थियौं । त्यसपछि घरधनी दाइले महाराजगन्ज चौकीमा फोन गर्नुभयो र त्यसको केही समयपछि भ्यानसहित प्रहरी आइपुगे । प्रहरीले हामीसित सोधपुछ गर्न थाल्यो । हामीले सबै कुरा सुनायौं । प्रहरीले १० बजे हनुमानढोका आउनु, कोही त्यहाँ नआएर घर गयौ भने ज्यानमारा केसमा जिन्दगीभर भित्र हाल्दिन्छौं भन्ने धम्की दिए । त्यसको केही समयपछि ५-६ बजेतिर त्यहाँ धेरै मानिस जम्मा भए । घरधनी दाइका आफन्त, छरछिमेक सबै जम्मा भए । घरबेटी दाइकी श्रमितीलाई टाउकोमा चोट लागेकाले उहाँलाई अस्पताल लगियो । घरधनी दाइका फुपाजु एसएसपी हुनुहुंदोरहेछ । उहाँले पनि हामीसँग धेरै कुरा सोध्नुभयो । हामीले सबै बेलीविस्तार लगायौं । चौकीमा जाँदा पनि प्रहरी नआएको कुराले उहाँ रिसाउनुभयो र त्यो चौकीमा हामीलाई पनि लगेर राती ड्युटीमा बस्ने प्रहरीलाई नराम्रोसँग गाली गर्नुभयो ।

त्यहाँबाट हामी घरधनी दाइको घर गयौं। त्यहाँ विभिन्न सञ्चारकर्मीहरू आउनुभयो। करिब १० बजेतिर हामी हनुमानढोका जानुपर्छ ? भनी सोध्दा पर्दैन तिमीहरू घर जान सक्छौ भनी घरधनी दाइले भन्नुभयो । त्यसपछि करिब १२ बजेतिर हामी आ-आफ्नो घर फर्क्यौं । गाडीबाट घर फर्कने क्रममा मलाई लाग्यो यदि म हिंजो बेलुका नै साथीसँग घर गएको भए त्यो घटना देख्नैपर्ने थिएन । त्यो मेरो जीवनको सबैभन्दा नराम्रो घटना एवं दुर्भाग्यपूर्ण रात थियो, जसलाई म चाहेर पनि बिर्सन सक्दिन । आज पनि त्यो घटना सम्झँदा जिउ नै सिरिङ्ग हुन्छ र समयमा जनताको सुरक्षामा सक्रिय हुन नसक्ने त्यतिबेला ड्युटीमा रहेका ती प्रहरीप्रति घृणा जागेर आउँछ ।

– जयराम

सूचना

जीवनको गोरेटो स्तम्भअन्तर्गत प्रत्येक महिनाको पहिलो शुक्रबारदेखि क्रमशः १. मेरो पहिलो प्रेम, २. कलेजको मेरो पहिलो दिन, ३. मेरो सुहागरात, ४. मेरो असफल प्रेम, ५. मेरो पहिलो पुरस्कार प्रकाशित हुने हुँदा आफ्ना अनुभवहरू छोटो, मीठो शैलीमा हामीलाई पठाइदिनुहुन अनुरोध छ ।

– साप्ताहिक

साप्ताहिक साथी

समाचार सुन्ने तथा कम्प्युटरमा बस्ने रुचि भएका ईश्वरमान सिंह ५ फिट ५ इन्च अग्ला छन् । ५६ वर्षीय ईश्वर बीकम पूरा गरेपछि काठमाडौंको नयाँ सडकको एउटा कम्पनीमा कार्यरत छन् । गहुँगारो वर्णका ईश्वर अवकाशपछिको जीवन बिताउन राम्रा साथीको खोजी गरिरहेका छन् । उनलाई iswar1@hotmail.com मा पत्राचार गर्न सकिन्छ ।



– २३ वर्षीय ध्रुवविक्रम कार्की अविवाहित हुन् । ५ फिट ५ इन्च अग्ला ध्रुव प्राइवेट जागिरमा व्यस्त छन् । स्तानक अध्ययनरत ध्रुव दुःखमा नआत्तिने, सुखमा नमात्तिने युवतीको खोजीमा छन् । ध्रुवलाई महानगरीय प्रहरी विभाग बूढानीलकण्ठमा पत्राचार गर्न सकिन्छ ।

-रमाइलो स्वभावका २४ वर्षीय नकलबहादुर किडकङ ५ फिट ६ इन्च अग्ला छन् । प्रवीणता प्रमाणपत्रतह अध्ययन गरेर जागिरे जीवन प्रारम्भ गरेका नकलबहादुर अविवाहित हुन् । गहुँगोरो वर्णका नकलबहादुरलाई साथी बनाउने, पत्रिका पढ्ने, फुटबल खेल्ने सौख छ । असल साथीको खोजीमा रहेका नकलबहादुरलाई सहिदपार्क टोल, हेटौंडा-११, मकवानपुरमा पत्राचार गर्न सकिन्छ ।

निशुल्क ब्यूटिसियन तालिम
N.G.O. को सहयोगमा विहानी तथा दिवा समयमा Basic, Advanced र Special कोर्षहरुमा धमाधम भर्ना लिईदैछ। तालिम पश्चात उत्कृष्ठलाई रोजगारीको अवसर। विदेश जानेहरुका लागि स्पेशल कोर्षहरु पनि सिकाइन्छ।
नेपाल ब्यूटिसियन ट्रेनिङ इन्टिच्युट
गौशाला : 2100563, 9741008176

आवश्यकता
क्रियासिल विजनेस Organization लाई थप साखा विस्तारको लागी केही Inteligent युवा युवतीहरूको आवश्यकता भएकोहुनाले तुःसम्पर्क राख्नुहोला ।
कार्यालय समयः 10 am to 5 pm
शैक्षिक योग्यताः SLC/ PCL/ above
तलबः ३०००-७५००
सुविधाः प्रमोसन सिस्टम
Mega Max
अनामनगर चोकदेखी घट्टेकुलो जाने बाटो वावा ग्यास डिपो भएको घर
4770301, 2307687
पोखरा नयाँ बजार
९८४६०४१७१५, ०६१-५३२७८८
नोट, योग्यता प्रमाणपत्र साथै फर्म फी १०० सहित कार्यालयमा उपस्थित हुनुहोला

के रक्सी वा नशाले दुःख भुल्न सकिन्छ ?

जीवनभर साथ दिन्छु भनेर हात समात्नेहरूले साथ छोड्दा मानिसले रक्सी पिउँदा रहेछन् ।

लक्ष्मी घलान

यी दुःख भुलाउने साधन होइनन् । यी त शरीर तथा आयु घटाउने पदार्थ हुन् ।

विदुर थापा

दुःख भुल्न रक्सी वा नशाकै सहायता लिनुपर्छ र ? अरू मनोरञ्जनका साधन पनि छन् नि ।

उषा थापा

सक्न त सकिन्छ तर क्षणिक मात्र ।

राजेन्द्र थापा

रक्सी वा नशाले दुःख भुलाउनु भनेको आकाशको फलजस्तै हो ।

नवराज बस्नेत

त्योचाहिं पिउनेहरूलाई नै थाहा होला । मलाई त थाहा भएन ।

पद्मा सिटौला

रक्सीको नशाले दुःख त भन्न सकिन्न तर घर-परिवार तथा जीवन चौपट पार्न सकिन्छ ।

मनोज अधिकारी

अहँ सकिन्न, दुःख अझ बढ्न सक्छ ।

भुपेन्द्र तामाङ, मकवानपुर

सम्पादकज्यू, तपाईंलाई दुःख लागेर यस्तो प्रश्न गरेको हो ?

सम्पूर्ण प्रजापति

के हो सम्पादक ज्यू, श्रीमतीले लोकतन्त्रको फाइदा उठाइन् कि कसो ?

एसके कुँवर, इटाखेल

केवल केही पलका लागि भुल्न सकिन्छ तर त्यसले थप दुःखका साथै भयङ्कर रोग पनि निम्त्याउँछ ।

कमल जिसी (२४), **खोटाङ**

रक्सी वा नशाले दुःख भुल्ने होइन अझ थपिन्छ ।

दिव्या भट्टराई , गाईघाट

क्षणिक मात्र ।

टीकाराम अर्याल, गल्कोट

कहिल्यै भुल्न सकिन्न, कुनै चीजको उपयोगले पनि भुल्न सकिन्न, नशाले पनि भुल्न सकिन्न, प्रेमले मात्र दुःखलाई बिर्साउँछ ।

किरण राना (१६),**पोखरा**

खै, देवदासले त्यत्रो रक्सी खाएर पनि कहिल्यै दुःख भुले जस्तो लागेन मलाई त ।

नारायण भट्टराई, उदयपुर

रक्सी वा नशाले दुःख भुल्न सकिन्न, त्यो क्षणिक र भ्रम मात्र हो ।

ठाकुरमान श्रेष्ठ (४०), **धादिङ**

खै, एक्सपेरियन्स नै छैन । जहाँ पनि एक्सपेरियन्स नै चाहिन्छ भन्छन् । भुल्न सकिन्छ भने त सुरु गरिहाल्नुपर्‍यो नि ।

कविर कुलुङ (१९), **सोलु**

ए ! रक्सीको नशाले दुःख भुल्न खोज्नुभयो कि क्या हो सम्पादक ज्यू, क्षणिक मात्र हो, भन्द्या छु ।

रमेश खड्का (२६), **झापा**

सकिन्छ नि किन नसक्नु ?

जयराम भट्टराई

नशा सेवन गरे बेहोस भइन्छ, त्यसैले दुःख भुल्न सकिन्छ ।

गंगाराम न्यौपाने (१७), **बलाम**

सकिन्छ कि ? म चुरोट खान्छु, उनले छोडिन् भने... ।

लालबहादुर चौधरी, सप्तरी, श्रीपुर

केही क्षणलाई, त्यसपछि फेरि अझ ठूलो दुःख सुरु भैहाल्छ ।

राजु गौतम

अवश्य सकिन्छ । धेरै समस्या भयो भने एक बोतल रक्सी खाएर ओछ्यानमा लडे दुःख कहाँ जान्छ थाहै हुँदैन ।

प्रेम बराइली

कहाँ हुनु ? दुःख निवारण हुन त सुख खोज्नुपर्छ ।

वीरेन्द्र बस्नेत

सकिंदैन, यदि नशाले दुःख भुल्ने भए संसारका सबै मान्छे दुःखविहीन हुने थिए ।

बालमुकुन्द अधिकारी

खल्ती रितिंदै गैरहेको हुन्छ । त्यसकारण दुःख भुल्ने होइन, थपिँदैचाहिँ जान्छ ।

ज्ञानबहादुर

कदापि सकिंदैन, रक्सी खाएपछि मानसिक एवं शारीरिक सन्तुलन नष्ट हुन्छ । त्यसैले उनीहरू रक्सी वा कुनै किसिमको नशा लिएपछि दुःख भुल्न सकिन्छ भन्ने भ्रममा पर्छन् ।

निरोज

सकिंदैन, किनभने दुःखको कारण पत्ता लागेको हुँदैन ।

नोदनाथ त्रिताल (२५), **धनकुटा**

रक्सीले दुःख बिर्सन भए भए म त रक्सीको सागरमै पौडी खेल्थें ।

ऋषिराम पाण्डेय (२३), **स्याङ्जा**

क्षणिक समयका लागि त भुल्न सकिन्छ, तर त्यसले भौतिक जीवनलाई पनि उत्तिकै खोक्रो बनाइरहेको हुन्छ ।

कमल जिसी (२३), **खोटाङ**

अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?
२. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
३. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
४. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
५. बुद्धि ठूलो कि बल ? किन ?
६. देशभक्ति के हो ?
७. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
८. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
९. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
१०. प्रेममा धोका हुने कारण के हो ?

यौन जिज्ञासा र समाधान

डा. राजेन्द्र भद्रा

प्रश्न : म २० वर्षीया युवती हुँ । मैले यौनशिक्षाको विषयमा धेरथोर जानेकी छु, जसमध्ये परिवार नियोजनसम्बन्धी अस्थायी तथा स्थायी साधनहरूका बारेमा पनि सुनेकी छु । जसमध्ये कन्डमका बारेमा मेरा केही जिज्ञासा छन् । के कन्डमको प्रयोगद्वारा यौनसम्पर्क सुरक्षित रहन्छ ? अर्थात् सहवासको सुरुदेखि अन्त्यसम्म यसले पूर्ण सुरक्षा प्रदान गर्छ ? घर्षण वा उत्तेजित लिङ्गको चालबाट पनि यो नच्यातिने हुन्छ ? के पिल्सको सेवन गरेलगत्तै यौनसम्पर्क (कुनै साधनबिना प्रयोग) गर्न सकिन्छ ? के पिल्स सेवन गरेपछि गर्भ रहने डर हुँदैन ? कि पिल्सको सेवनसँगै कन्डम पनि प्रयोग गर्नुपर्छ ? पिल्सको सेवन निरन्तर गरिरहनुपर्छ ?

– जिज्ञासु

उत्तर : सर्वप्रथम, यौनशिक्षासम्बन्धी धेरथोर जान्नुभएको कुराले हामीलाई खुसी तुल्याएको छ । यो हाम्रो जीवनको अभिन्न अङ्ग हो । त्यसैले यस विषयमा सक्दो जानकारी राख्दा आफ्नो जीवनलाई सुखमय तुल्याउन मद्दत पुग्छ । यौनजीवनको एउटा महत्त्वपूर्ण पाटो वंशको निरन्तरता हो तर अहिले धेरै सन्तान जन्माउन नपर्ने भएकाले यसलाई नियन्त्रण गर्ने कुराले बढी महत्त्व पाउन थालेको छ भने यसबाट प्राप्त हुने सुखले बढी नै प्राथमिकता पाउन थालेको छ ।

कन्डम र सुरक्षित यौनका कुरा

परिवार नियोजनको कुरा गर्दा विशेष गरेर गर्भनिरोधको कुरालाई बढी प्राथमिकता दिइने गरेको पाइन्छ । यौनसम्पर्कपछि गर्भ रहने सम्भावना हुन्छ भने अर्कातिर यौनरोग लाग्ने खतरा । विशेष गरेर कन्डमको प्रयोग यी दुवै कार्यका लागि महत्त्वपूर्ण हुन्छ । यसले गर्भ रहनबाट बचाउने मात्र होइन, एचआईभीलगायत कतिपय यौनरोग लाग्नबाट बचाउँछ । त्यसैले दुवै दृष्टिकोणबाट कन्डमको प्रयोगलाई सुरक्षित यौनसम्पर्कको संज्ञा दिइएको हो । यसको प्रभावकारीता बढाउन कतिपय कुरामा ध्यान दिनुपर्ने हुन्छ, जसमा यो नच्यातियोस् तथा नफुस्कियोस् भन्ने कुरा पनि त्यत्तिकै महत्वपूर्ण छ ।

कन्डम नच्यातियोस्, नफुटोस् भन्न के गर्ने ?

कन्डम यौनसम्पर्क गर्दा यौनरोग नसरोस् वा गर्भ नरहोस् भनेर नै बनाइएको हो, त्यसैले यसलाई उत्तेजित लिङ्गको चाल र घर्षण खप्न सक्ने गरी नै बनाइएको हुन्छ । सामान्यतया यौनसम्पर्कका दौरान कन्डम फुट्ने वा च्यातिने हुँदैन । सही तरिकाले यसको प्रयोग नगरिनु नै यो फुट्ने वा च्यातिने जोखिम बढाउनु हो ।

त्यसैले कन्डम खोल्दा तथा प्रयोग गर्दा तिखो वा धारिलो वस्तु वा भनौं नङले समेत क्षति नपुर्‍याओस् भनेर ध्यान दिनुपर्छ । कन्डममा राखिएको चिल्लो पदार्थ पानीमा घुल्ने किमिसको हुन्छ । थप चिप्लो पदार्थको आवश्यकता पर्‍यो भनेर भ्यासेलिन वा अन्य त्यस्तै चिप्लो पदार्थ प्रयोग गरे यो फुट्न सक्छ । कन्डम ५ वर्षभन्दा पुरानो (म्याद नाघेको) भए फुट्ने खतरा बढी हुन्छ । चर्को घाम, तातो अथवा धेरै ओसिलो ठाउँमा राख्दा कन्डम बिग्रन गै फुट्न सक्छ, त्यसैले यसलाई सुरक्षित राख्नुपर्छ । त्यसैगरी कन्डम नराम्रो अवस्थाको (जस्तै : च्यातिएको, प्वाल परेको, सुख्खा, रंग बिग्रिएको) भए प्रयोग गर्नु हुँदैन, त्यसैले प्रयोग गर्नुपूर्व नै यो कुरा हेर्नुपर्छ तर यसो भन्दैमा कन्डमलाई लिङ्गमा लगाउनुभन्दा पहिले पूरै फुकालेर हेर्ने काम भने नगर्नुहोस् । यसो गर्दा लगाउन गाह्रो हुने मात्र होइन कन्डम पनि कमजोर हुन्छ ।

यौनसम्पर्कको बेलामा कन्डम फुटे वा च्यातिए प्रभावकारीता त समाप्त हुने भयो । यौनसुख प्राप्त गर्ने क्रममा कन्डम च्यातिएको कुरा कहिलेकाहीं सजिलोसँग थाहा नपाइएला, तर यसप्रति चनाखो भए पक्कै थाहा पाउन सकिन्छ । प्रयोग गर्ने क्रममा यदि कन्डम फुटेको पाइए त्यसलाई जति सक्यो तुरुन्तै निकालेर अर्को फेर्न सके जोखिम राम्रैसँग घटाउन सकिन्छ । कन्डम सही तरिकाले लगाउन सिक्नु पनि आवश्यक छ जुन कुरा तपाईंले परिवार नियोजन वा यौनरोगसम्बन्धी सेवा दिने कुनै पनि संस्थामा गएर नलजाई सिक्न सक्नुहुन्छ ।

के पिल्स सेवन गरेलगत्तै यौनसम्पर्क गरे हुन्छ ?

गर्भनिरोधको साधन नै प्रयोग नगरे पनि यौनसम्पर्क गर्न नसकिने होइन । गर्भ नरहोस् भन्नका लागि यस्ता उपाय नियमित रूपमा प्रयोग गरिनुपर्छ, जसले गर्दा यसको प्रभावकारीता उच्च रहोस् । नियमित रूपमा यौनसम्पर्क नहुने व्यक्तिका लागि किन सधैं पिल्स खाइरहने भन्ने प्रश्न उठ्न सक्छ । यौनसम्पर्क बेलामा मात्र गर्भनिरोधको उपाय गर्न चाहनुलाई अस्वाभाविक भन्न पनि मिलेन ।

तपाईंलाई थाहै होला– गर्भनिरोधको खाने चक्की (पिल्स) मा औषधीको मात्रा निकै कम हुन्छ । नियमित रूपमा खाइरहे यसले डिम्ब निस्कन दिंदैन र गर्भ रहँदैन । यदि डिम्ब भर्खर निस्किएको भए वा शुक्रकिटसँग यसको मिलन भैसकेको भए यसले उक्त प्रक्रियालाई रोक्न सक्दैन । तपाईंले महिनावारीको कुनै पनि बेला गर्भनिरोधको चक्की खाने कार्य प्रारम्भ गर्न सक्नुहुन्छ, तर कहिले यौनसम्पर्क होला भन्ने पहिले नै यकिन गर्न सक्ने स्थिति नरहन सक्छ । यौनसम्पर्क गर्दा महिनावारीको कुन दिनमा पर्छ भन्ने कुरामा विचार गर्नुपर्छ । यस्तो नहोस् भन्नका लागि यदि तपाईंको महिनावारी भएको ५ दिन भैसकेको भए कन्डमजस्ता अन्य उपाय ७ दिनसम्म प्रयोग गर्नुपर्ने हुन्छ, नत्रभने ७ दिनसम्म यौनसम्पर्क गर्नु भएन । आकस्मिक गर्भनिरोधको उपाय भने यौनसम्पर्क भएको ७२ घन्टापछिसम्म सेवन गर्दा पनि प्रभावकारी हुन्छ । आकस्मिक गर्भनिरोधको उपायका रूपमा निलोकन प्रयोग गर्नुभएको छ भने ४-४ चक्कीका दुई मात्रा १२ घन्टाको फरकमा खानुपर्छ ।

कन्डम र पिल्स दुवैको एकसाथ प्रयोगको कुरा पनि सुन्नुभएकै होला । यसलाई विशेषगरेर एच.आई.भी एड्सलगायत अनेक यौनरोग तथा गर्भ रहनबाट प्रभावकारी ढंगले बच्न सिफारिस गरिन्छ ।

उच्च शिक्षामा विज्ञान संकायको सम्भावना

पृष्ठ ८ बाट जारी

भित्र्याएको छ। विज्ञान संकाय अन्तर्गतकै लाइफ साइन्स, कम्प्युटर एप्लिकेसन, मिट टेक्नोलोजी, डेरी टेक्नोलोजी, इन्फरमेसन सिस्टम इन्जिनियरिङ, इन्जिनियरिङ म्यानेजमेन्ट, अर्बान डिजाइन इन कन्जरभेसन, एग्रीकल्चर बिजनेस म्यानेजमेन्ट, इन्भाइरोन्मेन्ट एन्ड रिसोर्स म्यानेजमेन्ट तथा एमई अर्थक्वेकमा स्नातकोतर तहमा आफैंले तथा अन्य सम्बन्धन प्राप्त कलेजमार्फत अध्यापन गराउँदै आएको छ।

बायोटेक्नोलोजी

अहिले बायोटेक्नोलोजीलाई चार्मिङ भएको विषयका रूपमा लिइन्छ। यो विषयअन्तर्गत खाद्य कृषि स्वास्थ्य, पशुपालन, मेडिसिन आदि उद्योगको सूक्ष्म अध्ययन गर्नुपर्छ। बायोटेक्नोलोजीले कुनै पनि वस्तुको बढीभन्दा बढी उत्पादन गर्ने क्षमता राख्छ। बायोटेक्नोलोजी विषयभित्र जेनेटिक इन्जिनियरिङ, बायोकेमेस्ट्री, वातावरण, औद्योगिक बायोटेक्नोलोजीजस्ता विविध विषय अध्ययन गर्नुपर्छ। हाल यो विषय काठमाडौं विश्वविद्यालय तथा सिक्किम मणिपाल विश्वविद्यालयबाट सम्बन्धन लिई अध्यापन गराइन्छ। काठमाडौंस्थित लर्ड बुद्ध एजुकेसन फाउन्डेसनले सिक्किम मणिपाल विश्वविद्यालयबाट सम्बन्धन लिई यो विषयको अध्यापन प्रारम्भ गरेको छ। स्नातक तहमा बायोटेक्नोलोजी अध्ययन गर्न आईएस्सी वा प्लस टुमा बायोलोजी लिएकै हुनुपर्छ। मणिपालले बीएस्सी बायोटेक्नोलोजीको अध्ययन गराउन तीनवर्षे कोर्स तय गरेको छ भने काठमाडौ विश्वविद्यालयले चारवर्षे पाठ्यक्रम इन्जिनियरिङअन्तर्गत आधारित भएर लागू गरेको छ। यो विषयले सूचना तथा सञ्चार प्रविधिजस्तै आधुनिक सञ्चारको पनि उत्तिकै ख्याल राख्छ। जसलाई बायोइन्फरमेटिक्स भनिन्छ। बायोटेक्नोलोजीको अध्ययनले विज्ञान, कृषि, सूचना तथा सञ्चार तथा आइटीलाई मात्र नसमेटी अन्य क्षेत्रलाई पनि समेट्छ।

बायोकेमेस्ट्री

नेपालमा यो विषयको अध्यापन पोखरा विश्वविद्यालयको सम्बन्धनमा युनिभर्सल साइन्स कलेजले गराउँदै आएको छ। त्यस्तै पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा नेसनल इन्स्टिच्युट अफ साइन्स एन्ड टेक्नोलोजी (निस्ट)ले पनि यो विषयको अध्यापन प्रारम्भ गरेको छ। बीएस्सी मात्र अध्यापन हुने यो विषय विज्ञानक्षेत्रकै आधुनिक एवं नयाँ विषय हो। बीएस्सीमा बायोकेमेस्ट्री अध्ययन गर्ने विद्यार्थीले आईएस्सी वा प्लस टुमा रसायनशास्त्र, जीवविज्ञान तथा गणित अनिवार्य रूपमा अध्ययन गरेको हुनुपर्छ।

औषधी उत्पादन तथा गुणस्तरीय परीक्षणका लागि यो विषयको अध्ययन नभै हुँदैन। फार्मेसी अध्ययन गर्नेले विभिन्न औषधीको उत्पादनमा संलग्न हुने भए पनि यो विषय अध्ययन गर्नेहरू फार्मेसी पढ्नेहरूभन्दा पनि दक्ष मानिन्छन्। चारवर्षे पाठ्यक्रममा पछिल्लो एक वर्षचाहिँ विभिन्न शीर्षकमा अनुसन्धानात्मक तथा प्रयोगात्मक अध्ययनमा आधारित शोधपत्र तयार गर्नुपर्ने हुन्छ भने बाँकी सैद्धान्तिक तथा प्रयोगात्मक कोर्स हुन्छ।

इन्भाइरोन्मेन्ट साइन्स

इन्भाइरोन्मेन्ट साइन्सको बीएस्सीसम्म अध्ययन त्रिचन्द्र कलेजमा हुन्छ भने स्नातकोत्तर तहको अध्ययन कीर्तिपुरस्थित विश्वविद्यालय क्याम्पसमा हुन्छ। अमृत साइन्स क्याम्पस काठमाडौं, सिद्धनाथ विज्ञान क्याम्पस महेन्द्रनगर एवं साइन्स क्याम्पस धरानमा समेत यो विषय अध्यापन गराइन्छ। तीनवर्षे बीएस्सीअन्तर्गत वातावरण विज्ञानमा मुख्य रूपमा हावापानी, माटो प्रदूषणका सम्बन्धमा गहन अध्ययन गर्नुपर्छ।

तीनवर्षे बीएस्सी वातावरण विज्ञानअन्तर्गत इकोलोजी, मेट्रोलोजी, बायोइकोलोजी, माइक्रो बीएल-इकोलोजी, लिमेनोलोजी, जिलोलोजी, हाइड्रोलोजी, इन्भाइरोन्मेन्ट टक्सिकोलोजी, जलस्रोत, भूमिस्रोत, वायुस्रोतजस्ता विषय अध्यापन गराइन्छ। वातावरण विज्ञानभित्र बायोलोजी अथवा इन्भाइरोन्मेन्टल बायोलोजी महत्त्वपूर्ण विषय मानिन्छन्। यस विषयको अध्ययनले विश्वमा तापमान, जलवायु तथा प्राकृतिक वातावरणप्रति बढ्दै गएको खतरालाई मुख्य अध्ययनको क्षेत्र बनाउँछ। यो विषय अध्ययन गरेका विद्यार्थीहरूको क्यारियरको मुख्य क्षेत्र भनेको वातावरण संरक्षण, वातावरण संरक्षणका लागि जनचेतना जगाउने र सरकारी तथा गैरसरकारी तहबाट योजना एवं नीति तयार गर्ने, मौसमविद्, वातावरण इन्जिनियर आदि हुन्। त्यस्तै कृषि क्षेत्रसँग वातावरणको अन्योन्याश्रित सम्बन्ध रहने हुनाले कृषिक्षेत्रमा पनि वातावरण विज्ञान अध्ययन गरेकाहरूले रोजगारी पाउँछन्।

कम्प्युटर साइन्स

कम्प्युटर विज्ञान कम्प्युटरसम्बन्धी सैद्धान्तिक ज्ञान दिने विषय हो। कम्प्युटरको विषयमा आधारभूत ज्ञान दिने उद्देश्यले उच्च माध्यमिक शिक्षा परिषद्ले यो विषयलाई प्लस टुमा समेत समावेश गरेको छ। कम्प्युटर साइन्सअन्तर्गत कम्प्युटरको हार्डवेयर तथा सफ्टवेयरका सैद्धान्तिक आधारहरूको अध्ययन गर्नुपर्ने हुन्छ। प्लस टुमा यो विषय विज्ञानमा मात्र होइन, व्यवस्थापन र मानविकी संकायभित्र पनि अध्यापन हुन्छ। त्रिभुवन विश्वविद्यालयले कम्प्युटर साइन्समा उच्च शिक्षा पनि प्रदान गर्दै आएको छ।

जन्मदिनको शुभकामना

सरिना भट्टराई
२०६३ असार २९

सौगात डंगोल
२०६२ असार २९

सौरभ गुरुङ
२०६२ असार २९

प्रजित बास्तोला
२०५८ असार २९

आदित्य थापा
२०५६ असार ३०

मोनिका श्रेष्ठ
२०६० असार ३०

डेभिड थापा
२०६० असार ३०

सोभिनियर श्रेष्ठ
२०५९ असार ३२

मानसी सोडारी
२०६१ असार ३१

निशाकुसुम थापा
२०५७ असार ३१

आयुष्मान तामाङ
२०६१ साउन २

सन्देश तिमिल्सिना
२०५७ साउन ३

दीक्षा पाण्डे
२०५८ असार ३०

शान्ता मरासिनी
२०५६ असार ३१

महेश मरासिनी
२०५८ असार ३०

हृदय उपाध्याय
२०६१ साउन १

जन्मदिनको शुभकामना

नाम :..
जन्म मिति :..
स्कुल :...
ठेगाना : ....

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

व्यवस्थापन संकाय

पृष्ठ ७ बाट जारी

फाउन्डेसन कोर्स गरेर यसको अध्ययन गर्न सक्छन्। यो विषय अध्ययन तथा प्राक्टिकल गरी दुई भागमा विभाजन गरिएको छ। पूर्णरूपमा एउटा चार्टर्ड एकाउन्टेन्ट बन्न ३ वर्षे कोर्स गरिसकेपछि थप ३ वर्ष लेखासम्बन्धी व्यावहारिक शिक्षा लिनुपर्छ। चार्टर्ड एकाउन्टेन्सी दूरशिक्षामा आधारित कोर्स भएकाले यो कोर्स घरमै बसेर पनि अध्ययन गर्न सकिन्छ।

ब्याचलर अफ एड्मिनिस्ट्रेसन (बीबीए)

बीबीए तथा एमबीए नेपालका ४ वटै विश्वविद्यालयमा अध्यापन हुने गरेको छ। बिजनेस स्टडीलाई अझ परिमार्जित गरेर यो पाठ्यक्रम लागू गरिएको हो। अहिले यो विषयलाई व्यवस्थापन संकाय अर्न्तगत सबैजसो कलेजहरूले पाठ्यक्रममा समावेश गरेको देखिन्छ। प्रयोगात्मक तथा सैद्धान्तिक दुवैलाई समायोजन गरिएको उक्त पाठ्यक्रमले आधुनिक व्यावसायिक ज्ञान दिने विज्ञहरू बताउँछन्।

विभिन्न व्यावसायिक औद्योगिक प्रतिष्ठानमा प्रयोगात्मक अध्ययन गर्नुपर्ने भएकाले यो विषय अध्ययन गरेका विद्यार्थीहरूलाई अध्ययनपश्चात् तुरुन्तै रोजगारको व्यवस्था गर्न सकिने कलेजहरूले बताएका छन्। यो विषय अध्ययन गर्ने विद्यार्थीले व्यावसायिक क्षेत्रमै रहेर 'प्रोजेक्ट वर्क' तयार गर्नुपर्छ। बीबीए तथा एमबीए अध्ययन गरेका विद्यार्थीले बैंक, वित्तीय संस्था, बीमा कम्पनी, होटल तथा पर्यटन व्यवसायमा रोजगार पाउने प्रबल सम्भावना हुन्छ।

बीबीएअर्न्तगत फाइनान्सियल एकाउन्टिङ, प्रिन्सिपल अफ म्यानेजमेन्ट, कम्प्युटर एप्लिकेसन, कम्प्युटर प्रोग्रामिङ, माइक्रो इकोनोमिक्स, बिजनेस स्टाटिस्टिक, म्यानेजमेन्ट एकाउन्टिङ, अर्गनाइजेसन रिलेसन्, म्यानेजमेन्ट इन्फरमेसन सिस्टम, अन्तर्राष्ट्रिय व्यापार, नेपलिज बिजनेस इन्भाइरोमेन्ट जस्ता विषय अध्यापन गराइन्छ। यसैगरी एमबीए अर्न्तगत डाटा एनालाइसिस एन्ड मोडलिङ फर म्यानेजर्स, म्यानेजेरियल कम्युनिकेसन, म्यानेजेरियल फाइनान्स, मार्केटिङ म्यानेजमेन्ट, रिसर्च मेथोडोलोजी, अर्गनाइजेसन बिएभियर, ह्युमन रिसोर्स म्यानेजमेन्ट, बिजनेस इन्भाइरोमेन्ट इन नेपाल अध्ययन गर्नुपर्ने हुन्छ।

सिद्धार्थ एकेडेमी, बाफल

वि.सं. २०५६ सालमा प्रारम्भ भएको सिद्धार्थ एकेडेमी बाफलले अहिले प्लस टु अन्तर्गत चारवटै संकायमा अध्यापन गराउँछ। कलेजले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीएमा अध्यापन गराउँदै आएको छ भने यसै वर्षदेखि बीबीएसको कक्षा पनि प्रारम्भ गर्ने भएको छ। एकेडेमीकी प्रिन्सिपल एवं नेपाल टेलिभिजनकी समाचारवाचिका समिता राणाका अनुसार कलेजले प्रत्येक वर्ष ८० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै आएको छ। समिता भन्छिन्- 'दक्ष तथा अनुभवी प्राध्यापकहरूले पारिवारिक वातावरणमा अध्यापन गराउने भएकाले कलेजको स्तरीयता बढेको हो। हामी सीमित विद्यार्थीमात्र लिन्छौं।' मध्यमवर्गीय परिवारलाई लक्षित गरेको यो कलेजले अनुशासनमा त्यत्तिकै ध्यान दिएको छ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	१००	१३७५
व्यवस्थापन	२५०	६७५
मानविकी	३०	८७५
शिक्षा	२५	६७५

वर्नहार्ट कलेज, बल्खु

वि.सं. २०५७ सालमा स्थापित बर्नहार्ट कलेज कलेज विद्यार्थीका लागि जीवनोपयोगी शिक्षा प्रदान गर्दै आएको छ। दक्ष तथा अनुभवी प्राध्यापकहरूले प्राध्यापन गर्ने यो कलेजलाई प्राध्यापकहरूकै समूहले सञ्चालन गरेको छ। 'प्राध्यापकहरू आफैंले सञ्चालन गरेकाले पनि हामी सफल भएका हौं,' कलेजका प्रबन्ध निर्देशक नवराज अधिकारी भन्छन्- 'व्यवस्थापन संकायमा ८९ प्रतिशत अंक ल्याएर अहिलेसम्मकै पहिलो स्थान हासिल गरी दुई पटक सर्वश्रेष्ठ स्थानमा उभिन सफल भएका छौं।' उच्च भौतिक संरचना तथा उत्कृट सिकाइलाई यो कलेजले पछ्याएको छ। कलेजले स्नातक तहमा बीबीएस तथा बीए रुरल डेभलपमेन्टलगायतका कक्षा सञ्चालन गरेको छ। कलेज अहिले बल्खुमा सरेको छ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	३००	१७००
व्यवस्थापन	२००	१३००
मानविकी	१००	११००

कोलम्बस कलेज, नयाँ बानेश्वर

नयाँ बानेश्वरस्थित यो कलेज वि.सं. २०५६ सालमा स्थापना भएको हो। प्लस टुमा तीनवटै संकायमा अध्यापन गराउँदै आएको कोलम्बस कलेजले विद्यार्थीमा भएको प्रतिभा उजागर गराउने दायित्व लिएको बताएको छ। कलेजका प्रिन्सिपल टंक आचार्यका अनुसार स्तरीय शिक्षाका लागि कलेजले प्रयोगशाला, पुस्तकालयजस्ता भौतिक सुविधामा सम्झौता गरेको छैन। अहिलेको समयमा बजारमा बिक्न सक्ने शैक्षिक जनशक्ति उत्पादन गर्नु कोलम्बसको मूल उद्देश्य भएको प्रिन्सिपल आचार्य बताउँछन्।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	१२०	१९००
व्यवस्थापन	१६०	१५००
मानविकी	४०	१३००

क्यापिटल कलेज, बालकुमारी

एसएलसी परीक्षामा उत्कृष्ट नतिजा ल्याएका विद्यार्थीहरूको पहिलो रोजाइ बन्न सफल क्यापिटल कलेज प्लस टु शिक्षाको नमुना कलेजका रूपमा स्थापना हुने क्रममा छ। कलेजका प्रिन्सिपल हरि लामिछानेका अनुसार कलेजले मनोवैज्ञानिक ढंगले सकारात्मक सोचका साथ पूर्ण स्वच्छ शैक्षिक वातावरणमा अध्यापन गराउँदै आएको छ। कलेजको मुख्य विशेषता परीक्षा परिणाम भएको लामिछाने बताउँछन्। कलेजमा स्नातक तहमा पनि अध्यापन हुने गरेको छ।

संकाय	भर्नासंख्या	वार्षिक शुल्क
विज्ञान	५००	४९०००
व्यवस्थापन	२००	३२०००
मानविकी	४०	३२०००

प्राइम कलेज, नयाँ बजार

सन् २००१ मा स्थापना भएको प्राइम कलेजले प्लस टुका अतिरिक्त त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीबीए, बीआईएम तथा बीबीएसका कक्षा पनि सञ्चालन गर्दै आएको छ। शैक्षिक परिणामका दृष्टिकोणले उपत्यकाका दस कलेजभित्र पर्न सफल यो कलेजले औसत शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरेको छ। कलेजका प्रिन्सिपल नरेशप्रसाद श्रेष्ठले भने- अध्ययन तथा क्यारियर विकासका लागि कलेजले प्रत्येक विद्यार्थीलाई गाइड गर्दै आएको छ। भौतिक पूर्वाधार उत्कृष्ट रहेको यो कलेजको प्राध्यापन समूह पनि दक्ष तथा अनुभवी रहेको प्रिन्सिपल श्रेष्ठले बताए।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	८०	१९५०
व्यवस्थापन	२४०	१५००

किस्ट कलेज, कमलपोखरी

किस्ट कलेजको स्थापना २०५२ मा भएको हो। यो कलेज काठमाडौंको कमलपोखरीमा छ। विद्यालयकै जस्तो वातावरण यो कलेजमा पाइन्छ। सुविधासम्पन्न प्रयोगशाला, एयर कन्डिसनयुक्त कक्षाकोठा नै यो कलेजको प्रमुख विशेषता हो। मनोविज्ञानमा आधारित शिक्षण विधिका साथै क्यारियरसम्बन्धी समय-समयमा सेमिनारको आयोजना पनि यो कलेजमा गरिने जानकारी प्रिन्सिपल कृष्णचन्द्र पौडेलले दिए। ब्याचलरसम्म अध्यापन हुँदै आएको यो कलेजले यसै वर्षदेखि मास्टर्स लेवलका कक्षाहरू पनि सञ्चालन गर्दैछ। यो वर्षदेखि विद्यार्थीहरूको शैक्षिक अवस्थाका बारेमा नियमित परीक्षण गरिनुका साथै त्यसको जानकारी अभिभावकलाई दिई आवश्यक सुधारका लागि प्रयास गर्ने कार्यक्रम पनि कलेजले बनाएको छ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	२००	२०००
व्यवस्थापन	३००	१२००

एसएम कलेज, डिल्लीबजार

विस २०५७ सालमा स्थापना भएको एस एम कलेजले प्लस टु का अतिरिक्त पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा स्नातक तथा स्नातकोत्तरका कक्षा सञ्चालन गरेको छ। विद्यार्थी रूचीका विषयलाइ समेटेको यो कलेजले एउटा कलेजमा बढिमा ४५ विद्यार्थी, विद्यार्थी केन्द्रित अन्तरक्रियात्मक पठनपाठन, परामर्श तथा व्यक्तिगत रेखदेख जस्ता कुरालाइ महत्व दिएको छ। कलेजका प्रिन्सिपल खगेन्द्र प्रसाइ भन्छन्- 'शिक्षा मानविय व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार एवं आधारभुत स्वतन्त्रताको सुदृढीकरणमा निर्दिष्ट हुनुपर्छ भन्ने संयुक्त राष्ट्रसंघको सिद्धान्तलाइ हामीले अवलम्बन गरेका छौं।' यो कलेज नियमित रूपमा आन्तरिक परीक्षा सञ्चालन गर्छ। उच्च भौतिक पूर्वाधार, अतिरिक्त क्रियाकलापमा अगाडी लगायतका कुरा कलेजका विशेषता हुन्। कलेजले विद्यार्थीको अवस्था हेरी छात्रवृत्तिको समेत व्यवस्था गरेको छ।

संकाय	भर्ना संख्या	मासिक शुल्क
विज्ञान	१८०	१५००
व्यवस्थापन	१३५	१०००
मानविकी	९०	८००

ब्लू बर्ड कलेज (बीबीसी), कुमारीपाटी

वि.सं. २०६१ मा स्थापना भएको ब्लू-बर्ड कलेज कुमारीपाटीले प्लस टुअन्तर्गत विद्यार्थी आकर्षणका विषयहरू आमसञ्चार तथा पत्रकारिता, होटल म्यानेजमेन्ट, कम्प्युटर साइन्स, सोसियोलोजीमा अध्यापन गराउँदै आएको छ। 'शैक्षिक स्तरीयतामा विशेष ध्यान दिँदै आएका छौं।' कलेजका प्रिन्सिपल गोकुल खड्का भन्छन- 'आवश्यक भौतिक सुविधामा कलेजले सम्झौता गरेको छैन। यहाँको प्रयोगशाला काठमाडौंकै उत्कृष्टमध्ये एक हो।' मध्यमवर्गलाई लक्षित गरेर स्थापना भएको यो कलेज सामुदायिक अवधारणामा सञ्चालन भैरहेको खड्का बताउँछन्। शतप्रतिशत विद्यार्थीलाई परीक्षामा उत्तीर्ण गराउन सफल यो कलेजको शिक्षण समूह उत्कृष्ट रहेको उनले जिकिर गरे। कलेजले सहिद परिवारका एक सदस्यलाई निःशुल्क शिक्षा प्रदान गरिरहेको छ।

संकाय	भर्नासंख्या	मासिक शुल्क
विज्ञान	१३५	१९५०
व्यवस्थापन	१७०	१४५०
मानविकी	२५	१४५०

नारीको नयाँ अंक बजारमा आउँदैछ

काठमाडौं मोडल कलेज, बागबजार

शैक्षिक परिणामका दृष्टिकोणले काठमाडौं मोडल कलेज मुलुककै प्लस टु कलेजहरूमध्ये उत्कृष्ट दसमा पर्न सफल कलेज हो । साप्ताहिकको यस पटकको उत्कृष्ट प्लस टु र्‍याङकिङमा तेस्रो स्थानमा परेको यो कलेजमा दक्ष तथा अनुभवी प्राध्यापकहरूको समूहले अध्यापन गर्छन् । वि.सं. २०५७ सालमा स्थापना भएको यो कलेजले प्लस टुका अतिरिक्त त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीबीएस, बीबीए, एमबीए, एमबीएस अध्यापन गराउँदै आएको छ । त्यसबाहेक प्राविधिक स्तरका विषयमा पनि यो कलेजले अध्यापन गराउँदै आएको छ । मध्यमवर्गीय परिवारलाई लक्षित गरेर स्थापना गरिएको यो कलेजले निम्नमध्यम तथा निम्न वर्गका विद्यार्थीलाई सहुलियत प्रदान गरेको यसका प्रिन्सिपल मनोज थापा बताउँछन् । कलेजले अनुशासित वातावरणमा हरेक विद्यार्थीका समस्या निराकरण गर्ने थापाले जिकिर गरे ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	२८०	१८५०
व्यवस्थापन	१८०	१२००
मानविकी	४०	१०००

आइन्स्टाइन एकेडेमी, महालक्ष्मीस्थान

‘उत्कृष्टता नै हाम्रो लक्ष्य हो’ भन्ने नारा तय गरेको आइन्स्टाइन एकेडेमीले व्यावहारिक रूपमा पनि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । ‘सुलभ मूल्यमा स्तरीय शिक्षा प्रदान गर्दै आएका छौं,’ कलेजका प्रमुख कार्यकारी निर्देशक केआर राई भन्छन्- ‘त्यसैले होला, हाम्रो शैक्षिक परिणाम दर पनि उच्च छ ।’ उत्कृष्ट प्रयोगशाला, पुस्तकालय तथा परियोजनात्मक अध्ययनलगायत भौतिक एवं शैक्षिक क्षेत्रमा कलेजले महत्त्व दिएको छ । वि.सं. २०५८ सालमा स्थापना भएको यो कलेजले जेहेन्दार तथा गरिब विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिसमेत उपलब्ध गराउँछ । अध्ययन-अध्यापनबाहेक अतिरिक्त क्रियाकलापमा पनि कलेज राजधानीका थोरै कलेजहरूको सूचीमा पर्छ । दक्ष तथा अनुभवी शिक्षकहरूद्वारा अध्यापन गराइने यो कलेजले मध्यमवर्गीय परिवारलाई लक्षित गरेर औसत शुल्क निर्धारण गरेको छ ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	१२०	१७००
व्यवस्थापन	१६०	१४००
मानविकी	५०	१४००

कलेज अफ बिजनेस म्यानेजमेन्ट, डिल्लीबजार

व्यवस्थापन संकायमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य राखेको कलेज अफ बिजनेस म्यानेजमेन्टले उक्त संकायमा अध्यापन गराउँदै आएको छ । लामो समय प्राध्यापन पेसामा सक्रिय दक्ष प्राध्यापकहरू आफैंले सञ्चालन गरेको हुनाले पनि कलेजको शैक्षिक परिणाम उत्कृष्ट रहेको प्रिन्सिपल रामहरि सिलवाल बताउँछन् । सिलवाल भन्छन्- ‘प्राध्यापकहरू आफैंले स्थापना गरेको भएकाले सबै पूर्ण रूपमा कलेजमा कार्यरत हुनुहुन्छ । हामी हरेक विद्यार्थीको शैक्षिक स्तर विकासमा ध्यान दिन्छौं । यो कलेजको शुल्क पनि तुलनात्मक रूपमा न्यून छ । स्तरीय शिक्षाका लागि कलेजले सीमित विद्यार्थी लिने गरेको छ ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
व्यवस्थापन	१०५	८२५

एभरेस्ट कलेज अफ मल्टिपल स्टडिज, ठमेल

वि.सं. २०५६ सालमा स्थापना भएको एभरेस्ट कलेज अफ मल्टिपल स्टडिज गल्कोपाखाले प्लस टुमा सीमित विद्यार्थी लिएर उत्कृष्ट शिक्षा प्रदान गर्ने नीति लिएको छ । ‘भौतिक संरचनाले भ्याउनेसम्म मात्र भर्ना लिन्छौं,’ कलेज संयोजक गोकर्ण सिटौलाले बताए । कलेजले ९० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै आएको सिटौलाको जिकिर थियो । सम्बन्धित विषयका दक्ष तथा अनुभवी शिक्षक, अनुशासित वातावरण, नियमित अध्ययन-अध्यापन, आन्तरिक परीक्षा, न्यून शुल्क आदि यो कलेजका विशेषता हुन् । कलेजले यो वर्ष प्रथम श्रेणी र विशिष्ट श्रेणीमा ल्याए बराबरको प्रतिशत बराबरकै छुट दिने स्किम ल्याएको छ ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	६०	१२००
व्यवस्थापन	९०	१०००
मानविकी	३०	९००

ब्रुकफिल्ड इन्टरनेसनल कलेज, सिनामंगल

वि.सं. २०५७ सालमा स्थापना भएको ब्रुकफिल्ड इन्टरनेसनल कलेजले प्लस टुका तीनवटै संकायमा अध्यापन गराउँदै आएको छ । विद्यार्थीको चाहनालाई मध्यनजर गरेर व्यावहारिक शैलीका विभिन्न नयाँ विषयलाई यो कलेजले समेटेको छ । विद्यार्थीलाई शैक्षिक भ्रमण, अवलोकन भ्रमण, परियोजनात्मक कार्यमा सहभागी गराउँदै आएको यो कलेजमा छात्रावासको व्यवस्था पनि छ । उत्कृष्ट शैक्षिक परिणाम ल्याउन सफल यहाँका दर्जनौं विद्यार्थीले पूर्ण छात्रवृत्तिमा मेडिकल तथा इन्जिनियरिङमा अध्ययन गरिरहेका छन् । त्यस्तै यहाँका उत्पादनले विदेशमा पनि पर्याप्त अवसर पाएका छन् । सैद्धान्तिकभन्दा प्रयोगात्मक अध्ययनलाई कलेजले महत्त्व दिएको छ ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	२००	१७५०
व्यवस्थापन	३००	१२५०
मानविकी	१००	१०५०

ओरियन्ट कलेज, महाराजगन्ज

सन् २००३ मा स्थापना भएको ओरियन्ट कलेजले प्लस टु तथा ए लेभलका पाठ्यक्रममा अध्यापन गराउँदै आएको छ । प्लस टुमा ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, आमसञ्चार तथा पत्रकारिताजस्ता व्यावसायिक विषयमा उत्कृष्ट शैक्षिक परिणाम ल्याउन सफल यो कलेजले स्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य लिएको छ । त्यस्तै ए लेभलमा पनि यो कलेजका विद्यार्थीले सर्वोत्कृष्टता सावित गरिसकेका छन् । ‘उच्च शैक्षिक वातावरण, विज्ञान-कम्प्युटर प्रयोगशाला, निःशुल्क इन्टरनेट, खेलकुद मैदानलगायत सबै पक्षमा कलेज अगाडि छ,’ कलेजका निर्देशक एलपी शर्माले भने- ‘ब्रिटिस काउन्सिलको सहयोगमा इ-लाइब्रेरी पनि सञ्चालन गरिएको छ ।’

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	८०	१८००
व्यवस्थापन	२००	११००
मानविकी	४०	११००

ललितपुर कलेज, कुपन्डोल

सन् १९९५ मा स्थापना भएको यो कलेजले गुणस्तरीय, वैज्ञानिक एवं व्यावहारिक शिक्षालाई मूल मन्त्र बनाएको छ । प्लस टुमा तीनवटै संकायमा अध्यापन गराउँदै आएको यो कलेजले पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा स्नातक तह (बीबीए, बीए र बीबीएस) का कक्षा सञ्चालन गरिआएको छ । उच्च शिक्षा प्राप्त गर्ने अधिकारबाट कुनै पनि विद्यार्थी वञ्चित नहुन् भनी गरिब, जेहेन्दार, दुर्गम भेग, द्वन्द्वपीडित र जनआन्दोलनका सहिदका परिवारका सदस्यलाई कलेजले विशेष छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	१६०	१५००
व्यवस्थापन	३२०	१२००
मानविकी	८०	१२००

सीपीएस उ.मा. वि., कुमारीपाटी

चार वर्ष अघि कुमारीपाटीमा स्थापित सीपिएस उच्च माध्यमिक विद्यालयमा तीनवटै संकायमा अध्यापन गराइन्छ । सीपीएस कलेजको मुख्य विशेषता सर्वसुलभ शुल्कमा गुणस्तरीय एवं व्यावहारिक शिक्षा दिलाउनु हो । विज्ञान संकायका लागि कलेजले उच्च प्रयोगशाला र ख्यातिप्राप्त शिक्षकहरूको संयोग मिलाएको छ । कलेजले आकर्षक विषयहरूलाई समेट्ने प्रयास गरेको बताएको छ । कलेजले प्रोजेक्टरको सहायताले अध्यापन गराउँदै आएको छ । यसबाहेक कलेजमा उच्चस्तरीय ल्याब, लाइब्रेरी तथा यातायातका सुविधाहरू उपलब्ध छन् ।

संकाय	**भर्नासंख्या**	**मासिक शुल्क**
विज्ञान	१२०	१५००
व्यवस्थापन	१२०	१२००
मानविकी	६०	१२००

इलाममा कराँते

इलामको मंगलबारेमा सम्पन्न जिल्लास्तरीय सितेरिया कराँते प्रतियोगीताको उपाधि इलामकै कुटीडाडा डोजोले जितेको छ। २० किलोग्रामदेखि ८० किलोग्रामसम्मका विभिन्न तौलसमूहका ३ सय प्रतिस्पर्धीले प्रतियोगितामा भाग लिएका थिए। प्रतियोगितामा इलामको जसवीरे, कन्याम, मंगलबारे, फिक्कल, कुटीडाँडा लगायत पाँचथर तथा दार्जिलिङका विभिन्न समूहले भाग लिएका थिए।

स्थानीय मंगलबारे डोजोले आयोजना गरेको उक्त प्रतियोगीतामा ओको, काता, किक बक्सिङ आदि खेलमा प्रतियोगीले प्रतिस्पर्धा गरेका थिए। राष्ट्रिय स्तरका खेलाडीहरूसमेत प्रतियोगितामा सहभागी थिए। प्रतियोगीतामा विजयी खेलाडी एवं समूहलाई प्रशिक्षक योगेश चाम्लिङले पुरस्कार एवं प्रमाणपत्र वितरण गरेका थिए।

–शिव मुखिया

महिला दौडमा सपना प्रथम

साप्ताहिक समाचार

धरान- धरानमा शनिबार सम्पन्न महिला दौडमा धरान- १३ की सपना बुढाथोकीले प्रथम स्थान हासिल गरिन्। नेपाल कम्युनिस्ट पार्टी एमालेको अतिरिक्त क्रियाकलाप विभागले आयोजना गरेको ४ दशमलव ३ किलोमिटर दौड तेक्वान्दो खेलाडी सपनाले १९ मिनेट ४७ दशमलव ९२ सेकेन्डको समयमा पूरा गरेकी थिइन्। सपनाले भन्दा ७ दशमलव ६८ सेकेन्ड ढिलो दौड पूरा गर्दै उसु खेलाडी सुषमा राई दोस्रो स्थानमा रहिन्। यसैगरी १९ मिनेट ५८ दशमलव ९० सेकेन्डमा दौड पूरा गरेकी प्रेमकुमारी लिम्बूले तेस्रो स्थान हासिल गरिन्। महिला दौडमा पूर्वाञ्चलका विभिन्न जिल्लाका १ सय ४० जना युवती सहभागी थिए। प्रतिस्पर्धामा बेलायती सेनामा भर्तीको तयारीमा रहेका युवतीहरूको बाहुल्यता थियो।

बूढासुब्बा गोल्डकपमा 3 लाख नाफा

साप्ताहिक समाचार

धरान- वि.सं.२०५५ सालदेखि धरान फुटबल क्लबले बूढासुब्बा टुबोर्ग गोल्डकप फुटबल प्रतियोगिताको नवौं संस्करणबाट करिब ३ लाख रुपैयाँ नाफा आर्जन गरेको छ। पहिलोपल्ट लेखा परीक्षण गरी शनिबार सार्वजनिक गरिएको हिसाबकिताबमा गोल्डकपको नवौं संस्करणबाट २ लाख ९९ हजार ७ सय रुपैयाँ नाफा भएको आयोजक क्लबले जनाएको छ।

यसअघि देशकै प्रतिष्ठित नकआउट प्रतियोगिता आयोजनाबाट सधैं घाटा बेहोर्नुपरेको धरान फुटबल क्लबले बताउने गरेको थियो। बूढासुब्बा गोल्डकप नाफामा गएको यो पहिलो अवसर हो तर विगतका संस्करणहरूको ऋण तिर्न यो नाफा रकमले नपुग्ने धरान फुटबल क्लबका अध्यक्ष सुवास राईले बताए। गत फागुन २९ देखि चैत १० गतेसम्म धरान रंगाशालामा सम्पन्न नवौं बूढासुब्बा टुबोर्ग गोल्डकपमा कुल २० लाख ६९ हजार ५ सय १६ रुपैयाँ आम्दानी भएको क्लबले जनाएको छ।

गोल्डकप आयोजनाको समयमा भएको तराई बन्द, हड्तालजस्ता अवरोधले अपेक्षाकृत नाफा आर्जन गर्न नसकेको अध्यक्ष राईले बताए। क्लबले सबैभन्दा बढी टिकट बिक्रीबाट ९ लाख ६४ हजार ३० रुपैयाँ आम्दानी गरेको छ भने प्रायोजक गोर्खा ब्रुअरीबाट ४ लाख ३५ हजार रुपैयाँ हात पारेको थियो। अन्य रकम विभिन्न स्थानीय संघ-संस्था, व्यक्ति तथा हङकङ र बेलायतमा रहेका धराने एवं फुटबल प्रेमीहरूबाट सहयोगस्वरूप प्राप्त भएको थियो।

फुटवलमा इनपा-७ को जित

इलाम– इलाम नगरपालिका वडास्तरीय फुटबल प्रतियोगितामा वडा नम्बर ७ धोबीधारा विजयी भएको छ। २५ गते सोमबार सम्पन्न अन्तिम खेलमा इनपा-७ धोविधाराले इनपा-२ लाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेको थियो। इलाम नगरपालिकाको आठवटा टिमले भाग लिएको उक्त खेलमा प्रथम हुने टिमले प्रथम पुरस्कारस्वरूप नगद १५ हजार प्रप्त गरेको छ। यसैगरी दोस्रो हुने इनपा-२ ले ७ हजार प्राप्त गरेको छ। प्रतियोगिताका उत्कृष्ट खेलाडी इनपा-२ का पुष्कर दाहाल घोषित भए। इलामको ठूलो टुँडिखेलमा सम्पन्न उक्त प्रतियोगिता असार १७ गते सुरु भएको थियो।

जिल्लास्तरीय भलिबल

धनकुटा- जिल्ला शिक्षा कार्यालय, धनकुटाको आयोजनामा माध्यामिक विद्यालयस्तरीय छात्र-छात्रा भलिवल प्रतियोगिता सम्पन्न भएको छ। धनकुटाको टुँडिखेलमा दुई दिनसम्म सञ्चालन गरिएको उक्त प्रतियोगिताको छात्रातर्फको खेलमा पञ्चकृष्ण मा.वि. खोकु प्रथम, आदर्श मा.वि. छिन्ताङ द्वितीय र पुण्य मा.वि. राजारानी तृतीय भएका थिए। छात्रतर्फको खेलमा छिन्ताङ मा.वि. धनकुटा प्रथम, आदर्श मा.वि. द्वितीय तथा कुरुले तेनुपा मा.वि. तृतीय भएका थिए। प्रतियोगितामा छात्रातर्फ आदर्श मा.वि.की कमला राई उत्कृष्ट खेलाडी घोषित भइन् भने छात्रतर्फ छिन्ताङ मा.वि.का राकेश राई उत्कृष्ट खेलाडी घोषित भए।

–भिषा काफ्ले

स्नुकरको उपाधि मनीषलाई

विराटनगर- पूर्वाञ्चलस्तरीय स्नुकर प्रतियोगिताको उपाधि धरानका मनीष तामाङले जितेका छन्। गत सोमबार विराटनगरमा सम्पन्न फाइनलमा धरानकै मनीष गुरुङलाई बेस्ट अफ फाइभमा २-३ फ्रेमको अन्तरले हराउँदै तामाङले उपाधि जितेका हुन्। युपिज क्लबको आयोजनामा सम्पन्न प्रतियोगितामा विराटनगरका अतुल गोयल तेस्रो र विराटनगरकै अशोक भगतले हाइएस्ट ब्रेकको उपाधि जितेका थिए। प्रथम, द्वितीय र हाइएस्ट ब्रेकरलाई क्रमशः पाँच, तीन र एक हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो। प्रतियोगितामा विराटनगर, धरान, हिले, उर्लाबारी तथा भारतको कलकत्ताका ६४ जना खेलाडीले भाग लिएका थिए। तीन दिनसम्म चलेको प्रतियोगितामा कलकत्ताका प्रदीप वर्मा मुख्य आकर्षण भए पनि उनले उत्कृष्ट खेल प्रदर्शन गर्न सकेनन्।

विराटनगरमा शारीरिक सुगठन

विराटनगर- बडी बिल्डिङ एसोसिएसन नेपाल, विराटनगरले भोलि असार ३० गते शनिबार विराटनगरमा शारीरिक सुगठन प्रदर्शन गर्दै 'मिस्टर विराटनगर २०६४' प्रतियोगिता आयोजना गर्ने भएको छ। प्रतियोगितामा विराटनगर उपमहानगरपालिकाभित्र सञ्चालित विभिन्न जिम क्लबका ४० जना खेलाडी सहभागी हुनेछन्। ५५, ६०, ६५ तथा ७० किलोग्राम तौल समूहमा हुने छुट्टाछुट्टै पूर्व प्रतिस्पर्धाबाट छानिएका खेलाडीहरूलाई अन्तिम चरणको प्रतिस्पर्धामा उतारिनेछ। आयोजक एसोसिएसनका अध्यक्ष सुरेश भट्टराईले प्रतियोगिलाई पाँचवटा विधामा पुरस्कृत गरिने बताए। मिस्टर विराटनगर, फस्ट रनरअप, सेकेन्ड रनरअप, मस्ट मस्कुलर एवं बेस्ट पोजर गरी पाँचवटा विधामा प्रतियोगीलाई पुरस्कार प्रदान गरिनेछ।

–कमल रिमाल

सहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता

हेटौंडामा पहिलो पटक गत सोमबारदेखि जनआन्दोलन–२ का सहिदहरूको सम्मानमा सहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता सुरु भएको छ। सोमबारको उद्घाटन खेलमा आयोजक टिम हेटौडा–११ लाई रूपन्देही–११ ले २-१ गोलले पराजित गरेको थियो। सहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव जीवनराम श्रेष्ठले गरेका थिए। उक्त प्रतियोगितामा 'ए' डिभिजन स्तरका एक दर्जन टिमले भाग लिएका छन्। खेल सुरु हुनुअघि लोकतान्त्रिक आन्दोलनका सहिद वासुदेव घिमिरेका बाबु-आमालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो। १५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको उक्त प्रतियोगिताको फाइनल साउन ५ गते हुने कुरा आयोजकहरूले बताएका छन।

–प्रताप विष्ट

द ओरियर्स विजयी

हेटौंडा– मकवानपुर जिल्ला बास्केटबल क्लबको आयोजनामा पहिलो पटक सम्पन्न जिल्लास्तरीय बास्केटबल प्रतियागिताको उपाधि द ओरियर्स क्लबले जितेको छ।

गत शनिबार हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एन्ड सोसियल साइन्सेसको खेलमैदानमा सम्पन्न प्रतियोगितामा ट्र्यांगल क्लबलाई ३८-१२ ले पराजित गर्दै द ओरियर्स क्लबले उपाधि हात पारेको हो। प्रतियोगितामा नवप्रतिभाशाली खेलाडी युनाइटेड क्लबका सौख मानन्धर, महत्त्वपूर्ण खेलाडी द ओरियर्सका अशेष थापा, उत्कृष्ट खेलाडी युनाइटेडका नीराजन श्रेष्ठ तथा टप स्कोरर आरियर्सका प्रवेशराज भण्डारी घोषित भएका थिए। प्रतियोगितामा जिल्लाका १० वटा क्लबको सहभागिता थियो।

–रूपेश दुलाल

मेलिनाको गुपचुप विवाह !

साप्ताहिक समाचार

काठमाडौं- चलचित्र नायिका मेलिना मानन्धर अब मेलिना ढकाल भएकी छिन्। वेबसाइट नेटनशा डटकमले जनाएअनुसार यसै साता जापानमा बसोबास गर्दै आएका युवक मुकेश ढकालले मेलिनालाई आफ्नी दुलही बनाए। यसै साता ललितपुरको बुङ्मतीस्थित कार्यविनायक मन्दिरमा मेलिनाले हिन्दू संस्कारबमोजिम मुकेशलाई आफ्नो जीवनसाथी स्वीकार गरिन्। परिवारका सदस्यहरूको मात्र उपस्थितिमा सम्पन्न उक्त विवाहमा मुकेशका पनि नजिकका केही नातेदार मात्र उपस्थित थिए। काठमाडौंको चाबहिल निवासी मुकेश विगत केही वर्षदेखि जापानमै बस्दै आएका छन्।

विवाह कार्यक्रममा ढकालका जापानस्थित बाबुआमा पनि उपस्थित थिएनन्। यद्यपि उनका हजुरआमा र अन्य केही नातेदार भने त्यहाँ देखिन्थे। सम्भवतः आज शुक्रबार मेलिनालाई लिएर जापान उड्ने कार्यक्रम बनाएका मुकेश आफ्ना बाबुआमालाई 'सरप्राइज' दिन चाहन्छन्। यसबीच मेलिनाका नजिकका साथी चलचित्र निर्देशक महेन्द्र बूढाथोकीले पनि यसै साता मागी विवाह गरेका छन्। उनको विवाह विराटनगरमा सम्पन्न भएको थियो।

प्रशान्तलाई जिताउन प्रचार-प्रसार तीव्र

दार्जीलिङ– इन्डियन आइडलमा प्रतिस्पर्धा गरिरहेका नेपाली युवा प्रशान्त तामाङलाई जिताउन दार्जीलिङ, सिक्किम अतिरिक्त अन्य ठाउँमा प्रचार-प्रसारलाई अरू बढी तीव्र बनाइएको छ। प्रशान्तलाई इन्डियन आइडल बनाउने कामनाका साथ उनको पक्षमा भोट माग्न पश्चिम बंगाल र सिक्किम बाहिरको क्षेत्रमा पनि विभिन्न समूह परिचालित भएका छन्।

प्रशान्तलाई जिताउन भोट माग्ने काम दार्जीलिङ र सिक्किममा मात्र सीमित नहोस् भनेर अन्य क्षेत्रमा पनि प्रचार-प्रसार सुरु गरिएको दार्जीलिङ सहरका पार्षद तेन्जिङ खाम्पाछेले बताए। त्यसैगरी दार्जीलिङबाट प्रकाशित नेपाली दैनिक हिमालय दर्पणले प्रचार-प्रसारकै लागि आफ्ना प्रतिनिधिलाई मुम्बई पठाएको छ। 'मुम्बईमा करिब पाँच लाख नेपाली बसोबास गरिरहेका छन्,' हिमालय दर्पणका कार्यकारी सम्पादक विमल राई भन्छन्– 'तिनै नेपालीहरूमाझ प्रचार-प्रसार गर्न हामीले ज्ञानेन्द्र अर्याललाई खटाएका छौं।' अर्याल अहिले मुम्बईमा विभिन्न व्यक्ति एवं नेपालीहरूका संघ-संस्थामार्फत प्रचार-प्रसारको कार्यक्रममा व्यस्त छन्।

भारतीय गोर्खा परिसंघले भारतका २२ राज्यमा रहेका शाखा तथा क्षेत्रीय समितिहरूमार्फत प्रचार-प्रसार सुरु गरेको छ। परिसंघले शनिबार एक विज्ञप्ति प्रकाशित गरी नेपालीकै मर्यादा र गौरवलाई शिखरमा पुऱ्याउन संघर्ष गरिरहेका प्रशान्तलाई होस्टेमा हैसे गर्नु कर्तव्य भएको जनाएको छ। भारतीय प्रहरीमा कार्यरत प्रशान्तको पक्षमा भोट खसाल्न भारतीय प्रहरी पनि लागिपरेको छ। उनलाई भारतीय सेनाको पनि साथ मिलेको छ।

त्यसो त पश्चिम बंगाल र सिक्किममा पनि प्रचार-प्रसारलाई अझ तीव्र बनाइएको छ। प्रशान्तलाई इन्डियन आइडलका रूपमा देख्न चाहनेहरू दिनहुँ ऱ्याली र सभामा व्यस्त देखिन्छन्। सडकदेखि होटल, संघ-सस्था, सार्वजनिक स्थल जतातत्तै प्रशान्तकै व्यानर र पोस्टरले ढाकिएको छ। प्रशान्तको तस्बिर अंकित टीसर्ट र टोपी लगाएर हिँडिरहेका तन्नेरीहरूको बाक्लै हूल देखिन्छ यहाँ।

पश्चिम बंगाल र सिक्किममा इन्डियन आइडलको कार्यक्रम भैरहेको अवस्थामा विद्युत् र केवल लाइन अवरुद्ध हुन नदिन सम्बन्धित कार्यालयहरूले विशेष सतर्कता अपनाएका छन्। केही साताअघि मोबाइल सेवामा समस्या हुँदा स्थानीय वासिन्दाहरूले रिलायन्स कम्पनीको कार्यालयमा तोडफोड गरेपछि अहिले मोबाइल कम्पनीहरूले पनि विशेष सतर्कता अपनाएका छन्। त्यसो त स्थानीय वासिन्दाहरूको दबाबकै कारण अहिले यो क्षेत्रको मोबाइल सेवा प्रभावकारी भएको छ। 'यसअघि कहिल्यै पनि यति छिटो एसएमएस आदान प्रदान भएको थिएन,' दार्जीलिङस्थित सूचना तथा संस्कृति विभागका निर्देशक एवं संगीतकार मणिकमल क्षेत्री बताउँछन्।

–शिव मुखिया

हेमराज ज्ञवालीद्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।